बागमती प्रदेश सभा

सार्वजनिक लेखा समिति

हेटौंडा, नेपाल

महालेखापरीक्षकको बार्षिक प्रतिवेदन उपर मा. सीता अधिकारी संयोजकत्वमा भएको गठित उपसमितिको प्रतिवेदन

विषयसूची

	पृष्ठ संख्या
परिच्छेद – १ परिचय	**१-३**
१.१ पृष्ठभूमि	१
१.२ अध्ययनको उद्देश्य	२
१.३ उपसमितिको कार्यक्षेत्र	२
१.४ अध्ययन विधि	३
परिच्छेद – २ महालेखापरीक्षकको प्रतिवेदन उपर भएको निर्णय २०७८	**४-६३**
२.१ प्रदेश सभा सचिवालय	४-६
२.२ भौतिक पूर्वाधार विकास मन्त्रालय	७-६३
परिच्छेद – ३ महालेखापरीक्षकको प्रतिवेदन उपर भएको निर्णय २०७९	**६४-९९**
३.१ प्रदेश सभा सचिवालय	६४-६५
३.२ भौतिक पूर्वाधार विकास मन्त्रालय	६६-९९
अनुसूचि-१ स्थलगत अनुगमनका तस्विरहरु	**१००**

परिच्छेद -१

परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १९३ बमोजिमप्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम सार्वजनिक लेखा समितिको गठन भएको छ।यस समितिको कार्यक्षेत्र अन्तर्गत महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी रहेको छ।नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था अनुसार महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको वार्षिक प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश हुने र सो प्रतिवेदन सार्वजनिक लेखा समितिमा छलफल हुने प्रक्रिया रहेको छ।

बागमती प्रदेशको महालेखापरीक्षकको तेस्रो वार्षिक प्रतिवेदन, २०७८ प्रदेश सभामा पेश भई सार्वजनिक लेखा समितिले ग्रहण गरी प्रतिवेदनमा उल्लेखित मन्त्रालय/निकायगत व्यहोरा उपरदफावार छलफल गर्न सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको सभापतित्वमा बसेको समितिको मिति २०७९ साल जेठ १७ गतेको ७३ औं बैठकले चार वटा उपसमितिहरु गठन गरी कार्यविभाजन मार्फत् समितिको कामलाई विशिष्टिकृत गरेर छलफल गर्ने, आवश्यक स्थानको स्थलगत अनुगमन गर्ने र बेरुजू फछ्र्यौट एवं समितिसमक्ष सिफारिस गर्ने अधिकारसहित जिम्मेवारी प्रदान गरेको थियो। महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन, २०७९ समेत सभामा पेश भई समितिले ग्रहण गरेकाले सोही उपसमितिहरुलाई नै जिम्मेवारी रहने गरी दुवै वार्षिक प्रतिवेदनहरुमाथि दफावार छलफल गर्नेगरी मिति २०७९/०४/०८ गतेको ७५ औं बैठकबाट निर्णय भएको थियो। यस उपसमितिमा महालेखापरीक्षकका प्रतिनिधिसहित उपसमितिको कार्यक्षेत्र भित्रका निकायसँग बैठक बसी प्रतिवेदन उपर छुट्टाछुट्टै छलफल गरी आवश्यक निर्देशन दिएको थियो।यसै क्रममा मिति २०७९ श्रावण २९ गते बसेको समितिको बैठकबाट उपसमितिको कार्यावधी २०७९ भाद्र मसान्त सम्म रहने निर्णय भएको थियो । ७३ औं बैठकले माननीय सीता अधिकारीको संयोजकत्वमा तपशिलको समिति गठन गरेको थियो ।

<u>तपशिल</u>

१. माननीय सीता अधिकारी - संयोजक
२. माननीय गणेश प्रसाद दुलाल - सदस्य
३. माननीय दीपक निरौला - सदस्य
४. माननीय देवकी श्रेष्ठ - सदस्य
५. माननीय रीता माझी - सदस्य

सोही क्रममा उपसमितिको मिति २०७९ साल जेठ २ गते पहिलो बैठक बसी सम्बन्धित निकायहरुलाई बेरुजू फछ्र्यौटको प्रगति विवरण माग गरेको थियो। विस्तृत विवरण माग गर्ने र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसहित उपसमितिले मन्त्रालय तथा आयोगसँग त्रीपक्षीय छलफल गर्दै आवश्यक स्थानको स्थलगत अनुगमन समेत गरेर निर्णयको प्रतिवेदन तयार गरी उपसमितिको चौधौं बैठकले उक्त प्रतिवेदन पारित गरेको हो।

१.२ अध्ययनको उद्देश्य

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९ अन्तर्गत प्रदेश मन्त्रालय, सचिवालय, आयोग र मातहतका निकायहरुको प्रतिवेदनमा उल्लिखित व्यहोरा उपर छलफल गरी बेरुजू फछ्र्यौट गर्ने तथा फछ्र्यौटको लागि समितिसमक्ष सिफारिस गर्ने। साथै महालेखापरीक्षकको कार्यालयले औंल्याएको बेरुजू सम्बन्धमा आवश्यक अध्ययन तथा छानविन गरी वास्तविक अवस्था पत्ता लगाई समिति समक्ष प्रतिवेदन पेश गर्ने। आगामी दिनमा प्रदेशको बेरुजूलाई नियन्त्रण एवं न्यूनीकरण गर्न सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउनुका साथै हुनसक्ने आर्थिक अनियमितता र दुरुपयोग नियन्त्रण गर्ने।

१.३ उपसमितिको कार्यक्षेत्र

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९ मा उल्लिखित मन्त्रालय र अन्य निकायको व्यहोरा उपर महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसहित सम्बन्धित् निकायहरुसँग त्रीपक्षीय छलफल गर्ने साथै आवश्यक स्थानको स्थलगत अनुगमन गरी बेरुजू फछ्र्यौट एव फछ्र्यौटको लागि समिति समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्ने।
- उपसमितिको कार्यक्षेत्र अन्तर्गत प्रदेश सभा सचिवालय र साविक भौतिक पूर्वाधार विकास मन्त्रालय रहेका थिए।

१.४ अध्ययन विधि

- प्रदेश सभा सचिवालय र साविक भौतिक पूर्वाधार विकास मन्त्रालयसँग बेरुजू फछ्र्यौटको प्रगति विवरण तथा प्रतिकृया माग गरी अध्ययन गरिएको।
- महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसहित सम्बन्धित मन्त्रालय र सचिवालयसँग त्रीपक्षीय छलफल गरिएको।
- स्थलगत अनुगमन गरिएको।

परिच्छेद २

२ महालेखापरीक्षकको प्रतिवेदन, २०७८ उपर भएका निर्णयहरु

२.१ प्रदेश सभा सचिवालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	कानुन तर्जुमाः संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापनका लागि २०७६।७७ सम्म १५८ ऐन २८ नियमावली, २ विनियमावली १० गठन आदेश २३ कार्यविधि, ५ निर्देशिका, १ मापदण्ड र ३ अध्यादेश प्रतिस्थापन कानुन समेत १३० कानुन तथा कार्यविधि निर्माण गरेको छ प्रदेशको संचालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधिको पहिचान गरी तर्जुमा गर्नुपर्दछ।	संघीय संरचनालाई मजबुत बनाउन प्रदेश संरचना सशक्त हुनुपर्दछ।प्रदेशको संचालन र व्यवस्थापनका लागि कावश्यक कानून र कार्यविधीको तर्जुमा गर्न निर्देशन दिने।
२	२	संसदीय समितिको निर्णय कार्यान्वयन नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार बागमती प्रदेश सभाले प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरेको छ यसरी गठन भएका समितिहरूले २०७४ ७५ देखि २०७६ ७७ को तीन वर्षको अवधिमा विभिन्न ५१९ निर्णयहरू गरेका छन् । समितिका निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरेको छैन समितिको निर्णय तथा	विषयगत समितिहरुबाट ठूलो संख्यामा निर्णय तथा निर्देशनहरु हुने तर सोको कार्यान्वयनको अवस्थाबारेको अनविज्ञताले समितिहरुको प्रभावकारिता र कार्यान्वयनको सुनिश्चितता माथि प्रश्न खडा गर्दछ तसर्थ हालसम्मका निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था बारे अनुगमन गरी पालना नभएका निर्णय/निर्देशन परिपालना गराउन निर्देशन दिने।

		निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ	
३	३	प्रदेश सरकार मन्त्रिपरिषद्को २०७६ ७।२९ को निर्णयले बागमती प्रदेश सभाका पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र २ संशोधन गरी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधामा २०७६।४।१ देखि लागू हुने गरी वृद्धि गरेको छ यस प्रकार भूतप्रभावी कानुन निर्माण गरी १०३ पदाधिकारीहरूलाई रु.३७ लाख ४८ हजार र सुविधा अन्तर्गत नियुक्त १०६ कर्मचारीहरूलाई रु.३८ लाख ३१ हजार समेत रु.७५ लाख ७९ हजार थप पारिश्रमिक भुक्तानी गरेको छ । भूतप्रभावी कानुन निर्माण गरी सुविधा थप गर्ने कार्य कानुनको सिद्धान्तबमोजिम मिल्ने देखिएन ।	तत्कालिन समयमा गरिएका यस प्रकारका निर्णय कानूनको सिद्धान्त बमोजिम नहुने भएकाले अब आइन्दा यस्ता क्रियाकलाप नदोहोऱ्याउन र कानून निर्माणमा समयमै ध्यान दिन निर्देशन दिने।
४	४	बागमती प्रदेश सरकारको २०७६ । ७७ को बजेट वक्तव्यमा प्रदेश सभा भवन निर्माण र मिडिया सेन्टर स्थापना (भवन निर्माण) गर्ने उल्लेख गरेको कार्यमा सो को प्रगति भएको छैन । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयबाट सभा भवन निर्माण कार्य अगाडि बढाएको र शहरी विकास तथा भवन कार्यालयबाट लागत अनुमान प्राप्त हुन नसकेकोले मिडिया सेन्टर स्थापना (भवन निर्माण) कार्य शुरु भएको छैन ।	प्रदेश सभा भवन हालसम्म समेत निर्माण सम्पन्न नभएकाले निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने, मिडिया सेन्टर निर्माणका आवश्यक पूर्वाधारका कार्य सम्पन्न भइसकेको जानकारी प्राप्त भएकाले सोको शीघ्र सञ्चालन गर्न निर्देशन दिने।

५	५	बागमती प्रदेश सरकारको २०७६ । ७७ को बजेट वक्तव्यमा प्रदेश सभा भवन निर्माण र मिडिया सेन्टर स्थापना (भवन निर्माण) गर्ने उल्लेख गरेको कार्यमा सो को प्रगति भएको छैन । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयबाट सभा भवन निर्माण कार्य अगाडि बढाएको र शहरी विकास तथा भवन कार्यालयबाट लागत अनुमान प्राप्त हुन नसकेकोले मिडिया सेन्टर स्थापना (भवन निर्माण) कार्य शुरु भएको छैन ।	शत प्रतिशत प्रगति हासिल गर्ने गरी योजना निर्माण र कार्यान्वयन गर्न निर्देशन दिने।
६	६	सचिवालय अन्तर्गत मर्यादापालक बाहेक ३६ दरबन्दी रहेकोमा एक सचिव, दुई उप सचिव संहित ७ दरबन्दी रिक्त रहेको देखिन्छ दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्य संचालन, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ	स्वीकृत दरबन्दी पदपूर्ति मार्फत कुशल कार्य सम्पादन आवश्यक रहेकाले शीघ्र दरबन्दी पदपूर्तिको लागि निर्देशन दिने।
बेरुजु स्थिति : लगती बेरुजुको सम्परीक्षण गरी अद्यावधिक विवरण पेश गर्ने ।			

२.२ भौतिक पूर्वाधार विकास मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१.	१	मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरूप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण (हाउस पुलिङ्ग) सम्बन्धी नीति,खानेपानी तथा सरसफाई सम्वन्धी प्रादेशिक नीति,खानेपानी तथा सरसफाई क्षेत्र विस्तारमा निजि क्षेत्रको सहभागिता प्रवर्द्धन नीति तथा मापदण्ड,यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एवं वातावरण मैत्री अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री यातायात प्रवर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्दछ ।	- मन्त्रालयको कार्य जिम्मेवारी अनुरुप नीति तथा कार्यक्रम बनाई सम्पूर्ण जिम्मेवारी कार्यान्वयन गर्न निर्देशन दिने।
२.	२	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको विगत तीन वर्षको संशोधित पूँजीगत बजेट र खर्चको अवस्था निम्नानुसार रहेको छ । मन्त्रालयको पूँजीगत खर्चको स्थिति विश्लेषण गर्दा २०७५।७६ मा स्वीकृत बजेटको ५४.०२ प्रतिशत मात्र खर्च भएकोमा २०७६।७७ मा केही वृद्धि भई ६६.३२ प्रतिशत पुगेको भएतापनि बजेटको तुलनामा खर्च न्यून नै देखिन्छ। आयोजना एवं कार्यालय प्रमुखसँग गर्नुपर्ने काम र समयसीमा सहितको	- पूंजिगत खर्च क्षमता वृद्धिका लागि निश्चित मापदण्डको योजना निर्माण, जनशक्ति व्यवस्थापन, सिमित संख्याको योजना निर्माण, क्षेत्रगत कार्यान्वयन मापदण्ड, कार्य सम्पादन सम्झौता, परिमाणात्मक लक्ष्य सहित कार्यान्वयन गर्न निर्देश दिने

<table>
<tr>
<td></td>
<td></td>
<td>कार्यसम्पादन सम्झौता एवं स्वीकृत बजेट अनुसारको कार्यक्रम संचालन गरी पूँजीगत खर्चमा दक्षता अभिवृद्धि गर्नुपर्दछ।
रकम रु हजारमा
<table>
<tr><th>आर्थिक वर्ष</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>२०७४।७५</td><td>१५०००</td><td>१४६८९</td><td>९७.९३</td></tr>
<tr><td>२०७५।७६</td><td>११८०२५५</td><td>६३७५४०६</td><td>५४.०२</td></tr>
<tr><td>२०७६।७७</td><td>१८१७५७६१</td><td>१२०५४५९०</td><td>६६.३२</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३.</td>
<td>३</td>
<td>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी खर्च गर्न नहुनेमा मन्त्रालयले यस वर्ष भैपरी चालु शीर्षकमा रु.१ अर्ब ९८ करोड अवण्डा राखीचालु अनुदानतर्फ रु.१ करोड ४७ लाख र स्थानीय तह हस्तान्तरण पूँजीगततर्फ रु.१ अर्ब ९४ करोड ५० लाखरकमान्तर गरी अख्तियारी दिएको छ। यस्तो कार्यमा सुधार गरी कानुनको व्यवस्था पालना गर्नुपर्दछ।</td>
<td>- अवण्डा बजेटले स्वविवेकीय आधारलाई प्रश्रय दिने र बजेट वितरणको मान्यता विपरित रहेकाले अवण्डा बजेट राखेर पछि बाँडफाँड गर्ने कार्यलाई निरुत्साहित गर्दै बजेट निर्माण चरणमा नै योजना निर्माण र बाँडफाँड गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>४.</td>
<td>४</td>
<td>आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू समावेश भएकोमा इलेक्ट्रिक मास ट्रान्जिट प्रणाली संचालन र विद्युतीय सवारी साधन संचालनमा प्रोत्साहन गर्ने, तामाकोशी खिम्ती कमला मरिन रिउ मगुई जस्ता नदीहरूको नदी व्यस्थापन तथा नियन्त्रण गर्न गुरुयोजना तयारी गर्ने, रुवी भ्याली गाउँपालिकाको एकीकृत विकास कार्यक्रम संचालन, स्थानीय तहसँग सहकार्य गरी दोलखा, सिन्धुपाल्चोक, मकवानपुर र सिन्धुलीमा एकीकृत बस्ती विकास कार्यक्रम संचालन गर्ने, सार्वजनिक निजी सहकारी साझेदारीमा</td>
<td>- बजेट र कार्यक्रमबीच तालमेल गराउन, वक्तव्यमा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वाधारहरुको निर्माण व्यवस्थापन र सञ्चालनका लागि निर्देशन दिने।</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>प्रदेश सार्वजनिक बस सेवा संचालन गर्ने, एकीकृत शहरी फोहरमैला व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने लगायतका कार्य कार्यान्वयन भएको छैन। बजेटमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।</td>
<td></td>
</tr>
<tr>
<td>५.</td>
<td>५</td>
<td>स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिक रूपमा गर्नुपर्ने कार्यसम्पन्न गरी खर्च गर्नुपर्नेमा मन्त्रालय र मातहत निकायको देहाय अनुसार कुल बजेट खर्चको ३३.१० प्रतिशत तेस्रो चौमासिकमा २४.४४ प्रतिशत असार महिनामा खर्च भएकोमा पूँजीगततर्फ क्रमशः ५७.१२ प्रतिशत र ४२.७७प्रतिशत रहेको छ : (रु. हजारमा)
<table>
<tr><th>विवरण</th><th>कुल खर्च</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>असार महिनाको खर्च</th></tr>
<tr><td>कुल खर्च</td><td>१२८२९०६१</td><td>६४२१७८</td><td>२९३३९४८</td><td>९२५२९३५</td><td>६८३२०८९</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>२.३०</td><td>१०.५०</td><td>३३.१०</td><td>२४.४४</td></tr>
<tr><td>पूँजीगत खर्च</td><td>१२०५४५९०</td><td>४३७२९९</td><td>२६६०४४६</td><td>८९५६८४५</td><td>६७०७१८७</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>२.७९</td><td>१६.९६</td><td>५७.१२</td><td>४२.७७</td></tr>
</table>
समयमै कार्यक्रम संचालन र ठेक्का व्यवस्थापन नहुने एवं सम्झौतामा तोकिएको अवधिभित्र कार्यसम्पन्न नहुने लगायतको कारण पूँजीगत खर्च तेस्रो चौमासिक र असार महिनामा बढी हुने गरेको छ। आर्थिक वर्षको अन्तिममा बढी खर्च हुँदा सम्पन्न कार्यको अनुगमनमा समय कम हुन गई निर्माण कार्यको</td>
<td>- खर्च योजना तयार गरी चौमासिक खर्च अनुपात मिल्ने गरी कार्यक्रम कार्यान्वयन गर्न र समानुपातिक खर्च प्रणाली अवलम्बन गर्न आवश्यक गृहकार्य गरी कार्य सञ्चालन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

		गुणस्तरमा असर पर्ने देखिन्छ। यस स्थितिमा सुधार गर्न मन्त्रालयले वार्षिक कार्ययोजना तयार गरी सबै चौमासिकमा समानुपातिक रूपमा कार्यसंचालन गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्दछ ।	
६.	६	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २१ उपनियम (३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । मन्त्रालय मातहत १५ कार्यालयले यो वर्ष रु.५ अर्ब ८९ करोड ५४ लाख ३१ हजारको खरिद सम्झौता गरेका छन् । सोमध्ये प्रथम चौमासिकमा रु.९९ करोड ९ लाख ६७ हजारको (१६.८ प्रतिशत), दोस्रो चौमासिकमा रु.१ अर्ब ८६ करोड ३३ लाख ७२ हजारको (३१.६ प्रतिशत) र तेस्रो चौमासिकमा रु.३ अर्ब ९ करोड ८५ लाख २९ हजारको (५२ प्रतिशत) खरिद सम्झौता भएको छ । कुल सम्झौतामध्ये रु.१ अर्ब १४ करोड ६३ लाख ५२ हजार (१९.४४ प्रतिशत) को मात्र यो वर्ष कार्य सम्पन्न भएको छ । समयमै खरिद सम्झौता गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।	- ठेक्का व्यवस्थापन योजनाको लागि वार्षिक कार्ययोजना तयार गरी व्यवस्थापकीय कार्य प्रथम चौमासिक अवधि भित्रै सम्पन्न गरी खरीद सम्झौता मार्फत समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने।
७.	७	नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ । मन्त्रालयले संचालन एवं सम्पन्न गरेका सडक, सिंचाई, खानेपानी एवं आवास लगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरे	- दिगो विकासका लक्ष्य हासिलका लागि प्रत्येक कार्यक्रममै परिमाणात्मक विवरण तोकि लक्ष्य हासिल गर्ने गरी स्पष्ट पार्न निर्देशन दिने। - लक्ष्यहरुलाई एकिकृत गरी आन्तरिकिकरण गर्न निर्देशन दिने।

		तापनि कार्यक्रमगत रूपमा दिगो विकासका लक्ष्यहरू उल्लेख गरी कार्यक्रम स्वीकृत गरेको देखिएन । मन्त्रालयले उक्त लक्ष्यहरूलाई ध्यान दिई परिमाणात्मक लक्ष्य सहित कार्यक्रममा समावेश गर्नुपर्दछ ।	
८.	८	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाईन लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गरी मन्त्रालयले आफ्नो र अन्तर्गत निकायमा संचालन हुने कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय अन्तरगत यसवर्ष रु.१४ अर्ब ५० करोड १४ लाख ४४ हजार बजेट भएका १ हजार ३४७ योजना कार्यान्वयन भएकोमा अधिकांश योजनाहरू विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाईन लागत अनुमान गरी कामको परिमाण र लाग्ने लागत एवं सम्पन्न हुने अवधि निश्चित गरेको छैन । तर्सथ स्वीकृत कार्यक्रमहरूमा साल बसालीरूपमा गर्ने कामको परिमाण र बजेटमात्र उल्लेख गरी कार्यान्वयनमा ल्याईएको छ । यसबाट योजनबद्ध तवरले कार्यक्रम कार्यान्वयन नहुने, कुनै वर्ष बजेट विनियोजन हुने कुनै वर्ष नहुने साथै बिना कुनै तयारी नयाँ योजना बजेटमा समावेश हुदाँ श्रोत साधनको अधिकत्तम उपयोग नहुने स्थिति देखिन्छ । पूर्वाधार निर्देशनालयको स्वीकृत कार्यक्रममध्ये विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यक्रम रहेको १० स्थानमा अन्य निकायबाट समेत सोही स्थानमा सोही कार्यक्रम समावेश	- विस्तृत योजना प्रतिवेदन तयार नभएका योजनामा बजेट विनियोजन नगर्न, क्षमताको स्वपहिचानबाट मात्र आयोजना छनौट गर्न, नीति योजना आयोग र प्रोजेक्ट बैंकको उपयोग गर्न निर्देशन दिने।

		भएकोले कार्यान्वयन नभएको, सिंचाई विकास डिभिजन मकवानपुरमा २ वटा सिंचाई योजना विस्तृत परियोजना प्रतिवेदन तयार बेगर बजेटमा समावेश भएकोले कार्यान्वयन नभएको,एक योजना दुइवटा कार्यक्रममा समावेश भएकोले एक कार्यक्रम कार्यान्वयन नभएको, पूर्वाधार विकास कार्यालय, रामेछापमा नियमको प्रक्रिया पुरा नगरी कार्यक्रममा समावेश गरेकोले ३ योजना कार्यान्वयन नभएको अवस्था छ । मन्त्रालयले कार्यक्रम स्वीकृत गर्दा उपयुक्त पक्षहरूमा पर्याप्त ध्यान दिएको देखिएन । यसमा सुधार गर्नुपर्दछ ।	
९.	९	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(२) मा प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा बहुवर्षिय आयोजना तोकी बजेट बिनियोजन गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले रु.१७ अर्ब ५ करोड ९ लाख ६५ हजार लागत रहेका ९२ सडक योजना तथा रु.३ अर्ब ४८ करोड ५ लाख २१ हजार लागत रहेका ३९ बटा खानेपानी योजनालाई बहुवर्षीय योजनाको रूपमा समावेश गरेको छ । बहुवर्षीय योजनाको रूपमा स्वीकृत गरेता पनि कतिपय योजनाको अवधि १ वर्षभन्दा कम रहेको समेत देखिएकोले योजना अवधि १ वर्षभन्दा कम रहेका आयोजना बहुवर्षीय योजनाको रूपमा समावेश गरेको उचित देखिएन । बहुवर्षीय योजना स्वीकृतिको मापदण्ड स्वीकृत गरी लागू गर्नुपर्दछ ।	- **"बहुवर्षिय योजना स्वीकृति मापदण्ड, २०७८"** को पूर्ण रुपमा कार्यान्वयन गर्न निर्देशन दिने।
१०.	१०	प्रदेश सरकारले पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी सुरुङ्गमार्ग भिमफेदी कुलेखानीलाई प्रदेश गौरवका आयोजना घोषणा गरी यस मन्त्रालय मार्फत कार्यान्वनमा ल्याएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ	- वार्षिक नीति तथा कार्यक्रममा प्रदेश गौरवका आयोजनाको रुपमा राखिएपश्चात उक्त कार्यक्रमहरुमा बजेट ब्यवस्थापन हुनु पर्ने र कार्यक्रम कार्यान्यवनको सुनिश्चितता हुनेपर्नेमा सो नदेखिएकाले

११.	१०.१	पुष्पलाल चक्रपथको सम्बन्धमा मन्त्रालयले प्रदेश यातायात गुरुयोजनाको मस्यौदा प्राप्त भई चक्रपथको खण्डहरूको पहिचान गर्ने कार्य भएको जनाएको छ । प्रदेश गौरवका आयोजनाको रूपमा अघि बढाउने निर्णय गरेको यस आयोजनाको लागि यस वर्ष बजेट व्यवस्था गरेको छैन ।	गौरबका आयोजनाहरुको छनौटको स्पष्ट मापदण्ड निर्माण गरी सो आयोजनाको लागत विश्लेषण तथा कार्यान्वयनको पूर्ण खाका सहित नीतिद्धारा निर्देशित हुने गरि छनौट गर्न निर्देशन दिने। - नीति योजना आयोगलाई पूर्ण रुपमा काम गर्न सक्ने वातावरण सिर्जना गराउने।
१२.	१०.२	पोष्टबहादुर बोगटी सुरुङ्ग मार्गको विस्तृत परियोजना प्रतिवेदनको लागत अनुमान तयार गर्न रु.४ लाख ७३ हजार र विस्तृत परियोजन प्रतिवेदन तयारीमा रु.१ करोड ३१ लाख ७९ हजार र सुरुङ क्षेत्रको भौगोलिक सर्भेक्षणको लागि रु.१९ लाख २ हजार समेत रु.१ करोड ५५ लाख ५४ हजार खर्च भएको छ ।	
१३.	१०.३	आयोजनाको क्षेत्र,भौगोलिक आवश्यकता,प्राविधिक आर्थिक,सामाजिक र वातावरणीय रूपमा सम्भाव्यता,लाभान्वित जनसंख्या,निर्माण अवधि,रोजगारी सिर्जना,लागत,लाभ लागत विश्लेषण लगायतका आधारमा प्रदेशमा कार्यान्वयन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डको आधारमा प्रदेश गौरवका आयोजनाहरू पहिचान एवं छनौट गर्नुपर्नेमा यस्तो मापदण्ड बनाउन बाँकी देखिन्छ । छनौटको आधार सहितको मापदण्डको अभावमा हाल प्रदेश सरकारले पहिचान गरेका गौरवका आयोजनाहरू उपयुक्त आधारमा पर्याप्त विश्लेषण गरी छनौट भएको देखिदैन। हाल पहिचान भएका कुनैपनि आयोजनाहरूको लागत, संचालन अवधि, बजेट व्यवस्था लगायतका कुनैपनि कुरा नखुलाएको अवस्था	

		रहेबाट आयोजनको कार्यान्वयन सम्बन्धमा अनिश्चितता रहेको छ ।	
१४.	११	सार्वजनिक खरिद ऐनको दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धालाई सिमित गर्ने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(१) मा सार्वजानिक निकायले विस लाख रुपैंयाभन्दा बढी रकमको परामर्श सेवा ऐनको दफा ३०बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष पूँजीगत अनुसन्धान तथा परामर्शमा रु.२४ करोड ३४ लाख विनियोजन गरी रु.११ करोड १० लाख ४५ हजार खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् :	- डिपिआर भएका योजनाहरुको पछिल्लो आर्थिक वर्षमा के कति कार्यान्वयनमा आए ? सो को जानकारी गराउन निर्देशन दिने। - साना आयोजनाहरु समेतलाई एकिकृत गरी खरीद योजना बनाई मितव्ययिताको लागि प्रतिस्पर्धात्मक प्रणालीबाट एकमुष्ठ खरीद हुने गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने। - डिपिआर गरिएका योजनाहरुलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राख्न निर्देशन दिने। - डिपिआरका लागि आवश्यकता र प्राथिमकताका आधारमा योजना छनौट गर्न निर्देशन दिने
१५.	११.१	मन्त्रालयले जिल्लागत र योजनागत रूपमा एउटै प्याकेज बनाई ऐनको दफा ३० बमोजिम आशयपत्र माग गरी परामर्श सेवा लिनुपर्नेमा प्रत्येक योजनाको अलग अलग कार्यक्रमको रूपमा स्वीकृत गरी २० लाखभन्दा तलका ३५ टुक्रा लागत अनुमान बनाई अलग अलग परामर्शदातासँग खरिद गरी रु.५ करोड ४७ लाख २२ हजार खर्च गरेको छ ।	

१६.	११.२	भिमफेदी शुरुङ्ग मार्गको पूर्व सम्भाव्यता अध्ययन गर्ने एक परामर्शदाताले उक्त मार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु.१ करोड ३० लाख ५४ हजार लाग्ने प्रतिवेदन पेश गरेकोले नियमावलीको नियम ७० बमोजिम खुल्ला रूपमा आशयपत्र माग गरी परामर्श सेवा लिनुपर्नेमा मन्त्रालयले २०७६।८।७ मा प्रतिवेदनमा उल्लेख भएको विभिन्न ७ क्रियाकलापलाई रु.२० लाखभन्दा तलका ७ अलग अलग कार्यक्रमको रूपमा कार्यान्वयन गर्न मुख्यमन्त्री स्तरीय निर्णय गराई नियम ७२ बमोजिम आशयपत्र माग गरी रु.१ करोड ३१ लाख ७९ हजार खर्च गरेको छ । प्रतिस्पर्धा सिमित हुने गरी लागत टुक्राई सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु उचित देखिएन । यसमा सुधार हुनुपर्दछ ।	
१७.	११.३	मन्त्रालयले २ वर्षको अवधिमा १४७ योजनाको विस्तृत सर्वेक्षण गरेकोमा ११२ योजना मात्र कार्यान्वयन भई ३५ योजना कार्यान्वयनमा गएको देखिएन । विस्तृत परियोजना प्रतिवेदन तयार भएको योजनालाई वार्षिक कार्यक्रममा प्राथमिकता दिनुपर्दछ ।	
१८.	१२	मन्त्रालय र अन्तर्गतका कार्यालयमा ८९४ दरवन्दी रहेकोमा ७२२ पदपूर्तिभई १७२ जना रिक्त रहेको छ। कार्यालयको कार्यक्षेत्र र सञ्चालित आयोजना एवं कार्यक्रमको आधारमा जनशक्तिको व्यवस्था भएको देखिएन । उदाहरणको लागि काठमाण्डौं, ललितपुर र भक्तपुर समेत तीन जिल्ला कार्यक्षेत्र रहेको खानेपानी तथा सरसफाई कार्यालय, भक्तपुर अन्तर्गत यो	- जनशक्ति व्यवस्थापनका लागि आवश्यक पहल गरी कार्यक्षमता वृद्धि गर्न निर्देशन दिने।

		वर्ष २०१ आयोजना संचालनमा रहेकोमा कार्यक्रमको संचालन र रेखदेख गर्न ८ प्राविधिक जनशक्तिकार्यरत रहेको एवं २११ आयोजना संचालन भएको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय धादिङमा ३ इन्जिनियर मात्र कार्यरत रहेको देखिन्छ। सिमित जनशक्तिबाट बृहत कार्य क्षेत्र,बजेट र अधिक संख्याका योजना कार्यान्वयन गर्नुपर्दा निर्माण कार्यको प्रत्येक चरणमा प्राविधिक संलग्नता न्यून हुन गई निर्माण कार्यको समग्र गुणस्तर असर पर्न सक्ने हुँदा कार्यचाप अनुसार दरबन्दीको व्यवस्था गरी पदपूर्ति गर्नुपर्दछ ।	
१९.	१३	सार्वजनिक खरिद नियमावली,२०६४ को दफा ९७ मा मूल्य अभिवृद्धि कर,ओभरहेड,कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत गरी एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने,उपभोक्ता समितिले विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बिन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने,खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने,लेखापरीक्षण गर्नुपर्ने,रेखदेख,मर्मत सम्भार जिम्मेवारी तोकी योजना समितिलाई हस्तान्तरण गर्नुपर्ने लगायतको व्यवस्था छ । उपभोक्ता समिति मार्फत भएको कार्यहरू सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
२०.	१३.१	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,मकवानपुर र भक्तपुरले नियमावलीको नियम ९७ को उपनियम ६ बमोजिम विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश	- उपभोक्ता समितिबाट हुने कार्यमा अनियमितता रोक्न विशेष नीति बनाईनु पर्ने र सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुरुपको कार्यहरु दृढताका साथ कार्यान्वयन गराउन निर्देशन

		गर्नुपर्ने र उपनियम ७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्थाको पालना गरेको देखिएन ।	दिने।
२१.	१३.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले एक योजनाको रु.१ करोड ९८ लाख ९० हजारको कार्य नियम विपरीत टुक्रा गरी एक समिति मार्फत गराई यस वर्ष रु.१ करोड ६२ लाख ६० हजार भुक्तानी दिएको छ भने जलस्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुलीले लागत अनुमान रु.१ करोड २८ लाख ९३ हजार भएको हर्षयी सिंचाई कुलो निर्माण कार्य उपभोक्ता समितिबाट गराई यो वर्ष रु.२१ लाख २ हजार भुक्तानी दिएको छ ।	- खानेपानी तथा सरसफाई कार्यालय भक्तपुरबाट भएको कार्यमा २ वटा स्कीम भएकाले फरक फरक समितिबाट गराईएको मन्त्रालयको जवाफ आएकोमा उक्त वेरुजु पछ्यौट गर्न महालेखापरीक्षकलाई निर्देशन दिने र जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सिन्धुलीबाट भएको कार्य सम्बन्धमा लागत अनुमान वा विनियोजित बजेटका आधारमा उपभोक्ता मार्फत कार्य गराउने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्न निर्देशन दिने।
२२.	१३.३	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भक्तपुरबाट यो वर्ष उपभोक्ता समिति मार्फत संचालन भएका २८ आयोजनाहरूमा रु.२ करोड ८३ लाख ९६ हजार जनसहभागिता हुनुपर्नेमा रु.१ करोड ३७ लाख ६६ हजार मात्र भई रु.१ करोड ४६ लाख ३० हजार घटि लागत सहभागिता भएको छ ।खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरले उपभोक्ता समिति मार्फत श्रमदान बेगर ९ खानेपानी योजनाको रु.४१ लाख १२ हजारका निर्माण सामग्री खरिद गरेको छ । त्यस्तै खानेपानी तथा सरसफाई डिभिजन, धादिङले यस वर्ष ५६ योजनामा रु.५ करोड ८३ लाख ८३ हजार भुक्तानी दिंदा रु.५८ लाख ३८ हजार जन सहभागितको अंश कट्टी गरेको छैन ।	- लागत सहभागिताको स्पष्टता, कार्यसम्पन्न प्रतिशत र योजनागत कार्यविवरण पेश गर्न निर्देशन दिने।

२३.	१३.४	जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नुवाकोटले संचालन गरेका सिंचाई योजनाहरूको लागत अनुमान स्वीकृत गर्दा निर्माण व्यवसायीबाट गराउने कामको परिमाण र उपभोक्ता समितिबाट गराउने कामको परिमाण र अंश राखिएको छ । तर मुल लागत अनुमान रु.१२ करोड २६ लाख २१ हजार रहेका ३ सिंचाई योजनाको उपभोक्ता मार्फत गर्ने रु.१ करोड ३९ लाख ५१ हजारको कार्यमा जनसहभागिताको परिमाण र अंश शून्य राखिएको छ । सिंचाई योजनाहरूको मूल लागत अनुमान स्वीकृत गर्दा जनसहभागिता अंश शून्य राखी स्वीकृत गर्नु नियम ९७(१क) अनुकुल देखिएन ।	- उक्त समयमा मूख्यमन्त्री स्तरीय निर्णयको सबै मन्त्रालयमा परिपत्र नभएको र लागत अनुमानका विषयमा अस्पष्टता रहेकाले निर्णयको सञ्चार प्रणालि र कार्यान्वयन व्यवस्थित गर्न तथा उपभोक्ता समितिबाट हुने कार्यमा अनिवार्य रुपमा लागत सहभागिता हुनुपर्ने व्यवस्थाका लागि निर्देशन दिने।
२४.	१३.५	जलस्रोत तथा सिंचाई विकास डिभिजन, काठमाडौं र नुवाकोटले योजना हस्तान्तरणको अभिलेख राखेको छैन भने रामेछापले उपभोक्ता समिति मार्फत ३२ निर्माण कार्य गराई रु.५ करोड १८ लाख भुक्तानी दिएकोमा कुनै पनि योजना हस्तान्तरण गरेको छैन ।उपभोक्ता समिति मार्फत कार्य गराउँदा कानूनी व्यवस्थाको पालना गर्नुपर्दछ ।	- उपभोक्ता समितिबाट हुने र कार्यको नियमानुसार कार्यान्वयन हुनुपर्ने र आयोजना सम्पन्न भइसकेका सम्पूर्ण योजनाहरु अनिवार्य रुपमा समयमै हस्तान्तरण गर्न निर्देशन दिने।
२५.	१४	आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा५० प्रतिशत मूल्य अभिवृद्धि कर सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरले रु.१७ लाख १८ हजार, मकवानपुरले रु.४ लाख ५ हजार, जलस्रोत तथा सिँचाइ कार्यालय, चितवनले रु.२ लाख ५३ हजार समेत रु.२३ लाख ७६ हजार कट्टा नगरी भुक्तानी दिएकोले मूल्य अभिवृद्धिकर	- सम्परीक्षण गराई प्रमाण पेश गर्न निर्देशन दिने।

		दाखिला भएको सुनिश्चित गर्नुपर्दछ।	
२६.	१५	प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाउने व्यवस्था रहेको छ । मन्त्रालय मातहत १९ कार्यालयले कन्टिन्जेन्सीबाट दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी, छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यालय संचालन खर्चमा रु.१३ करोड २६ लाख १४ हजार खर्च गरेका छन्। कन्टिन्जेन्सी खर्चको कार्यविधि तर्जुमा गरी यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।	- कन्टिन्जेन्सी खर्चबाट हुने कार्यको स्पष्ट मापदण्ड सहितको कार्यविधी निर्माण गरी कार्यान्वयनका लागि मातहतका कार्यालयहरुमा पत्राचार गर्न निर्देशन दिने।
२७.	१६	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालय मातहत ६ कार्यालयले रु.३ करोड २३ लाख ६३ हजारको निर्माण कार्य र ५ कार्यालयले रु.२ करोड ३६ लाख १८ हजारको मालसामान समेत गरी रु.५ करोड ५९ लाख ८१ हजारको दरभाउपत्र लिई सोझै खरिद गरेको छ । खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ ।	- खरीद कार्यलाई प्रतिस्पर्धी बनाइएमा मात्र मितव्ययिता र गुणस्तरीयता कायम हुने भएकाले विशेष अवस्था बाहेक निकायबाट हुने खरीद कार्यलाई एकिकृत बनाई एकमुष्ट खरीद गर्ने र सोझै खरीद कार्यलाई निरुत्साहित गर्न निर्देशन दिने।
२८.	१७	मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा	- नन फाईलर भए नभएको निश्चित गरेर मात्र भुक्तानी गर्न र कर समायोजन पत्र प्राप्त भएपश्चात मात्र

		कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय ललितपुरले विभिन्न फर्मलाई मूल्य अभिवृद्धि कर कुल रु.२७ लाख ४४ हजार, चितवनले रु.१८ लाख २० हजार, काभ्रेपलाञ्चोकले रु.९ लाख ८३ हजार, जलस्रोत तथा सिंचाई विकास डिभिजन सिन्धुपाल्चोकले रु.१६लाख ४३ हजार, धादिङ्गले रु.१५ लाख ५८ हजार र मकवानपुरले रु.५ लाख ४० हजार समेत रु.९२ लाख ९६ हजार भुक्तानी दिएकोमा ती फर्महरू कर विवरण नबुझाई नन् फाईलर रहेकोले भुक्तानी भएको कर दाखिला भएको सुनिश्चित गर्नुपर्दछ ।	भुक्तानी गर्ने गरी बाध्यकारी निर्देशन गर्ने।
यातायात पूर्वाधार विकास निर्देशनालय			
२९.	१८	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने एवं सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार ब्यक्ति उपर गर्नुपर्ने कारबाही उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयमा पक्की पुल, सडक र झोलुङ्गेपुल निर्माण तथा परामर्श सेवा लगायत ७६ क्रियाकलापको लागि रु.४७ करोड ९९ लाख बजेट व्यवस्था भएकोमा रु.२२ करोड ५४ लाख २२ हजार खर्च भएको छ । बजेट व्यवस्था भएका विभिन्न ११ क्रियाकलापमा कुनै कार्य नभई प्रगति शून्य रहेको छ । लागत अनुमान रु.१ अर्ब ४९ करोड १ लाख ४० हजार रहेका ५ निर्माण कार्य गर्न रु.१ अर्ब ४ करोड २७ लाख ६८ हजारमा सम्झौता गरेकोमा रु.६ करोड ५६ लाख २४ हजार (६.२९ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति भएको छ। अतः तोकिएबमोजिम प्रगति समीक्षा गरी प्रगति हासिल गर्नुपर्दछ ।	- दोहोरो परेका आयोजनाका कारण कार्यान्वयन नगरिएको सम्बन्धमा अन्तर तह समन्वयमा विशेष ध्यान दिने र सकेसम्म कुनैपनि योजनामा दोहोरो रकम विनियोजन नगर्न निर्देशन दिने। - डिपिआर र आइईई गर्नुपर्ने आयोजनाहरुमा परामर्श खरीदमा मात्र बजेट विनियोजन गर्ने। - योजना तर्जुमा प्रणालीमा सुधार गर्न निर्देशन दिने।

३०.	१९	सार्वजानिक खरिद नियमावली,२०६४ को नियम ७० अनुसार वीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्दा ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन मार्फत आशयपत्र माग गरी खरिद गर्न सक्ने व्यवस्था छ । निर्देशनालयले वर्षभरिमा खरिद गरिने एउटै जिल्ला र भूगोल तथा क्षेत्रतिर रहेका परामर्श सेवा कार्यहरूको एकमुष्ट प्याकेज बनाई नियमानुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सो नगरी सूचीकृत परामर्शदाताहरूमध्येबाट प्रस्ताव माग गरी २४ परामर्शदाताबाट रु.३ करोड १८ लाख ३२ हजारको कार्य गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाको माध्यमले कार्य नगराई सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु उचित देखिएन ।यसमा सुधार हुनुपर्दछ ।	- समान भूगोल क्षेत्र र प्रकृतिका कार्यहरु एकमुष्ट बनाउन र प्रतिश्पर्धात्मक बनाइएमा मितव्ययी हुने भएकाले योजनाहरुको एकत्रीकरण गरेर प्रतिश्पर्धात्मक विधी अवलम्बन गर्न निर्देशन दिने। - प्रथम चौमासिकमै योजनाहरु एकमुष्ट गरी डिपिआर निर्माणका लागि आवश्यक कार्य प्रक्रिया गर्न निर्देशन दिने।
खानेपानी तथा सरसफाई डिभिजनहरू			
३१.	२०	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले खानेपानी आयोजना कार्यान्वयन गर्दा मूल लागत अनुमानको आधारमा एकमुष्ट ठेक्का व्यवस्थापन नगरी मालसामान, निर्माण ठेक्का, खरिद, उपभोक्ता समितिले गर्ने निर्माण कार्य एवं उपभोक्ता समितिको श्रमदान बापतको कामको लागि वर्षै पिच्छे अलग अलग लागत अनुमान तयार गरी कार्य गराउने गरेको तर योजनागत खाता पूर्णरूपमा अद्यावधिक नगरेको एवं मुल लागत अनुमानको आधारमा कार्यस्वीकार र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने नगरेबाट मूल लागत अनुमानमा तोकिएअनुसार कार्य एवं श्रमदान भयो भएन भनी लागत अनुमान र कार्यसम्पन्न बीच भिडान गर्न सक्ने अवस्था छैन । खानेपानी तथा सरसफाई डिभिजन,	- योजनागत विवरण तयार तथा अद्यावधिक गर्न र भुक्तानीका चरणमा अनिवार्य रुपमा उपभोक्ता समितिबाट हुनुपर्ने सहभागिता बमोजिमको रकम कट्टि गर्दै जाने व्यवस्था गर्न निर्देशन दिने।

		मकवानपुरको एक खानेपानी योजनाको लागत अनुमान रु.१ करोड ९६ लाख ३० हजारमध्ये रु.४० लाख ३० हजार श्रमदान रहेकोमा रु.९७ लाख २ हजार (४९.४२ प्रतिशत) खर्च हुँदासम्म श्रमदान बापतको काम भएको छैन भने अर्को एक खानेपानी आयोजनामा रु.८९ लाख ४० हजार खर्च भएकोमा श्रमदानको कार्य भएको छैन । अतः योजनागत खाता राखी शुरु लागत अनुमानसँग तुलना गर्न सकिने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।	
३२.	२१	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने एवं सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार ब्यक्ति उपर गर्नुपर्ने कारबाही उल्लेख गर्नुपर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
३३.	२१.१	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरबाट प्राप्त विवरण अनुसार लागत अनुमान रु.११ करोड ३३ लाख १० हजार भएका दुई खानेपानी आयोजना संचालन भएको १० वर्षसम्ममा रु.४ करोड ४६ लाख ६५ हजार (३९.४१ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति रहेको एवं अन्य ८ योजनाहरू लामो समयदेखि क्रमागत रूपमा संचालन भएका छन् ।	- अधुरा आयोजनाहरुको अवस्था र आवश्यकता पहिचान र प्राथमिकीकरण गरी आयोजना सम्पन्न हुने गरी बजेट व्यवस्थापन गर्न र सोको कार्यान्वयन गर्न निर्देशन दिने। - क्रमागत योजना छिटो सम्पन्न गर्न आवश्यक व्यवस्थापकीय प्रवन्ध मिलाउन निर्देशन दिने। - योजना प्राथमिकीकरण गरी अभिलेख बनाई

३४.	२१.२	खानेपानी तथा सरसफाई डिभिजन,भक्तपुर अन्तर्गत २०६४।६५ देखि २०६८।६९ सम्म शुरुवात भएका रु.५० करोड ६३ लाख ७७ हजारका १५ आयोजनाहरू२०७६।७७ सम्म रु.३३ करोड ८३ लाख १२ हजार खर्च हुँदा समेत योजना सम्पन्न नभएको अवस्था छ । डिभिजनले आयोजनाहरूको कुल लागत अनुमान,शुरुवात र सम्पन्न हुनेसमयको अद्यावधिक अभिलेख समेत राखेको छैन ।	कार्यान्वयन गर्न र प्राथमिकीकरण विवरण पेश गर्न निर्देशन दिने।
३५.	२१.३	खानेपानी तथा सरसफाई डिभिजन, धादिङबाट २०५६।५७ देखि २०६८।६९ सम्म शुरुआत भएका लागत अनुमान रु.४३ करोड ५९ लाख ४९ हजार रहेका १९ योजनाहरूमा यस वर्षसम्म रु.३५ करोड ३६ लाख ८९ हजार खर्च भए तापनि योजना सम्पन्न नभई प्रतिफल प्राप्तिमा ढिलाई भएको अवस्था छ ।आयोजनामा प्राथामिकताको आधारमा बजेट विनियोजन गरी समयमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।	
३६.	२२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले पाइप तथा फिटिङ्स औजार खरिद गर्दा विगतको मौज्दात ख्याल गरी खरिद गर्नुपर्नेमा बढी परिमाणमा मौज्दात रहने गरी खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुर, रामेछाप, भक्तपुर, धादिङ्ग लगायतले रु.१८ करोड १५ लाख ८५ हजारका पाइप तथा फिटीङ्गस् खरिद गरी खर्च लेखेको देखियो । योजनाको लागि खरिद गरेको निर्माण सामग्री सम्बन्धित योजनमा खर्च गरी आवश्यकताभन्दा बढी मात्रामा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	- मौज्दात बस्ने गरी सामाना खरीद गर्दा सामानको उपयोगिता र क्षती मुल्याङ्कन गरी योजना रकम र आवश्यक मौज्दात भन्दा बढी खरीद नियन्त्रणको लागि निर्देशन गर्ने। - आवश्यक परिमाण र खपत हुन सक्ने क्षमताका आधारमा मात्र खरीद गर्न निर्देशन दिने।

३७.	२३	खानेपानी आयोजनामा पाइप जडान भई नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्नेमा आयोजनाहरूलाई पाइप उपलब्ध गराएकै आधारमा जिन्सी मौज्दात घटाउनु उपयुक्त देखिएन ।	
३८.	२३.१	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,भक्तपुरबाट पेश भएअनुसार जिन्सी खाताबाट खर्च लेखेको (मौज्दात घटाएको) पाईपमध्ये रु.१ करोड ७२ लाख ३० हजार मूल्यको विभिन्न साईजका ६७ हजार १८८ मिटर पाईप योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेश गर्नुपर्दछ ।	
३९.	२३.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,भक्तपुरले रु.५७ लाख १७ हजार मूल्यको पाइप र रु.६३ लाख ५ हजार मूल्यका फिटिङ्गस सामग्रीहरू योजनामा प्रयोग भएको भनी जिन्सी किताबबाट एकमुष्ठ खर्च देखाएको छ । उक्त सामान कुनकुन योजनामा खर्च भएको हो खुल्ने योजनागत हिसाब राखेको छैन । योजनागत खाता बेगर खर्च देखाएको रकम बास्तविक रूपमा खर्च भएको छ,छैन यकिन गर्न सकिएन । तसर्थ योजनागत अभिलेख बेगर जिन्सीबाट योजनामा खर्च देखाएको फिटिङ्गसको सम्बन्धमा यकिन गर्नुपर्दछ।	सम्पूर्ण योजनाहरुको आवश्यक प्रमाणहरु पेश गरी शिघ्र फछौंट गर्ने र सोको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने।
४०.	२३.३	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले दुई आयोजनाहरूको लागि रु.२३ लाख ८३ हजारको पाइप खरिद गरी जिन्सी खाताबाट खर्च लेखेकोमा हालसम्म पनि उक्त पाइप प्रयोग भई नापी किताबमा चढेको नदेखिएकोले पाइप प्रयोगको प्रमाण पेश हुनुपर्दछ।	

४१.	२३.४	खानेपानी तथा सरसफाई कार्यालय, मकवानपुरबाट ३ योजनाको लागि बुझिलगेको पाईप र फिटिङ्ग सामग्रीमध्ये रु.१६ लाख ८० हजारको पाईप तथा फिटिङ् सम्वन्धित आयोजनामा प्रयोग भएको नदेखिएकोले सो जडान गरेको नापी किताव पेश हुनुपर्दछ।	
४२.	२३.५	खानेपानी तथा सरसफाई डिभिजन, धादिङले रु.४ करोड ३२ लाख १७ हजार मूल्यका फिटिङ कुन योजनामा प्रयोग भए नखुलाएको र जिन्सी खाताबाट विभिन्न योजनाको नाममा खर्च देखाई मौज्दात घटाएको रु.१३ लाख ९७ हजार मूल्यका १४ हजार ७३४ मिटर पाईप जडान भएको नदेखिएकोले योजना खाता एवं नापी किताब पेश हुनुपर्दछ ।	
४३.	२४	सार्वजनिक खरिद कानुन अनुसार मितब्ययी हुने गरी खरिद गर्नुपर्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,भक्तपुरले एच.डि.पी. पाईप खरिदको लागि गरेको तीन बोलपत्रमा एक/एकमात्र उत्पादक कम्पनीको बोलपत्र पेश भई लागत अनुमानको ०.११ प्रतिशत मात्र घटिमा रु.५ करोड २६ लाख ५ हजारको पाईप खरिद भएकोछ।संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन विभागले २०७०।६।१७ मा एच.डि.पि. पाईप खरिदको लागत अनुमान गर्दा प्रति के.जी. रु.२१४ ले निर्णय गरेकोमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले प्रदेश भौतिक पूर्वाधार मन्त्रालयले पाईपको दररेट निर्धारण नगरेको जनाई जिल्ला दररेटलाई आधार लिई उक्त पाईप खरिदमा प्रति के.जी. रु.२५५ ले लागत अनुमान तयार गरेकोले प्रति के.जी. रु.४१ बढी दर कायम गरेबाट रु.८४ लाख ५८ हजार बढी लागतमा खरिद गरेको छ । मितब्ययी	संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन विभागको तत्कालिन दररेट हालसम्म कार्यान्वयनमा रहे नरहेको स्पष्ट भई दररेटमा एकरुपता कायम गरी मितव्ययी तवरले खरीद कार्य गर्न निर्देशन दिने।

		तवरले खरिद गर्नुपर्दछ।	
४४.	२५	सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने र सोही दफाको उपदफा २(छ) मा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र मूल्याङ्कन र बोलपत्रदाताको छनौट गर्ने आधार र तरिका उल्लेख गर्नुपर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले विभिन्न तीन योजनामा बोलपत्रको माध्यमबाट खरिद कारबाही गरेकोमा बोलपत्र सम्बन्धी कागजात स्टयाण्डर्ड बिडिङ्ग डकुमेन्टमा बोलपत्रदाताको सामान्य अनुभव तोकेको छ । उक्त बिडिङ्ग डकुमेन्टमा संयुक्त उपक्रममा बोलपत्र कबोल गर्ने प्रत्येक साझेदारको बोलपत्र दाखिला गर्ने अन्तिम म्यादभन्दा पहिले ३ वर्ष सामान्य निर्माण कार्य गरेको अनुभव हुनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष रु.१७ करोड ८१ लाख ५७ हजार लागत अनुमान भएका तीनवटा बोलपत्र मूल्याङ्कन गर्दा उक्त व्यवस्थाको परिपालना नगरी अनुभवका प्रमाणपत्र पेश नगरेका निर्माण ब्यबसायीको कबोल अङ्क रु.१७ करोड ६६ लाख २९ हजारको स्वीकृत गरी यस वर्ष रु.२ करोड ८० लाख ५४ हजार भुक्तानी दिएको छ । यसरी स्टयाण्डर्ड बिडिङ्ग डकुमेन्टमा उल्लेखित व्यवस्था विपरीत अनुभवका प्रमाणपत्र पेश नगरेका बोलपत्रहरू स्वीकृत गरी भुक्तानी दिएको नियमसम्मत् देखिएन।	वोलपत्र आव्हान गर्दा तोकिएको अनुभव र निर्माण व्यवसायीले पेश गरेको कागजातहरु माग गरी अध्ययन पश्चात निर्देशन दिने।

४५.	२६	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरलेसंसद विकास कोषको रकमबाट सूर्य बिनायक नगरपालिका मार्फत सिरुटार खानेपानी योजनाको लागि रु.१ करोड ५ लाख ४८ हजार बजेट प्राप्त भएकोमा ओभरहेड टैंकी निर्माणमा रु.९५ लाख ८३ हजार खर्च भएको छ । उक्त योजनाको स्थलगत निरीक्षण गर्दा पानीको स्रोत सुनिश्चित नभएको तथा बोरीङ समेत नभएको अवस्था देखियो । पानीको स्रोत नै सुनिश्चित नगरी ट्याङ्की निर्माण गरेको मनासीब देखिएन।	- समितिको स्थलगत निरीक्षणबाट स्रोत सुनिश्चितता भएको देखिएकाले बेरुजु फछ्रौंट गर्न महालेखा परीक्षकको कार्यालयलाई निर्देशन दिने।
४६.	२७	खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरबाट सञ्चालित टिकाथली खानेपानी आयोजनाको सम्झौता रकम रु.१२ करोड ८६ लाख ५७ हजारमध्ये हालसम्म रु.७ करोड ८४ लाख ५१ हजार भुक्तानी भई दुई वटा डिपट्यूववेलको सामग्री आपूर्ति तथा जडान बापत रु.६१ लाख ५६ हजार, हाउस कनेक्सनको लागि पाईप खरिद रु.८१ लाख २९ हजार, एचडिपि तथा जीआई पाईप आपूर्ति रु.३ करोड ७३ लाख ८२ हजार, फिटङ्स सामग्री आपूर्ति तथा जडान बापत रु.५० लाख ५२ हजार खर्च भएकोमा स्थलगत निरीक्षणको क्रममा एक डीप ट्यूववेलबाट स्पेसीफिकेसन बमोजिम पानी नआएकोले परीक्षण गर्न नसकिने जानकारी निर्माण व्यबसायीको प्रतिनिधी र साईट ईन्जीनियरबाट प्राप्त भएको छ। अर्को एक डीप ट्यूववेल परीक्षण गर्दा पानी आए तापनि डिस्चार्ज कम रहेको देखियो । पानीको सतहको राम्रोसँग परीक्षण नगरी बोरीङ गरिएको कारणबाट खानेपानी योजना सम्पन्न भएपछी समस्या आउने स्थिति देखिन्छ ।	टिकाथली खानेपानी आयोजनाको समितिको स्थलगत निरीक्षण अनुसार महालेखा परीक्षकको कार्यालयले देखाए समस्या नरहेको खानेपानी समिति र कार्यालय प्रमुख तथा त्यहाँका प्राविधिक र स्थानिय जनसमुदायले दिएको जानकारी अनुसार बेरुजु फछ्रौंट गर्न महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने।

४७.	२७.१	उक्त योजनामा निर्माण व्यवसायीले हाउस कनेक्सनको लागि जि.आई. पाईप खरिद बापत रु.८१ लाख २९ हजार र एचडिपि तथा डिआई पाईप रु.३ करोड ७३ लाख ८२ हजारको आपूर्ति गरी निर्माण स्थलमा यत्रतत्र राखेको पाईयो। एउटा बोरीङमा पानी नआएकोले पानीको स्रोतको सुनिश्चिततानै नभएको अवस्थामा पाईप जडान हुने समय निश्चित नभएकोमा अग्रिमरूपमा पाईप आपूर्ति गरी निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्नु मनासिब देखिएन।	- कार्य सम्पन्न भइसकेकाले बेरुजु फछौंट गर्न महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने।
४८.	२७.२	सोही योजनामा कार्यालयले फिटङ्स सामग्री आपूर्ति तथा जडान बापत रु.५० लाख ५२ हजार निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखियो। उक्त योजनाको स्थलगत निरीक्षण गर्दा पाईपहरू आंसिक मात्र जडान भई बाँकी निर्माण स्थलमा डम्प गरेर राखेकोले फिटिङ्स सामग्री पूर्णरूपमा प्रयोग हुने अवस्था देखिएन । सम्पूर्ण निर्माण सामग्री जडान गर्नुपूर्व नै जडान बापतको रकम भुक्तानी गर्नु सम्झौता अनुसार नदेखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ।	
पूर्वाधार विकास कार्यालयहरु			
४९.	२८	सार्वजनिक निर्माण कार्य मितब्ययी तरिकाले गर्नुपर्दछ । पूर्वाधार विकास कार्यालय, नुवाकोटले एक सडकको चेनेज ०+000देखि१+५१५सम्म निर्माण गर्नको लागि रु.४८ लाख २६ हजारको लागत अनुमान तयार गरी एक निर्माण सेवाको रु.२९ लाख ८८ हजार(३८.०९ प्रतिशत कम) कबोल अङ्क स्वीकृत गरेपश्चात् बोलपत्रबाट बचत रहेको रकमबाट सोही बाटोको चेनेज ०+०००देखि १+३५०सम्मनिर्माणको लागिरु.२१	- थप कागजात माग गर्नुपर्ने स्थलगत अनुगमन गर्नुपर्ने।

		लाख ५५ हजारको लागत अनुमान तयार गरी शिखरबेशी कुवापानी रातमाटे सडक निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । यसरी उपभोक्ता समितिले कार्य गर्दा उक्त कार्य आफैं नगरी एक्साभेटर प्रयोग गरी बाटोको माटो काट्ने काम २५ हजार ३०९।८ घ.मी. को कार्य सोही कन्स्ट्रक्सन प्रा.लि.मार्फत कार्य गराई रु.१९ लाख २५ हजार रकमको बील समावेश गरी उपभोक्ता समितिलाई रु.१६ लाख ४७ हजार रकम भुक्तानी दिएको छ । एउटै सडकमा एउटै निर्माण ब्यवसायीबाट दुइपटक कार्य गर्दा पहिलो पटक प्रतिघनमिटर रु.५६।५ का दरले र अर्को पटक रु.१२६।६३ का दरले क्रमशः ३१ हजार ४४९ र २५ हजार ३०९ घ.मी.माटो कटान गरी फरक फरक दरमा कार्य गरेकोले कार्यालयलाई रु.१७ लाख ७५ हजार बढी व्ययभार परेको छ। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।	
५०.	२८.१	सोही कार्यालयले खरानीटार रालुका सडक स्तरोन्नती गर्ने कार्यको लागि नापी किताब अनुसार निर्माण व्यवसायीले चेनेज ०+०००देखि ०+४८२ सम्म अर्थ वर्क, ढुङ्गाको गारो लगाउने, सिमेन्ट कंक्रिटको कार्यहरू गरेकोमा उक्त चेनेज भित्रकै चेनेज ०+०००देखि ०+४५० सम्म उपभोक्ता समितिले कतिपय एउटै आइटमका कार्यहरू समेत गरेको पाइएकोले काममा दोहोरो पर्न सक्ने पर्याप्त सम्भावना रहने हुदा यस सम्बन्धमा यथार्थता यकिन गरिनुपर्दछ । सडक निर्माण कार्यको लागि यो वर्ष निर्माण व्यवसायीलाई रु.६६ लाख ४० हजार भुक्तानी गरेकोमा उक्त सडकमा उपभोक्ता समिति मार्फत कार्य गराई रु.१५ लाख ६५	- थप कागजात माग गर्नुपर्ने स्थलगत अनुगमन गर्नुपर्ने।

		हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यमा उपभोक्ता समितिसँग गरिएका अर्थ वर्क, गाह्रो लगाउने, कंक्रिट गर्ने आइटमका कार्यहरू निर्माण व्यवसायीसँग गरेकोभन्दा महंगो दरमा गराएकोले कार्यालयलाई रु.९ लाख ४१ हजार थप व्ययभार परेको देखियो।	
५१.	२८.२	सोही कार्यालयले एउटै स्थानमा चेनेज नखुलाई निर्माण व्यवसायी तथा उपभोक्ता समितिसँग कार्य गराउँदा मेशिनरी वाल, ग्याविन, अर्थ वर्क आइटमहरूमा फरक दरमा भुक्तानी भएको कारण ३ योजनामा रु.१९ लाख ३९ हजार व्ययभार परेको देखिएको छ।	- थप कागजात माग गर्नुपर्ने स्थलगत अनुगमन गर्नुपर्ने।
५२.	२९	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण ब्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रामेछापले गुम्देल खोला पुल निर्माण कार्यको लागत अनुमान रु.३ करोड ४८ लाख ६२ हजार रहेकोमा एक निर्माण उपक्रमसँग २०७४।७।१५ मा कार्यसम्पन्न गर्ने गरी रु.२ करोड ५१ लाख ५७ हजारको सम्झौता भई मन्त्रालयको निर्णयानुसार भेरिशएन सहित २०७७।२।२० सम्म म्याद थप भएको छ । म्याद थप हुँदा पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय भएकोले संशोधित सम्झौता रु.२ करोड ७५ लाख ३६ हजारको १० प्रतिशतले रु.२७ लाख ५४ हजार असुल गर्नुपर्दछ।	- प्रमाण कागजात प्राप्त गर्ने र सोबाट स्पष्ट हुन नसकिएमा स्थलगत अनुगमन गर्ने।

५३.	३०	नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स.२०७३ मा जारी भएको स्पेशिफिकेशन मापदण्ड बूँदा नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने प्राइम कोट/ट्याककोटको परिमाण गणना गर्ने तरिका अनुसार प्राइम कोटका लागि ०.५ देखि ०.६ के.जी. प्रतिवर्गमिटर विटुमिन खपत हुने कुरा उल्लेख भएको एवं नेपाल सरकारबाट निर्मित सडकहरूमा ०.५ के.जी. प्रतिवर्गमिटरका दरले परिमाण गणना गर्ने असल अभ्यास रहेको छ । पूर्वाधार विकास कार्यालय रामेछापले यस वर्ष सम्झौता भएका दुई योजनामा के.जी.लाई लिटरमा परिणत गरी प्रयोग गर्दा उक्त नर्म्स अनुसार ०.४७६ लिटर प्रतिवर्गमिटर प्रयोग गर्नुपर्नेमा ०.६३ लिटर प्रतिवर्गमिटर गणना गर्दा दुई योजनाको उक्त आइटममा १९ हजार ८९३ लिटर बढी परिमाण राखी लागत अनुमान तयार गरेको कारण रु.२१ लाख ४३ हजार लागत बढ्न गएको छ।	- थप भुक्तानीका क्रममा बेरुजु बापतको रकम कट्टा गरी भुक्तानी गर्न र सो पश्चात बेरुजु फछ्यौटको प्रमाण पेश गर्न निर्देशन दिने।
५४.	३१	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने, नियम ११८ मा भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण खुलाउनु पर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय नुवाकोटले सम्झौता रु.२ करोड ७४ लाख ४० हजार रहेको ५ निर्माण कार्यमा रु.२ करोड ४३ लाख २ हजारको मात्र कार्य गराई प्राविधिक पुष्ट्याई र कारण नखुलाई सोही कार्यलाई अन्तिम मानी निर्माण व्यवसायीलाई भुक्तानी दिएको छ । सम्झौतामा तोकिएकोभन्दा	सालवसाली योजना भएकाले अर्को वर्ष बाँकी कामको लागि स्रोतको सुनिश्चितता नभएकोले कार्य सम्पादन परिमाणका आधारमा भुक्तानी भएको मन्त्रालयको जवाफ प्राप्त भएकोले आगामी दिनमा कानुन सम्मत कार्य गर्ने गरी यस व्यहोराको बेरुजु फछ्यौट गरिदिन महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने।

		न्यून काम गरेको अवस्थामा समेत निर्माण व्यवसायीलाई कानुनबमोजिम जिम्मेवार नबनाई भेरिएसन आदेश स्वीकृत बेगर नै निर्माण कार्य अन्त्य गर्ने कार्य कानुनसम्मत् देखिएन । कानुनबमोजिम कार्य गराई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।	
५५.	३२	सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२८ मा खरिद सम्भौता बमोजिमको काम नगर्ने निर्माण ब्यवसायीको खर्चमा बाँकी कार्य गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
५६.	३२.१	पूर्वाधार विकास कार्यालय, नुवाकोटको सम्झौता रकम रु.३ करोड ४४ लाख ७६ हजारका विभिन्न ४ निर्माण ठेक्काहरूको सम्झौतामा तोकिएको अवधी समाप्त भइसकेकोमा रु.१ करोड ८५ लाख ४२ हजारको मात्र कार्य भई निर्माण कार्य अधुरो अवस्थामा देखियो । यसरी निर्माण कार्य अधुरो भएकोमा नियमानुसार निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।	सालवसाली योजना भएकाले अर्को वर्ष बाँकी कामको लागि स्रोतको सुनिश्चितता नभएकोले कार्य सम्पादन परिमाणका आधारमा भुक्तानी भएको मन्त्रालयको जवाफ प्राप्त भएकोले आगामी दिनमा कानुन सम्मत कार्य गर्ने गरी यस व्यहोराको बेरुजु फछ्यौट गरिदिन महालेखापरीक्षको कार्यालयलाई निर्देशन दिने।
५७.	३२.२	सोही कार्यालयका सम्झौता रकम क्रमशः रु.६ करोड ३७ लाख १६ हजार र रु.२ करोड २७ लाख ६९ हजार रहेका दुई पुल निर्माण कार्यहरू सम्झौतामा तोकिएको अवधि समाप्त हुँदा समेत केवल ५० र १५ प्रतिशत मात्र सम्पन्न भई क्रमशः रु.२ करोड ४० लाख २७ हजार र रु.७५ लाख ५९ हजार मात्र खर्च भएकोले कार्य नभई अधुरो रहन गएको देखियो । यस प्रकार अधुरो रहन गएका ठेक्काहरूको सम्बन्धमा सम्झौताको शर्त अनुसार कार्य सम्पन्न गराउनु पर्दछ।	यस्ता अधुरा निर्माणाधीन पूल निर्माण कार्य समयमा सम्पन्न गर्ने गरी कार्य गराउन सम्बन्धीत कार्यालयलाई जिम्मेवार बनाउनु पर्दछ र अन्यथा सम्झौताका शर्त बमोजिम काम नगर्ने ठेकेदारलाई नियम अनुसार कारवाही गर्नु पर्दछ।

५८.	३३	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा कावुबाहिरको परिस्थितिले सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा म्याद थप गर्न सक्ने व्यवस्था छ । यस सम्वन्धमा अन्य व्यहोरा निम्नानुसार रहेको छः	
५९.	३३.१	पूर्वाधार विकास कार्यालय, चितवनबाट सामरी खोला पूल निर्माण कार्य २०७४।१२।१० मा सम्पन्न गर्ने गरी एक निर्माण ब्यवसायीसँग २०७३।९।११ मा रु.५ करोड ३४ लाख ९२ हजारको सम्झौता भएकोमा यस वर्षसम्म रु.१ करोड ६७ लाख ८० हजार (३१.१९ प्रतिशत)मात्र खर्च भई जनरल आइटम र फाउन्डेसनको मात्र कार्य भएको छ । पहिलो पटक निर्वाचन लगायतको कारण उल्लेख गरी अन्तिम पटक भनी २०७६।३।३० सम्म म्याद थप भएकोमा पुनः २०७७।११।१९ सम्म म्याद थप गरेको छ । तर सो कार्य सम्पन्न भएको छैन।	- विभिन्न बहानामा हुने म्याद थपलाई निरुत्साहित गर्दै समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने।
६०.	३३.२	पूर्वाधार विकास कार्यालय, चितवनले बागमती सिक्रेदोभान प्रि स्ट्रेस पुल निर्माण कार्य २०७६।५।२७ मा सम्पन्न गर्ने गरी रु.१३ करोड १७ लाख २२ हजारमा एक निर्माण ब्यवसायीसँग २०७४।३।३० मा सम्झौता गरी रु.२ करोड ३२ लाख ५७ हजार पेस्की दिएकोमा कार्य शुरु नै नगरेकोले ज्वाइन्ट कन्स्ट्रक्सन सर्भे गरी कन्स्ट्रक्सन ड्रईङ्ग स्वीकृत गराउन र कार्य तालिका पेश गर्न २०७४।५।३० मा निर्देशन दिएको छ ।	- अत्यावश्यक अवस्था बाहेक म्याद थप गर्नु हुदैंन तसर्थ अब पटक पटक म्याद थप गर्नको सट्टा निर्माण व्यवसायीलाई मन्त्रालयले सचेत गराई समयमै कार्य सम्पन्न गराउन निर्देशन दिने।

		तत्पश्चात् २०७६।११।१५ मा प्रगति विवरण माग गरेको र निरीक्षण गर्दा प्रगति नदेखिएको भनी २०७६।११।२१ मा कार्य प्रगति र कार्यतालिका पेश गर्ने अन्यथा कारबाही हुने भनी पत्राचार भए तापनि निर्माण व्यवसायीलाई जिम्मेवार नबनाई सचिव स्तरीय निर्यणयानुसार २०७७।११।२९ सम्म म्याद थप भएको छ । मनासिव कारण बेगर म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।	
६१.	३३.३	पूर्वाधार विकास कार्यालय, नुवाकोटले मान्द्रेढुङ्गा खङ्गभन्ज्याङ्ग,गोरस्याङ्ग दाङसिंग काफलपानी सडक स्तरोन्नती गर्ने कार्य एक निर्माण व्यवसायी कम्पनीसँग १५ महिनामा सम्पन्न गर्ने गरी ११ कार्तिक २०७३ मा रु.१२ करोड ६५ लाख ९४ हजारको ठेक्का सम्झौता भएकोमा चौथो पटक २०७६।४।१८ सम्म म्याद थप गरी यो वर्ष अन्तिम बिल समेतबाट रु.१ करोड ५९ लाख ३६ हजार भुक्तानी गरेको छ । कार्यालयले ४ पटकसम्म गरी १३३ प्रतिशत हुने गरी २० महिनाभन्दा बढी अवधि थप गरेको छ । प्रथम पटक कार्यालय प्रमुखले म्याद थप गरेको र दोश्रो पटक प्रदेश मन्त्रालयका सचिवबाट थपको निर्णय भएकोमा तेश्रो पटक मन्त्रालय मातहत रहेको निर्देशनालयका निमित्त निर्देशकबाट म्याद थपको निर्णय गरेको छ भने चौथो पटक मन्त्रालयका सचिवबाट थप गरेको छ । दोश्रो र चौथो पटक म्याद थपको निर्णय प्रदेश मन्त्रालयको सचिवबाट गरेकोमा तेस्रो पटक मन्त्रालय मातहत निर्देशनालयबाट म्याद थप गरिनु नियमसम्मत् देखिएन । नियमानुसार म्याद थपको निर्णय गरिनुपर्दछ।	- म्याद थप गर्ने कार्य नियमानुसार मात्र गर्न र कमजोर कार्य सम्पादन भएका निर्माण व्यवसायीलाई म्याद थप नगरी कारवाही प्रक्रियामा लैजान निर्देशन दिने।पटक पटक म्याद थप गर्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ।

६२.	३३.४	पूर्वाधार विकास कार्यालय, नुवाकोटबाट तीन पिपले ओखरपौवा कोल्पु गल्छी सडक कालोपत्रे गर्ने कार्य २ वर्षभित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२।३।१० मा रु.१६ करोड ९९ लाख १८ हजारको सम्झौता भएकोमा कार्यालयले तेस्रो पटक अवधि थप गर्दा बन्द, वर्षा,चाडपर्व र चिसोको कारण कालोपत्रे गर्न नसकिने आदि उल्लेख गरी म्याद थप माग भएकोमा मन्त्रालयबाट अन्तिम पटकको लागि भनी २९० दिन म्याद थप स्वीकृत गरेको छ । तेस्रो पटक अन्तिम भएको विभिन्न कारण देखाई पुनः चौथोपटक ३२० दिन म्याद थप गरेको छ । तेस्रो पटकको म्याद थपमध्ये ५० दिन र चौथो पटकको ३२० दिन म्याद थप गर्ने उचित कारण नदेखिएकोले पूर्बनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्नुपर्नेमा नलिने गरी म्याद थप गरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्दछ।	अनेकन बहानामा पटक पटक म्याद थप गर्दा जनताको सहजतापूर्वक हिडडुल गर्न पाउने अधिकार खोसिएकोले सम्बन्धीत निर्माण व्यवसायीलाई नियम अनुसार जिम्मेवार बनाउनु पर्दछ। म्याद थप गर्दा क्षतिपूर्ति नलिने गरी म्याद थप गर्ने गरेकोले सम्बन्धीत पदाधिकारीसँग स्पष्टीकरण माग गरी पेश गर्न निर्देशन दिने।
६३.	३३.५	पूर्वाधार विकास कार्यालय, नुवाकोटबाट धादिङ्ग बेसीको दुन्दुरे खोलामा पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७५ श्रावण ३१ गतेसम्म कार्य सम्पन्न गर्ने गरी २०७४ जेठ ३ मा रु.४ करोड ५८ लाख ४० हजारको सम्झौता गरेकोमा दुई पटक अवधि थप गरी सम्झौता अवधि २०७७ असोज मसान्त र भेरिएसनबाट सम्झौता रकम रु.५ करोड २६ लाख ९८ हजार कायम भएको छ । निर्माण व्यवसायीले म्याद थप माग गरेको निवेदनको आधारमा सचिवबाट २०७६।१२।३० सम्म प्रथम पटक म्याद थप स्वीकृत गर्दा अन्तिम पटकको लागि भनी निर्णय भएकोमा निर्माण व्यवसायीले	- नियमानुसार क्षतिपूर्ति रकम असुल गरी बेरुजु फछौंट गर्न निर्देशन दिने।

		निर्माण स्थलको जटिलता,विकटता र वर्षातको कारण उल्लेख गरी २०७७ फागुन मसान्तसम्म म्याद थप गर्न दिएको निवेदनको आधारमा प्रदेश मन्त्रिस्तरिय २०७७।५।१९ को निर्णयबमोजिम दोस्रो पटक कार्यालय प्रमुखबाट २०७७ असोज मसान्तसम्म म्याद थप गरेको छ । निर्माण स्थलको जटिलता र विकटता,वर्षात जस्ता विषय पूर्व जानकारी भएका विषय भएको,निर्माण व्यवसायीले २०७६ फागुन १५ गते २०७७ फागुन मसान्तसम्म र २०७६।१२।५ गते असोज मसान्तसम्म म्याद थप माग गरी निवेदन दिएबाट २०७६ चैत्र ११ गतेबाट शुरु भएको कोभिड १९ र लकडाउनको कारण म्याद थप गर्नु परेको भन्न मिल्ने नदेखिएकोले नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने गरी म्याद थप गर्नुपर्नेमा नलाग्ने गरी म्याद थप गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्दछ।	
६४.	३४	पूर्वाधार विकास कार्यालय चितवनको बाँदरमुढे पूलको संशोधित लागत अनुमान रु.३ करोड १७ लाख ५५ हजार कायम भई सम्झौता रकम रु.२ करोड १८ लाख ८९ हजारबाट रु.२ करोड ५१ लाख ६८ हजार पुग्न गएको छ । सम्झौता अकमा १४.९९ प्रतिशत भेरियसन मन्त्रालयका सचिवबाट स्वीकृत भएको उक्त कार्यमा यस वर्ष रु.३७ लाख २० हजार समेत रु.२ करोड ४९ लाख ३४ हजार खर्च भई निर्माण सम्पन्न भएको छ । उक्त पुलको उचाई जमिनको लेभलबाट ६.०५ मिटर रहेकोले ७.५ प्रतिशत स्लोप राख्दा पनि पहुँचमार्ग ८.५ मिटर हुन आउने हुँदा इम्व्याकमेन्टको परिमाण ३०० घ.मी.ले नपुग्ने भनी संशोधित लागत अनुमानमा ४ हजार ८०० घ.मी. अर्थात् २ हजार ५००	- मन्त्रालयले डिजाईनरसँग राय माग गरी पेश गर्न तत्पश्चात मात्र निर्णय हुने।

		प्रतिशत वृद्धि गरी ४ हजार ३४५ घ.मी. कार्य भएको देखिन्छ। पुलको स्थलगत निरीक्षण गर्दा साइटको अवस्थाको बास्तविक पहिचान नगरी बढी उचाई कायम गरी डिजाइन गरेको कारण भेरीयसन गर्नुपरेकोले एबुटमेन्ट र पिलर निर्माणको कार्यमा समेत बढी परिमाणको कार्य गर्नु परेको छ भने इम्व्याकमेन्ट निर्माणको परिमाण अत्याधिक थप भई शुरु सम्झौताभन्दा रु.३० लाख ४५ हजार बढी व्ययभार पर्न गएको देखिन्छ।	
६५.	३५	पूर्वाधार विकास कार्यालय, चितवनकोकयरखोला पूल निर्माण कार्यको लागत अनुमान रु.६ करोड ६० लाख ४२ हजार रहेकोमा निर्माण कार्य २०७५।६।२७ मा सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसंग रु.५ करोड २६ लाख ६१ हजारको सम्झौता भएकोमा गत वर्षसम्म रु.३ करोड ८३ लाख ८४ हजार भुक्तानी भई ७२.८१ प्रतिशत कार्य भएको देखिन्छ । २०७७ आषाढसम्म म्याद थप भएको एवं यस वर्ष सुपरस्ट्रक्चरको कार्य भए तापनि सो कार्यको स्ट्रेन्थ एम ४५ हुनुपर्नेमा सो नभई गुणस्तर सन्तोषजनक नभएकोले कार्यालयले २०७७।१०।२८ मा त्रुटी सुधारको विस्तृत योजना पेश गर्नको लागि पत्राचार गरेको छ । निर्माण कार्यको नियमानुसार म्याद थप गरी गुणस्तरीय निर्माण कार्य गराउनु पर्दछ।	अदालतमा विचाराधिन अवस्थामा रहेकाले हाललाई कुनै निर्णय नलिएको।
प्रादेशिक सडक डिभिजनहरू			
६६.	३६	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ अनुसार कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी कारण खोली मन्त्रालयको स्वीकृति लिई कार्यक्रममा आवश्यक संशोधन	सम्परीक्षण भइसकेको भनिएकाले सम्परीक्षणको प्रमाण प्राप्त हुनु पर्ने।

		गर्नुपर्नेमा प्रादेशिक सडक कार्यालय, सिन्धुलीले कार्यक्रम संशोधन नगराई खर्च नभएका योजनाको बजेटबाट विभिन्न ७ योजनामा स्वीकृत बजेटभन्दा रु.१ करोड १६ लाख ३२ हजार बढी खर्च गरेको छ । स्वीकृति बेगर खर्च गरेको कानुनसम्मत् देखिएन।	
६७.	३७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण ब्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० उपनियम (६ख) मा उपनियम (६क) बमोजिम थपिएको म्यादभित्र समेत सम्झौता बमोजिमको काम सम्पन्न नभएमा म्याद थप हुनु भन्दा पहिले देखि नै लागु हुने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिइने प्रावधान छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।	सम्परीक्षण भइसकेको भनिएकाले सम्परीक्षणको प्रमाण प्राप्त हुनु पर्ने।
६८.	३७.१	प्रादेशिक सडक नुवाकोटले गजुरी चालिसे सुन्दर नागी सडक निर्माण २०७४।११।११ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु.६ करोड १ लाख २९ हजारको सम्झौता गरेकोमा अवधी समाप्त भएको ४ महिना पछि कार्यालयमा दर्ता नरहेको म्याद थप निवेदनको आधारमा क्षेत्रीय निर्देशकबाट २०७५ आषाढ मसान्तसम्म पहिलो पटक र प्रादेशिक सडक कार्यालय २०७६ वैशाखमा स्थापना भएको,बजेट समयमा नआएको,योजनाहरू हस्तान्तरणको प्रक्रियामा रहेको कारण उल्लेख गरी अन्तिम पटक भनी प्रदेश सचिवबाट २०७६	सम्परीक्षण भइसकेको भनिएकाले सम्परीक्षणको प्रमाण प्राप्त हुनु पर्ने।

		आषाढ मसान्तसम्म दोश्रो पटक म्याद थप गरेको छ । कार्यालयमा दर्ता रहेको एक र कार्यालयमा दर्ता नरहेको अर्को समेत दुई निवेदनको आधारमा सचिवबाट नियमावलीको नवौं संशोधनको प्रावधान बमोजिम २०७७।३।१६ सम्म तेश्रो पटक तथा संघीय मन्त्रिपरिषद्को २०७७।३।२९ को नीतिगत निर्णयानुसार २०७७।९।१५ सम्म कार्यालय प्रमुखले चौथो पटक म्याद थप गरेको छ । नवौं संशोधनको नियम १२० उपनियम (६ख) विपरीत कार्यालय प्रमुखले चौथो पटक म्याद थप गरेको,नियमावलीको नियम १२० अनुसारको मितिमा म्याद थपको निवेदन नदिई ढिला गरी प्राप्त निवेदनको आधारमा एवं निवेदन बेगर नै म्यादथपको निर्णय भएको,नवौं संशोधन अनुसारको म्याद थप उक्त कानुन संशोधन भएको ६० दिनभित्र गरी सक्नुपर्ने प्रावधान विपरीत करिब १०५ दिनपछि म्याद थप गर्ने निर्णय भएको,चौथो पटक थप गरेको अवधिमा समेत निर्माण व्यवसायीले तोकिएको कार्यसम्पन्न नगरेकोले नियमावलीको नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति रु.६० लाख १३ हजार असुल गरी कार्य सम्पन्न गराउनु पर्दछ।	
६९.	३७.२	सोही डिभिजनबाट चापाको बोट बुढी सेरा घले गाउँ सडक निर्माण २०७४।३।२६ सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु.३ करोड ८३ लाख ९७ हजारको सम्झौता भएकोमा सडक विभागका महानिर्देशकबाट २०७५।३।२५ मा थप आर्थिक व्ययभार नपर्ने गरी अन्तिम पटकको लागि भनी प्रथम पटक र नियमावलीको नियम १२० उपनियम (६ क) बमोजिम थप आर्थिक व्ययभार नपर्ने र अन्तिम पटकको लागि	- सम्परीक्षण भइसकेको भनिएकाले सम्परीक्षणको प्रमाण प्राप्त हुनु पर्ने।

		उल्लेख गरी पुनः २०७७।१।३० सम्म दोश्रो पटक म्याद थप भएकोमा समेत २०७७ माघ ९ गतेसम्म पनि निर्माण कार्य सम्पन्न भएको देखिएन । अतः अन्तिम पटकको लागि भनी यस अघी दुई पटक म्याद थप गर्दा राखेको शर्त,नियमावलीको नवौं संशोधनको नियम १२० उपनियम (६ ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम म्याद थप गर्न मिल्ने अवस्था नहुँदा नियम १२१ अनुसारले लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति रु.३८ लाख ४० हजार असुल गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।	
७०.	३७.३	त्यस्तै सोही डिभिजनबाट धमले निरञ्जना दुई पिपल सडक स्तरोन्नती र कालोपत्रे गर्ने कार्य २०७६ असोजसम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु.१५ करोड ५४ लाख ७२ हजारको सम्झौता भएकोमा प्रदेश सचिवबाट नियमावलीको नियम १२०(४) बमोजिम मूल्य समायोजन नहुने र प्रदेश सरकारलाई कुनै पनि किसिमको थप व्ययभार नपार्ने शर्त राखी २०७७।२।२२ सम्म अन्तिम पटकको लागि भनी म्याद थप स्वीकृत गरेको छ । लेखापरीक्षण अवधि २०७७ माघ ९ गतेसम्म पनि उक्त निर्माण कार्यसम्पन्न भएको नदेखिएको हुँदा सम्झौता र कानुनबमोजिम निर्माण कार्य गराउनु पर्दछ।	सम्परीक्षण भइसकेको भनिएकाले सम्परीक्षणको प्रमाण प्राप्त हुनु पर्ने।
७१.	३८	प्रोभिजनल समबाट थप कार्य गर्दा निर्माण व्यवसायीले कार्यालयबाट पूर्व स्वीकृति लिई खरिद लगायतमा भएको वास्तविक खर्चको बिल बिजकहरू संलग्न गरेर भुक्तानी दिनुपर्नेमा प्रादेशिक सडक डिभिजन नुवाकोटले धमले निरञ्जना दुई पिपल सडक निर्माण कार्यका निर्माण व्यवसायीलाई पाँचौं रनिङ्ग बिलको रु.२ करोड ८२ लाख ४४ हजार भुक्तानी दिदा	सम्परीक्षण भइसकेको भनिएकाले सम्परीक्षणको प्रमाण प्राप्त हुनु पर्ने।

		प्रोभिजनल समबाट निर्माण व्यवसायीले एच.डी.ई.पी. पाइप र ह्य्यूम पाइप खरिद गरेको भनी रु.१२ लाख ९९ हजार ठेक्का बिलमा थप गरी भुक्तानी दिँदा पूर्वस्वीकृति लिएको र खर्चका बिल भरपाई पेश गरेको देखिएन । खरिद गरेको पाइपहरूको प्रयोग भई कार्य गरेको देखिने नापी किताब समेत पेश नभएकोले रु.१२ लाख ९९ हजार निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।	
जलस्रोत तथा सिंचाइ विकास डिभिजनहरू			
७२.	३९	निर्माण ब्यवसायीले सम्झौता अनुसारको कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्नेमा सिन्धुपाल्चोककोबाह्रविसे सिंचाई आयोजना २०७४।७।२ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७३।४।३ मा एक निर्माण ब्यवसायीसँग रु.१ करोड २४ लाख ८२ हजारको सम्झौता भएकोमा आयोजना निर्माणबाट भू-क्षय हुन सक्ने लगायतका कारण अवरोध सिर्जना भई निर्माण शुरु हुन सकेको छैन । निर्माण ब्यवसायीले म्याद थप माग गरेकोमा निर्णय नभएको एवं सुविस्ताको आधारमा ठेक्का तोडी सम्झौता रद्द गर्न दिएको निवेदनमा कारबाही नभएको स्थिति छ । ठेक्काको उपयुक्त व्यवस्थापन गर्नुपर्दछ।	- योजना कार्यान्वयनमा लैजाने वा तर्जुमा गर्ने क्रममा योजना व्यवस्थापनका पक्षमा ध्यान दिईनु पर्दछ। कार्यान्वयन चरणमा आएका योजना सञ्चालनका क्रममा आएका व्यवधानहरु तत्काल सम्वद्ध पक्षले ध्यान दिन जरुरी देखिन्छ। - ठेक्का रद्ध भएको कागजात पेश गर्न निर्देशन दिने।
७३.	४०	अमारेखोला सिंचाई योजना बेलकोटगढी नुवाकोटको लागत अनुमान रु.९४ लाख ४५ हजार रहेकोमा विद्युतीय बोलपत्रको सूचना अनुसार पर्न आएका ३ प्रस्तावहरूमध्ये प्रथम घटि कबोल गर्ने एक कन्स्ट्रक्सनको कवोल अङ्क रु.७० लाख ७० हजार रहेकोमा कार्यालयले स्पष्ट कारण र आधार बेगर उक्त निर्माण व्यवसायीको प्रस्तावलाई अयोग्य मानी दोश्रो घटि प्रस्ताव कवोल गर्ने अर्को संयुक्त उपक्रमको रु.७९ लाख ४९ हजार स्वीकृत गरी सम्झौता	- अमारेखोला सिंचाई योजना वेलकोट नुवाकोटको विद्युतीय वोलपत्रको सुचना अनुसार पर्न आएका प्रस्तावहरु मध्ये प्रथम घटी कवुल गर्नेलाई नदिएर अर्को दोस्रोलाई दिनुको स्पष्ट कारण र आधार खुलाउन निर्देशन दिने, अयोग्यताका कागजात पेश गर्न निर्देशन दिने।

		गरेकोले रु.९ लाख ९३ हजार थप व्ययभार पर्न गएको छ । स्पष्ट कारण र आधार सहित सम्झौता गर्नुपर्दछ।	
७४.	४१	उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समिति र कार्यालयले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएकोले सोही अनुपातमा भुक्तानी गर्नुपर्नेमा सिमराफाँट सिंचाई जल उपभोक्ता समिति नुवाकोटसँग रु.१७ लाख १६ हजार जनश्रमदान समेत रु.५८ लाख १३ हजारको सम्झौता भएकोमा समितिले रु.४३ लाख ७ हजार बराबरको कार्य गरी रु.३४ लाख ६९ हजार भुक्तानी दिएको देखियो। उपभोक्ता समितिले घटि कार्य गरेकोमा जनश्रमदान वापत आनुपातिक रूपमा रु.१२ लाख ७१ हजार कट्टी गरी रु.३० लाख ३६ हजार भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रु.४ लाख ३३ हजार असुल गर्नुपर्दछ।	अर्को आ.व.मा उक्त कार्य भएको र योजना सम्पन्न हुँदा कुल जनश्रमदान प्राप्त भएकोले जवाफ आएकोले प्रमाण पेश गरी सम्परीक्षण गराउने।
७५.	४२	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४५ मा खर्च गर्दा खर्चका कलमहरूको प्रमाण पुगेकोमा विश्वस्त हुनुपर्ने व्यवस्था छ। शिखरबेसी सिंचाई योजना नुवाकोटको निर्माण व्यवसायीलाई अन्तिम बिल रु.१३ लाख ११ हजार भुक्तानी दिंदा जम्मा भएको कार्य रु.६९ लाख ७६ हजार (मू.अ.कर बाहेक) मा अघिल्लो बिलसम्मको भुक्तानी रु.५९ लाख २४ हजार घटाउनु पर्नेमा रु.५८ लाख १५ हजार घटाएर रु.१ लाख ८ हजार बढी भुक्तानी दिएको, जलस्रोत तथा सिंचाई विकास डिभिजन, ललितपुरले उपभोक्ता समितिलाई भुक्तानी दिंदा श्रमदानको अंश कट्टा नगरी भुक्तानी दिई बढी भुक्तानी दिएको	- तत्काल सम्परीक्षण गराउन निर्देश दिने। - वढी भुक्तानी भएको रकम सम्बन्धीत व्यवसायी/ समिति मार्फत असुल उपर भएको भनिएकोले तत्काल सम्परीक्षण गराउन निर्देशन दिने

		रु.१ लाख ९० हजार, जलस्रोत तथा सिंचाई विकास डिभिजन, दोलखाले फरक दरबाट भुक्तानी दिई बढी भुक्तानी भएको रु.३ लाख ४४ हजार समेत रु.६ लाख ४२ हजार असुल हुनुपर्दछ।	
७६.	४३	प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३७(३) मा खर्च गर्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ । जलस्रोत तथा सिंचाई डिभिजन काठमाडौंले आपतकालीन बाढी तथा पहिरो पुनःस्थापना कार्यका लागि दुइ सप्लायर्सहरूसंग रु.९ लाख ६३ हजार ग्याबियन बक्स खरिद गरी सरोकारवालालाई वितरण गरेकोमा प्रयोग भएको प्राविधिक पुष्टयाइ सहितको प्रमाण पेश हुनुपर्दछ।	जलस्रोत तथा सिंचाई डिभिजन काठमाडौले आपत कालिन बाढी तथा पहिरो पूनस्थापना कार्यको लागि दुई सप्लायर्स सँग ग्याविन बक्स खरिद र सरोकारवालालाई वितरण गरेको प्राविधिक पुस्टयाँइको लागि दैवी प्रकोप उद्वार समितिको निर्णय र वितरणको नामनामेसी पेश गर्न निर्देशन दिने।
७७.	४४	सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२८(२)(घ) मा सम्झौता अनुसारको कार्य सम्बन्धितबाट गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
७८.	४४.१	लागत अनुमान रु.३१ लाख ३८ हजार रहेको चोक्टे खोला रूपथाङ खोला सिंचाई योजना दोलखाको निर्माण कार्यको लागि उपभोक्ता समिति र जलस्रोत तथा सिंचाई विकास डिभिजनबीच२०७७।३।२० मा कार्यसम्पन्न गर्ने गरी २०७७।२।२७ मा सम्झौता भएकोमा रु.११ लाख १५ हजारको (३५.५१ प्रतिशत) मात्र कार्य गरी सम्पन्न देखाएकोले योजना अलपत्र अवस्थामा रहेको छ।	- उक्त योजना सम्पन्नताको सुनिश्चित गर्ने, उपभोक्ता समितिलाई जिम्मेवार बनाउन आवश्यक नीतिगत व्यवस्था गर्न निर्देशन दिने, अलपत्र अवस्थामै भक्तानी दिने परिपाटी रोक्ने तथा यस्ता अधुरा योजना सम्पन्त गर्न मन्त्रालयलाई निर्देशन दिने।

७९.	४४.२	जलस्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुलीबाट २०७६।११।१२ मा सम्झौता भई २०७७।३।२५ मा सम्पन्न हुनुपर्ने सम्झौता रकम रु.१ करोड ७७ लाख १७ हजार रहेका नदी नियन्त्रणका ३ योजनामा रु.८८ लाख २१ हजारको (४९.७ प्रतिशत) मात्र कार्य भएकोमा २०७७।७८ मा ती योजनामा रकम विनियोजन नभएकोले योजना अधुरो रहेको छ । आवश्यक बजेट व्यवस्था गरी उक्त योजना सम्पन्न गर्नुपर्दछ।	- यस्ता अधुरा योजना सम्पन्न गराउन आवश्यक बजेट व्यवस्था गरी योजना सम्पन्न गर्न निर्देशन दिने। - यस्ता योजना अर्को आ.व मा पहिलो प्राथमिकतामा राखिनु पर्ने।
८०.	४४.३	नुवाकोटको एक सिंचाई निर्माण कार्यको लागि उपभोक्ता समितिसँग रु.४८ लाख ८८ हजारको सम्झौता भएकोमा तोकिएको अवधिभित्र रु.२९ लाख ९० हजारको मात्र कार्य गरी कार्यसम्पन्न गरेको देखियो। यसरी घटि कार्य गरेकोमा भेरिएशन आदेश स्वीकृत नगरेको एवं समितिलाई जवाफदेही नबनाएको उचित देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ।	- उपभोक्ता समितिबाट हुने कार्यलाई थप जवाफदेही बनाउन समितिबाट भएका कामको परिमाण र गुणस्तरमा कमी नआउने गरी नीतिगत व्यवस्था गर्ने ।
शहरी विकास तथा भवन कार्यालय			
८१.	४५	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलाञ्चोकले मूल्य अभिवृद्धि कर र ओभरहेड सहित रु.२ करोड २६ लाख ५० हजार लागत अनुमान भएका दुई योजनामा उपभोक्ता समितिबाट गराई यस वर्ष रु.१ करोड ७० लाख खर्च गरेको कानुनसम्मत् देखिएन । सीमाभन्दा बढीको कार्य बोलपत्रको माध्यमबाट	- उपभोक्ता समितिले गर्ने कार्यको कानुनी सिमा बमोजिम नदेखिएकोले यस्ता कार्य वोलपत्रको माध्यमबाट गराउन निर्देशन दिने।

		गराउनु पर्दछ।	
८२.	४६	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा लगत अनुमानमा समावेश भएको जनश्रमदानको अंश कट्टी गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन कार्यालय, मकवानपुरले उपभोक्ता समिति मार्फत गराएका १० निर्माण कार्यमा उपभोक्ता समितिको अंश सम्झौतामा उल्लेख नगरी कार्य गराई रु.१ करोड १८ लाख १६ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिको जनश्रमदानको अंश बेगर समिति मार्फत काम गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।	लाभग्राहीहरुलाई लागतको हिस्सेदार बनाउँदा कार्यक्रमको दीगोपना बढ्दछ तसर्थ उपभोक्ता समितिबाट काम गराउँदा अनिवार्य रुपमा जनश्रमदानको अंश उल्लेख गरी कार्यान्वयन गरिनुपर्दछ।
८३.	४७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) मा उपभोक्ता समितिबाट कार्य गराउँदा जनसहभागिता अंश समावेश गर्नुपर्ने, नियम ९७(३)(घ) मा सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने व्यवस्था छ । भवन डिभिजन सिन्धुलीले लागत अनुमान रु.५३ लाख ७५ हजार रहेको फिक्कल तालिम केन्द्र भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ । लागत सहभागिता नहुने र संचालन र मर्मत सम्भार उपभोक्ता समितिबाट नहुने यस्ता कार्य प्रतिस्पर्धात्मक तरिकाले गर्नुपर्दछ।	समुदायकै हित बमोजिम त्यसको उपयोग भईरहेको देखिएकोले बेरुजु फछौंट गर्न महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने।

८४.	४८	जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५को बूँदा नं. ५ मा साधारणतया दश लाभग्राही परिवार वसोवास भएको स्थान वा वस्तीमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । सोही कार्यविधिको बुँदा नं.७ मा सम्झौता बमोजिम शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्यसम्पन्न भएको मानिने, बूँदा ८(३) मा लागत सहभागिता बापत लाभग्राहीले कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रूपमा निर्माण गर्नुपर्ने एवं कार्यविधिको अनुसूची-३ मा छाना तथा झ्याल ढोका र शौचालय निर्माण कार्यसम्पन्न भएपछि सम्झौता रकमको अन्तिम किस्ता (१० प्रतिशत) सम्बन्धित खातामा उपलब्ध गराइने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
८५.	४८.१	वार्षिक कार्यक्रम अनुसार मकवानपुर जिल्लामा २०७४।७५ बाट शुरु भएका ५०० घरधुरी र २०७६।७७ मा ६५० घरधुरी एवं चितवन जिल्लामा ८०२ घरधुरी निर्माण गर्नुपर्नेमा मकवानपुर जिल्लाको क्रमागततर्फ ३५८ घरधुरी निर्माण सम्पन्न भई रु.१ करोड ७८ लाख ५५ हजार भुक्तानी भएको र ९ घरधुरीलाई दोस्रो किस्तासम्मको रकम रु.९ लाख ६० हजार समेत रु.१ करोड ८८ लाख १५ हजार भुक्तानी दिएको देखिन्छ । मकवानपुर जिल्लातर्फ २०७६।७७ को ६५० घरधुरीको कार्यक्रम र चितवन जिल्लाको ८०२ घरधुरीको कार्यक्रम संचालन भएको छैन । कार्यक्रम संचालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ।	- कार्यक्रम सञ्चालन गर्दा सम्भावित उपायहरुको उपयोग गरी प्रगती हासिल गर्न निर्देशन दिने। - जनता आवाज कार्यक्रमको लक्षित वर्गका सबैलाई कार्यक्रमबाट लाभ दिलाउन मन्त्रालयले विशेष ध्यान पुऱ्याउन निर्देशन दिने।

८६.	४८.२	शहरी विकास तथा भवन कार्यालय, सिन्धुलीले कार्यक्रमको लागि ५९५ लाभग्राही पहिचान गरेकोमा १० घरको पहिलो किस्ता, ५६ घरको दोस्रो र २०२ घरको अन्तिम किस्ता भुक्तानी दिई २६८ घर निर्माण कार्य कार्यान्वयन गरेको छ । पहिचान भएका बाँकी लाभग्राहीका आवास निर्माण कार्य तदारुकतासाथ अगाडि बढाउनु पर्दछ।	- बजेट प्राप्त नभएकाले कार्यान्वयन हुन नसकेको जवाफ प्राप्त भएकाले समयमै यथासक्य बजेट व्यवस्थापन गर्न र पहिचान भएको बाँकी लाभग्राहीका आवास निर्माण कार्य तदारुकताका साथ अगाडी बढाउन निर्देशन दिने।
८७.	४८.३	शहरी विकास तथा भवन कार्यालय, नुवाकोटले नुवाकोटमा ७८, धादीङमा २२१ र रसुवामा ३९ जना लाभग्राहीसँग आवास निर्माणको लागि सम्झौता भएकोमा नुवाकोटमा ४६, धादीङमा २२१ र रसुवामा ३९ जना लाभग्राहीले पहीलो किस्ता बापत रु.२ करोड ४५ लाख ३४ हजार अनुदान लिएका छन् । दश लाभग्राही परिवार वसोवास भएको स्थान वा वस्तीमा गर्नुपर्ने प्रावधान भएपनि विभिन्न स्थानमा छुट्टाछुट्टै छरिएर रहेका दलित लाभग्राहीलाई छनौट गरी अनुदान उपलब्ध गराएको छ । कार्यविधिले एकीकृत वस्ती निर्माण तथा विकासको अपेक्षा गरे पनि सो अनुरूप आवास कार्यक्रम संचालन नभएकोले कार्यविधिको पालना गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।	- कार्यविधीको पालना गरी लाभग्राही छनौट गर्न निर्देशन दिने।
८८.	४८.४	शहरी विकास तथा भवन कार्यालय, नुवाकोटले ८३ घरको अन्तिम किस्ता भुक्तानी गरेकोमा प्राविधिकद्वारा तयार गरेको लागत अनुमान एवं कार्यसम्पन्न प्रतिवेदनमा शौचालय निर्माण भएको नदेखिएकोले कार्यविधिको व्यवस्थाबमोजिम लाभग्राही सुलभ शौचालय निर्माण गरेको रु.२४ लाख ८९ हजार भुक्तानी मनासिव देखिएन।	- भुक्तानीका क्रममा लाभग्राहीले शौचालयको फोटो सहित पेश गरेको र प्राविधिक लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनमा शौचालय निर्माणको विवरण नराखिएको भन्ने जवाफ प्राप्त भएकोमा प्राविधिकले कार्यविधी बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने।
यातायात व्यवस्था कार्यालय			

८९.	४९	यातायात व्यवस्था कार्यालयहरू,काठमाण्डौ,ललितपुर,भक्तपुर र मकवानपुरका ६ कार्यालयबाट २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको नयाँ सवारीचालक अनुमति पत्र वितरण,नवीकरण तथा विदेशी सवारीचालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेको छ ।यातायात व्यवस्था विभागबाट सवारी साधनहरूको दर्ता तथा नवीकरण एवं व्यवस्थित अभिलेख र राजस्व असुलीमा सहजताका लागि प्रयोगमा ल्याएको भेइकल रजिस्ट्रेशन सिस्टम (भि.आर.एस.) प्रणाली लागू गरी यस वर्ष६ कार्यालयले नयाँ सवारीचालक अनुमति पत्र जारी,नवीकरण जस्ता सेवा प्रवाहबाट रु.३ अर्ब ८९ करोड ५९ लाख १२ हजार राजस्व आर्जन भएको छ।	- समयमै सवारी लगत डिजिटाइजेशनका लागि उपयुक्त सफ्ट्वेयर प्रणाली जडान गरी नागरिकलाई सेवाको सहजता तथा सुनिश्चितता र राजश्वको यथार्थ अवस्था चित्रण हुन सक्ने व्यवस्था मिलाउन निर्देशन दिने। - राजश्व प्रणाली पारदर्शी बनाउन निर्देशन दिने।
९०.	४९.१	उक्त सफ्टवेयरबाट दैनिकरूपमा प्राप्त सबै प्रकारका राजस्व आम्दानी राजस्वको मासिक प्रतिवेदन (म.ल.प.फ.नं.११०) सँग स्वचालित रूपमा भिडान हुनुपर्नेमा प्रणालीमा अटोलिङ्क, सेल्फरिपोटिङ र सेल्फ डिस्प्ले नभई मेनुअल्ली गर्नुपर्ने अवस्था छ भने सवारी साधन दर्ता र नवीकरण विवरण सफ्टवेयरबाट प्राप्त नहुने, एउटै रसिद नम्बरबाट दुई पटक कारोवार देखिने, तिर्नुपर्ने रकमको जोड्जम्मा फरक देखाउने,सवारी नम्बर फरक परी रसीद काटिएमा नम्बर सच्याउने व्यवस्था सिष्टममा नभई रद्द गर्नुपर्ने तर रद्द गरिएका रसीदहरूको छुट्टै प्रतिवेदन नहुने, सवारी साधनको दर्ता, सवारी कर, नवीकरण शुल्क, जरिवाना, रुटपरमिट र अन्य राजस्व बापत जति रकम प्रविष्टी गर्दा पनि सफ्टवेयरले अस्वीकार नगर्ने अवस्थाले गर्दा सङ्कलित राजस्व यथार्थपरक छ भन्ने अवस्था छैन । तसर्थ सफ्टवेयर अपडेट गरी सवारी दर्ता नवीकरण र	

		राजश्वको यथार्थ चित्रण हुने व्यवस्था मिलाउनु पर्दछ।	
९१.	५०	यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) बाट नयाँ सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण तथा विदेशी सवारी चालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेकोमा हरेक वर्ष सवारी चालक अनुमतिपत्र लिने सेवाग्राहीको संख्या बढ्दै गए अनुरूप सवारी चालक अनुमतिपत्र वितरण प्रक्रिया सरल र प्रभावकारी हुन सकेको छैन । कार्यबोझका तुलनामा कर्मचारीको संख्या कम रहेको, सूचना प्रविधिमैत्री जनशक्तिको न्यूनता रहेको, नियमित तालिमको व्यवस्था नभएको, ट्रायल पासपछि स्मार्ट कार्ड (सवारीचालक अनुमतिपत्र) समयमा नपाउँदा सेवाग्राहीको असन्तुष्टि रहेको, प्रयोगमा ल्याइएको सफ्टवेयरको कनेक्टिभिटीमा बारम्बार समस्या आउने गरेको, सफ्टवेयरमा एकै सेवाग्राहीको दुई वा दुई पटकभन्दा बढी इन्ट्री हुने समस्या रहेको, जस्ता समस्या तथा कठिनाई रहेको देखिन्छ । त्यस्तै रुट पर्मिट प्रक्रिया अन्तर्गत सार्वजनिक यातायात संचालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपुऱ्याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न नभइसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिनुपर्ने अवस्था रहेको, विना इजाजत सवारी साधन संचालन हुने	- अन्तर तह समन्वयमा जोड दिन निर्देशन दिने - यातायत प्रणालीमा धेरै प्रकारका समस्या रहेकाले आम समस्या समाधानका लागि स्पष्ट कार्ययोजना तयार गरी जनशक्ति व्यवस्थापनमा आवश्यक सहकार्य गरी सेवा प्रवाहलाई चुस्त बनाउन निर्देशन दिने। - कार्य विभाजन र छुट्टै मन्त्रालय स्थापित भएकाले कार्यान्वयन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन निर्देशन दिने। - महालेखापरीक्षकबाट दिइएका सुझावहरु कार्यान्वयन गर्न निर्देशन दिने।

		गरेको, यातायात व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । अतः चालक अनुमति पत्र वितरण प्रक्रिया एवं सार्वजनिक यातायात सेवालाई सरल,व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनु पर्दछ	
कार्यमूलक लेखापरीक्षण			
९२.	५१	कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यकता रहेको छ । प्रदेशको कुल क्षेत्रफल २० लाख १० हजार ४४३ हेक्टर मध्ये २३.३० प्रतिशत अर्थात्\४ लाख ६८ हजार ५०४ हेक्टर जमिन खेतियोग्य रहेको छ । कुल खेतियोग्य जमिनको ६३.७३ प्रतिशत अर्थात्\२ लाख ९८ हजार ५६४ हेक्टर जमिनमा खेति भई रहेको र खेती भई रहेको जमिनको ४३.१५ प्रतिशत अर्थात् १ लाख २८ हजार ८३० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको अवस्था छ । जस अनुसार कुल खेती भई रहेको जमिनमध्ये ५६.८५ प्रतिशत अर्थात् १ लाख ६९ हजार ७३४ हेक्टरमा सिँचाइ सुविधा पुग्न बाँकी छ । प्रदेश भित्रका कतिपय सिँचाइ सुविधा पुगेका जमिनहरू घर घडेरी तथा खेती बाहेकका अन्य प्रयोजनमा समेत प्रयोग भई रहेको अवस्था रहेको छ । यस सम्बन्धमा अध्ययन गरी सिँचाइ सुविधा भएको जमिन खेति बाहेक अन्य प्रयोग गर्न रोक लगाउने नीति बनाउनु पर्दछ।	- खेतीयोग्य जमिनलाई घरघडेरी तथा खेती बाहेकका अन्य प्रयोजनमा उपयोग नहुने गरी नीति निर्माण गरी कार्यान्वयन गर्न र सोको लागि आवश्यक समन्वय गर्न निर्देशन दिने। - खेतीयोग्य जमिनमा आएको ह्रासका कारण मुलुक खाद्य संकटतर्फ उन्मुख हुने सम्भावित जोखिम न्युनिकरणकरणका लागि आवश्यक पहल गर्न निर्देशन दिने।

९३.	५२	सार्वजनिक खरिद कानुनमा सार्वजनिक निर्माण सम्बन्धी कार्य निर्माण ब्यवसायीको अलावा उपभोक्ता समितिबाट समेत गराउन सक्ने व्यवस्था अनुसार सिंचाई आयोजनाहरूको उपभोक्ता समिति परिचालन मार्फत निर्माण कार्य हुने गरेको छ । २०७६।७७ मा प्रदेश अन्तर्गतको सिँचाइ कार्यालयहरूमा रु २ अर्ब ८ करोड ९ लाख ३८ हजार पूजिगत खर्च भएकोमा ९८ प्रतिशत आयोजनाको निर्माणमा खर्च भएको छ । यसरी निर्माणमा भएको कुल खर्चमध्ये ४५.८१ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत भएको छ । कार्यालयगत रूपमा सबैभन्दा बढी जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, मकवानपुरले ८४.९५ प्रतिशत, काठमाण्डौंले ७१.१८ प्रतिशत र भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, चितवनले ७०.३१ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गराएका छन् । सबैभन्दा घटि जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, ललितपुरले १०.२६ प्रतिशत, सिन्धुलीले २०.८९ प्रतिशत र दोलखाले ३१.२६ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गराएका छन्। कार्यालयगत रूपमा भएको निर्माण खर्चमध्ये १०.२६ देखि ८४.९५ प्रतिशतसम्म कार्य उपभोक्ता समिति मार्फत गराएको कारण उपभोक्ता समितिबाट काम गराउने सम्बन्धमा नीतिगत एकरूपतादेखिएन । उपभोक्ता समितिमार्फत नै काम गराउनुपर्ने वा निर्माण ब्यबसायी मार्फत गराउनुपर्ने भन्ने स्पष्ट नीति नभएका कारण कार्यालय अनुसार उपभोक्ता समितिबाट काम गराउने आफ्नै प्राथमिकता रहेको पाईयो । कस्तो प्रकृतिको कार्य अनिवार्यरूपमा गराउनुपर्ने, कस्तो गराउनै नहुने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्दछ।	- उपभोक्ता समिति मार्फत हुने कार्य सार्वजनिक खरीद विधीहरुमध्ये महत्वपूर्ण विधी हो, सिंचाईका कार्यहरुमा उपभोक्ता समितिको सहभागिता महत्वपूर्ण हुने भएकाले उपभोक्ता समितिलाई सहभागी गराउन अधिकतम् उत्प्रेरित गरिनु पर्दछ। उपभोक्ता समितिबाट हुने कार्यमा भएका कमजोरीहरु सुधार सहित स्पष्ट कार्यविवरण र कार्य प्रकृति बाडफाँडका लागि प्रष्ट कार्यनीति निर्माण गर्न निर्देशन दिने। - निश्चित विधि र प्रक्रिया स्थापित गर्न तथा उपभोक्ता समिति र टेन्डरको कार्य प्रकृति स्पष्ट विभाजन गर्न निर्देशन दिने।

९४.	५३	सिँचाई नियमावली, २०५६ को नियम ३ मा उपभोक्ता संस्थाको दर्ता गर्दा सिँचाई प्रणालीका उपभोक्ताहरले उपलब्ध भएसम्म तेत्तीस प्रतिशत महिला, दुईजना दलित, उत्पीडित र पिछडिएका जनजाति सहित एघार जनासम्मको कार्य समिति गठन गर्नुपर्ने र उपभोक्ता समिति गठन गर्दा सिँचित क्षेत्रको उपभोक्तामध्ये कम्तीमा सतसठ्ठी प्रतिशत उपभोक्ताको प्रतिनिधित्व हुनुपर्न उल्लेख छ । लेखापरीक्षण क्षेत्रमा समावेशमध्ये मकवानपुर, चितवन, नुवाकोट, सिन्धुपाल्चोक र रामेछाप जिल्ला स्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयले संचालन गरेको ७१ योजनामा परिचालन भएका उपभोक्ता समिति गठनको अवस्था निम्नानुसार देखिएको छ :	
९५.	५३.१	मकवानपुर र सिन्धुपाल्चोकले २१ योजनामा संलग्न उपभोक्ता समितिको कार्य समितिमा २०९ सदस्य रहेको र सोमध्ये महिला एवं दलित, उत्पिडित, जनजातिको संख्या क्रमशः ७१ (३४ प्रतिशत) र ४८ (२३ प्रतिशत) रहेको देखिन्छ।	- उपभोक्ता समिति निर्माणका क्रममा समावेशी सहभागिताको सुनिश्चितता हुने गरी उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी मापदण्ड/कार्यविधि तर्जुमा गर्न निर्देशन दिने।
९६.	५३.२	चितवन, नुवाकोट र रामेछाप स्थित कार्यालयबाट प्राप्त जानकारी अनुसार ५० योजनासँग सम्बन्धित उपभोक्ता संख्या ८ हजार ५५७ मध्ये उपभोक्ता समिति गठनको समयमा ३ हजार ९०६ अर्थात् ४५.६५ प्रतिशत उपस्थित भएका छन् । यसरी उपस्थित भएका उपभोक्ता मध्येबाट ४६९ सदस्यीय कार्य समिति चयन भएको र सोमध्ये महिला र दलितको संख्या क्रमशः १६४ (३५ प्रतिशत) र १५५ (३३ प्रतिशत) रहेको छ।	- उपभोक्ता समितिका पदाधिकारीहरु सम्भव भएसम्म वास्तविक उपभोक्ता समितिको उपस्थिति हुने गरी कार्यविधि वा मापदण्ड निर्माण गर्न निर्देशन दिने।

९७.	५३.३	उपभोक्ता समितिको कार्य समितिमा कस्ता ब्यक्तिहरू रहन सक्ने र कस्ता ब्यक्तिहरू रहन नपाउने भनी स्पष्ट व्यवस्था नभएकोले स्थानीय रूपमा प्रभाव भएका जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी एवं शिक्षक लगायतका टाठाबाठाहरूकै संलग्नता रहने अवस्था छ।	- उपभोक्ता समितिमा रहने पदाधिकारीमा अनाधिकृत व्यक्तिको प्रवेश हुदाँ वास्तविक लाभग्राही बाहिर रहने र कार्यसम्पादन आवश्यकतामा आधारित नभई दुरुपयोग हुने जोखिम न्यूनिकरण गर्न सकिने गरी नीति निर्माण गर्न निर्देशन दिने।
९८.	५३.४	उपभोक्ताको परिभाषा समेत ऐन कानुनमा एकरूपता देखिदैन । सार्बजनिक खरिद ऐन तथा नियमाबलीले समेत उपभोक्ता समितिको परिभाषा गरेको छैन । उपभोक्ता समिति गठन गर्दा सम्बन्धित सरकारी निकायका प्रतिनिधिको रोहवरमा गर्ने र निर्माण हुने आयोजनासँग प्रत्यक्ष रूपमा संलग्न उपभोक्ता समितिहरू मध्येबाट कार्य समिति चयन गर्ने भनिएपनि कतिपय अवस्थामा प्रत्यक्षरूपमा संलग्न हुने व्यक्ति समुह पहिचान गर्न कठिन हुन्छ । जसले गर्दा समेत उपभोक्ता समितिको कार्य समितिमा आयोजनासँग प्रत्यक्ष रूपमा सम्बन्ध नभएको भएपनि प्रतक्ष्य संलग्न भएको उल्लेख गरी चयन हुन सक्ने समेत देखिएको छ । यस स्थितिमा आयोजनाको अपनत्व नहुने र निर्माण पश्चात आयोजनाको दिगो संचालनमा असर पर्ने देखिन्छ । तसर्थ उपभोक्ता समितिको कार्य समितिमा उपयुक्त पदाधिकारी छनौट सुनिश्चित हुने गरी उपभोक्ता समिति गठन सम्बन्धी स्पष्ट कार्यविधि बनाई लागू गर्नुपर्दछ।	- महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
९९.	५४	जलस्रोत ऐन/नियमावलीले जिल्ला जलस्रोत समितिमा दर्ता हुने व्यवस्था गरेको छ । सिंचाई मन्त्रालयले जारी गरेको सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी उपभोक्ता संस्थाबाट निर्माण कार्य गर्ने गराउने कार्यविधि, २०६९ ले सिंचाई कार्यालयमा दर्ता हुने व्यवस्था गरेको छ	- नविकरणमा समस्या रहेको र योजना आउँदासम्म नविकरण गर्ने नत्र नगर्ने प्रवृति रहेको, सिंचाई सम्बद्ध उपभोक्ता समितिको मन्त्रालयमानै नविकरण हुने व्यवस्था रहेको, नीतिगत

		। लेखापरीक्षण क्षेत्रमा समावेश जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरूबाट उपभोक्ता समिति दर्ता र नवीकरण विवरण माग गरेकोमध्ये मकवानपुर, चितवन, नुवाकोट, धादिङ लगायत ७ जिल्ला स्थित कार्यालयमा २०७५।७६ र २०७६।७७ मा दर्ता एवं नवीकरण भएका र सिंचाई योजना निर्माण कार्यमा परिचालन भएका उपभोक्ता समितिको सम्बन्धमा निम्नानुसार देखिएको छ :	एकरुपता नहुदाँ फरकफरक प्रकृतिका कार्यका लागि फरकफरक मापदण्डका आधारमा कार्यान्वयन हुदाँ समस्या भएकाले छाता कार्यविधी आवश्यक रहेको, वास्तविक उपभोक्ता सहितको दिगो समिति जसले निर्माण,संचालन र मर्मत सम्भार समेत गर्ने गरी समिति निर्माण गर्न, सबै प्रकारका विकृति समाधान हुने गरी नीति निर्माण गर्न निर्देशन दिने।
१००.	५४.१	ती ७ कार्यालयहरूमा २०७५।७६ मा ६२ उपभोक्ता समिति दर्ता भएको, ४४ उपभोक्ता समितिले नवीकरण गराएको एवं ८७ उपभोक्ता समिति निर्माण कार्यमा परिचालन भएका छन् । कार्यालयहरूले उक्त वर्ष मात्र दर्ता र नवीकरण गराएका उपभोक्ता समितिको संख्या मात्र उपलब्ध गराएकोले योजनामा परिचालन भएका उपभोक्ता समितिको संख्या बढी देखिन गएको छ।	
१०१.	५४.२	यसैगरी २०७६।७७ को अवधिमा ती कार्यालयहरूमा ११२ उपभोक्ता समिति दर्ता, ७० उपभोक्ता समितिको नवीकरण र १६१ उपभोक्ता समिति आयोजना निर्माणमा परिचालन भएका छन् । यो वर्ष ७० उपभोक्ता समितिले मात्र नवीकरण गराएकाले २०७५।७६ मा दर्ता भएकाहरू समेत सबै उपभोक्ता समिति नवीकरणको लागि आएको देखिएन।	
१०२.	५४.३	आर्थिक वर्ष २०७५/७६ मा ६ कार्यालयमा ६२ वटा संस्था दर्ता भएकोमा २०७६/७७ मा ११२ संस्था दर्ता भएकोले उपभोक्ताको चासो बढ्दै गएको देखिन्छ । तथापी सो वर्षमा दर्ता तथा नवीकरण भएका कुल १०६ उपभोक्ता संस्थामध्ये जम्मा ८७ उपभोक्ता संस्था मात्र निर्माण कार्यमा संलग्न भएका छन्।	

१०३.	५४.४	नुवाकोट जिल्लामा सिंचाई कार्यालयले दर्ता भएका बाहेक अन्य निकायमा (स्थानीय तहमा) दर्ता भएका संस्थासंग समेत सम्झौता गरेको छ । अतः सिंचाई योजनामा उपभोक्ता संख्या परिचालनलाई थप प्रभावकारी बनाउनु पर्दछ । उपभोक्ता समिति दर्ता र परिचालन सम्बन्धमा छाता कार्यबिधि नभएका कारण आआफ्नै प्रयोजनको लागि दर्ता एवं परिचालन हुने व्यवस्था रहेको छ । स्थानीय तहले गर्ने कार्यको लागि स्थानीय तहमा नै दर्ता हुने खानेपानी सम्बन्धी कार्य गर्नको लागि खानेपानी तथा सरसफाई डिभिजनकार्यालयमा दर्ता नबीकरण हुने व्यवस्था छ । हाल प्रदेश मन्त्रालयबाट खर्च हुने अधिकांश बजेटको हिस्सा उपभोक्ता समिति मार्फतनै परिचालन भएको अवस्था छ । कृषि ज्ञान केन्द्र तथा पशुकार्यालयबाट संचालन हुने योजनाको लागि उपभोक्ता समिति स्थानीय तहमादर्ता हुने व्यवस्था छ । डिभिजन वन कार्यालय र पर्यटनसँग सम्बन्धित कार्यालयको कार्य गर्ने उपभोक्ता समितिहरूले स्थानीय तहको सिफारिसमा कार्य गर्ने गरे तापनि दर्ता हुने गरेको छैन । कतिपय अवस्थामा पटकेरूपमा कुनै काम विशेषको लागि मात्र उपभोक्ता समिति दर्ता हुने गरेका छन । सबै उपभोक्ता समितिहरू जिल्ला प्रशासन कार्यालय वा स्थानीयतहमा एकिकृतरूपमा दर्ता हुने व्यवस्था छैन । कार्यालयपिच्छे दर्ता हुँदा झन्झटिलो हुनुका साथै एकिकृत अभिलेख र क्षमता बिकासका क्रियाकलाप संचालन गर्न समेत समस्या परेको अबस्था छ ।यसरी विभिन्न कानुन र कार्यविधि बमोजिम फरक फरक स्थानमा उपभोक्ता समिति दर्ता एवं नवीकरण हुने अवस्था रहेको र यी समिति स्थायी प्रकृतिका संस्था हुने वा प्रत्येक योजनापिच्छे दर्ता हुनुपर्ने सम्बन्धमा स्पष्टता छैन । यस सम्बन्धमा एकरूपता हुने गरी कानुन र कार्यविधि	

		बनाउनु पर्दछ	
१०४.	५५	सिँचाई नीति, २०७० र सिँचाई नियमावली, २०५६ मा परियोजना निर्माणको लागत अनुमानमा उपभोक्ताले व्यहोर्नु पर्ने अंश उल्लेख छ । सिँचाइ नियमावली अनुसार बृहत, ठूला, बहुद्देश्यीय, मझौला र साना सिँचाई आयोजना नयाँ निर्माणमा कामको प्रकृति अनुसार लागतको ३ देखि ५ प्रतिशत र सुदृढीकरणमा लागतको ३ देखि १० प्रतिशत उपभोक्ताले व्यहोर्नु पर्ने उल्लेख छ । नयाँ प्रविधि, भूमिगत सिँचाइ र लिफ्ट सिँचाइमा कामको प्रकृति अनुसार ५ देखि २५ प्रतिशतसम्म उपभोक्ताले व्यहोर्नुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, नुवाकोट,ललितपुर र चितबनले श्रमदान बापत कट्टी गर्नुपर्ने रु.३ लाख ५९ हजार कट्टी गरेको छैन । यसरी उपभोक्ता समितिबाट जनसहभागिता हुने गरी कार्य गराउने निकायले महालेखापरीक्षकको कार्यालयबाट २०७६।२।१९ मा स्वीकृत भएको म.ले.प.फा.नं.५१४ को ढाँचामा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन तयार नगरेबाट उपभोक्ता समिति परिचालन गरी सम्पन्न निर्माण कार्यमा जनसहभागिता खुल्ने विवरण प्राप्त हुन सक्ने अवस्था छैन । तोकिएको ढाँचामा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन तयार गर्नुपर्दछ।	- कार्य प्रगतिका आधारमा जनसहभागिता कट्टा गरी भुक्तानी दिन र म.ले.प.फा.नं. ५१४ को ढाँचामा जनसहभागितामा सम्पादित कार्यको विवरण अनिवार्य रुपमा तयार गर्न निर्देशन दिने।
१०५.	५६	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिले गर्न सक्ने र नसक्ने कामको स्पष्ट वर्गीकरण नभएकोले	- प्राविधिकबाट निर्मित लागत अनुमानमा स्पष्ट गरिएको कार्यविवरणको पहिचान गरी उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई दिने भन्ने विषय योजना कार्यान्वयनको सुरुवाती चरणमानै स्पष्ट

		उपभोक्ता समितिले सबै प्रकारको कार्य गर्न खोज्ने ठेक्का प्रक्रिया शुरु गर्दा समयमा नै सम्पन्न नहुने सालबसाली आयोजनाहरूको सम्बन्धमा सबै प्रकृतिका कार्य उपभोक्ता समितिबाट हुने गरेको छ । उपभोक्ता समितिले सिंचाई आयोजनाको हेडवर्क्स र पक्की नहर निर्माण लगायतका जटिल प्रकृतिका कार्य समेत गरेका छन् । स्पष्ट वर्गीकरणको अभावमा कुन कार्य उपभोक्ता समिति मार्फत गराउने कुन नगराउने भन्ने सम्बन्धमा अन्यौलता रहेको छ । यस अवस्थामा उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न सक्ने र पर्याप्त सीप र दक्षताको अभावमा कामको गुणस्तरमा समेत असर पर्नसक्ने देखिएकोले उपभोक्ता समिति मार्फत गराउन सकिने र गराउन नसकिने कार्यको स्पष्ट वर्गीकरण गर्नुपर्दछ।	पारी काम गराउन र जनश्रमदान योग्य कार्य विभाजन गरेर मात्र कार्यान्वयन गराउन निर्देशन दिने।
१०६.	५७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) बमोजिम उपभोक्ता समितिमार्फत रु.१ करोडसम्म लागत अनुमान भएका कार्य गराउन सकिने व्यवस्था छ । लेखापरीक्षण गरेका कार्यालयहरूमा आयोजनाहरूको लागि सालबसाली रूपमा प्राप्त बजेटको आधारमा केही उपभोक्ता समिति र केही कार्य निर्माण ब्यवसायी मार्फत गराएकोले सोही वर्षलाई मात्र आधार लिँदा उल्लिखित सीमाभन्दा घटिकै कार्य उपभोक्ता समितिबाट भएको देखिन्छ । सिंचाई आयोजनाहरू एकै वर्षमा सम्पन्न नहुने भएकोले यस्ता आयोजनाहरूमा प्रत्येक वर्ष उपभोक्ता समितिबाट हुने वा भएको कार्य गणना गर्दा उक्त सीमा नाघ्ने अवस्था देखिएको छ । उदाहरणार्थ जलस्रोत तथा सिंचाई विकास डिभिजन सिन्धुलीले एक सिंचाई योजनाको रु.१ करोड १ लाख ९९ हजार लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउने गरी सम्झौता गरेको छ । कानुनमा उल्लेख भएको सीमा आयोजनाको समग्रता वा सालबसाली रूपमा हुने कार्यसँग तुलना गर्ने विषय अस्पष्ट देखिएकोले यस सम्बन्धमा समेत स्पष्ट गर्नुपर्दछ।	- उपभोक्ता समितिबाट गरिने कार्यको सम्बन्धमा रहेको सिमा रकमको विषयमा देखिएको अस्पष्टता हटाउन योजनाको लागत र वार्षिक विनियोजित बजेट एवं उपभोक्ताबाट हुनुपर्ने कार्यको अशं मध्ये कुनलाई आधार लिने हो सोको स्पष्ट नीतिगत व्यवस्था गर्न निर्देशन दिने।

१०७.	५८	सार्वजनिकखरिद नियमावली, २०६४ को नियम ९७(१२) मा कानुन अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । सिँचाइ नियमावली, २०५६ को नियम ९ मा उपभोक्ता संस्थाले सेवा शुल्क तथा अन्य आयको नब्वे प्रतिशतमा नघट्ने गरी सिँचाई प्रणाली तथा संरचनाको मर्मत सम्भार कार्यको लागि छुट्टै कोष खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कानुनमा उल्लिखित यी व्यवस्थाहरूले आयोजनाको दिगोपनालाई जोड दिएको छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, काठमाडौं र नुवाकोटले योजना हस्तान्तरणको अभिलेख राखेको छैन । त्यस्तै जलस्रोत तथा सिंचाई विकास डिभिजन, रामेछापले उपभोक्ता समिति मार्फत ३२ निर्माण कार्य गराई रु.५ करोड १८ लाख भुक्तानी दिएकोमा कुनै पनि योजना हस्तान्तरण गरेका छैनन् । लेखापरीक्षण क्षेत्रमा समावेश जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुलीबाट सञ्चालित योजनामा सेवाग्राहीबाट सेवा शुल्क असुल गरी मर्मत सम्भार कोष स्थापना गरेको पाइएन । अधिकांश जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय अन्तर्गतका उपभोक्ता समितिहरूले त्यस्तो कोष स्थापना नगरेको कारण सानातिना मर्मतको लागि समेत सम्बन्धित निकायमै अनुरोध हुने गरेको छ । सिंचाई कार्यालयहरूमा हरेक वर्ष आयोजनाहरू मर्मत सम्भारको लागि बजेट व्यवस्था भई खर्च हुने गरेकोले समेत यस कुरालाई थप पुष्टि गरेको छ । हस्तान्तरण भइसकेको आयोजनाको रेखदेख र मर्मत सम्भारको लागि कोषको व्यवस्था गरी उपभोक्ता समितिले यस सम्बन्धी पूरा जिम्मेवारी बहन गरी	- ठोस नीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउन, काबु बाहिरको परिस्थिति बाहेक पुनः बजेट व्यवस्थापन नगर्न तथा मर्मत सम्भारको लागि उपभोक्तालाई जिम्मेवार बनाउन निर्देशन दिने। - महालेखापरीक्षकबाट दिइएको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

		आयोजनाको दिगो संचालनमा योगदान गर्नुपर्दछ।	
१०८.	५९	आर्थिक वर्ष २०७६।७७ मा प्रदेश अन्तर्गतको सिंचाई कार्यालयहरूमा रु.२ अर्ब ८ करोड ९ लाख ३८ हजार खर्चमध्ये ९८ प्रतिशत निर्माण कार्यमा खर्च भएकोमा उपभोक्ता समिति मार्फत ८५ प्रतिशतसम्म र समग्रमा ४५.८१ प्रतिशत कार्य भएको छ । अतः ठूलो मात्रामा उपभोक्ता समिति मार्फत कार्य हुने,जटिल प्रविधि प्रकृतिका कार्य समेत गर्ने हुँदा उपभोक्ता समितिको क्षमता विकास महत्त्वपूर्ण रहेको छ । कतिपय अबस्थामा निर्माण ब्यबसायी मार्फत गराउनुपर्ने कार्य समेत अनुभब नभएका उपभोक्ता समितिबाट गराउनुपर्ने तर उपभोक्तालाई तालिम दिई क्षमता अभिवृद्धि गर्न नसकिएकोले कामको गुणस्तर कायम गर्न समस्या देखिन्छ । उपभोक्ता समितिलाई तालिम दिने निकायको व्यवस्था समेत छैन । जलस्रोत तथा सिंचाई डिभिजनको कार्यक्रममा तालिम दिने व्यवस्था गर्ने गरे तापनि यथेष्ट तालिमको व्यवस्था भएको देखिएन । आर्थिक वर्ष २०७५।७६ मा जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय,चितवनले ६,सिन्धुपाल्चोकले ३,काभ्रेपलाञ्चोकले २,रामेछापले ३,मकवानपुरले १ र नुवाकोटले १ वटा समितिलाई तालिम दिएकोमा २०७६।७७ मा सिन्धुपाल्चोकले २,काभ्रेपलाञ्चोकले ७,चितवनले ४ र नुवाकोटले १ वटालाई तालिम दिएको छ भने रामेछाप र मकवानपुरले यस वर्ष तालिम संचालन गरेको छैन । अतः उपभोक्ता समितिलाई कानूनी व्यवस्था,अभिलेख व्यवस्थापन र प्राविधिक विषय तालिमको	- तालिम र क्षमता विकासमा Project Specific तालिमको व्यवस्था गरी अनिवार्य गराउन निर्देशन दिने। - आयोजनामा नै क्षमता विकासका लागि रकम व्यवस्थापन गर्न निर्देशन दिने। - क्रमागत र बहुवर्षिय योजनामा मात्र क्षमता विकास कार्यक्रम संचालन गर्न निर्देशन दिने।

		पर्याप्त व्यवस्था गर्नुपर्दछ	
१०९.	६०	सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितब्ययीता,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी श्रृजना गर्ने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को ९७(९) मा निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर,डोजर र ग्रेडर प्रयोग गर्न नहुने व्यवस्था भएकोमा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय काठमाडौं नुवाकोट लगायत ७ बाट उपभोक्ता समितिले त्यस्ता उपकरणहरू प्रयोग गरी कार्य गराएकोले एकातिर नियमको पालना भएको छैन भने अर्कोतिर रोजगारी सृजनामा योगदान नभएको स्थिति छ।	- उपभोक्ता समितिबाट हुने कार्यमा उपकरणको प्रयोगको लागि रकमको सिमा तोक्ने गरी नियमावलीमा पुनरावलोकन गर्न निर्देशन दिने।
११०.	६१	उपभोक्ता समितिबाट कार्य गराउँदा मितब्ययीता,गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने,रोजगारी श्रृजना हुने,उपभोक्ता समितिको काम पारदर्शी,जवाफदेही हुने र निर्माण कार्यप्रति अपनत्व हुने लगायतका सकारात्मक पक्षलाई अंगिकार गर्न तथा नियममा स्पष्ट व्यवस्था नभएका विषयहरूलाई स्पष्ट पारी उपभोक्ता समितिको कार्यमा पारदर्शिता,जवाफदेहीता अभिवृद्धि गरिनुपर्दछ ।यस प्रयोजनका लागि निर्देशिका तयार गर्नुपर्ने हुन्छ । प्रदेश नं.२ ले उपभोक्ता समिति परिचालन सम्बन्धी निर्देशिका तयार गरी लागु गरेको छ । तर यस प्रदेशमा निर्देशिका तयार गरको देखिएन । तसर्थ उपभोक्ता समिति परिचालन सम्बन्धि निर्देशिका तयार गरिनुपर्दछ । उक्त निर्देशिकामा उपभोक्तासमितिको दर्ता र निरन्तरता,आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त	- समय सान्दर्भिक नियमको पुनरावलोकन गर्न र महालेखापरीक्षकबाट दिइएको सुझाव बमोजिम निर्देशिका तयार गर्न निर्देशन दिने।

		गर्ने गरी सो स्थानमा स्थायी बसोबास गर्ने बासिन्दाहरूले आमभेलाबाट समिति गठन हुने व्यवस्था,उपभोक्ता समितिका सदस्यको योग्यता, उपभोक्ता समिति सूचीकृत हुनुपर्ने, उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार, जटिल प्रकृतिको कार्यको परिभाषा र वर्गीकरण, उपभोक्ता समितिले गर्ने कुल कार्यमध्ये निश्चित प्रतिशत श्रममूलक कार्य हुनुपर्ने,स्थानीय तहले तयार गरेको बेरोजगार ब्यक्तिको सूचीमा सूचीकृत ब्यक्तिलाई श्रमिकको रूपमा काम खटाई रोजगारी सृजना गर्ने व्यवस्था उल्लेख गर्नुपर्दछ । यसैगरी उपभोक्ता समितिबाट काम गराउने लागत अनुमानको विस्तृत ब्याख्या,एक करोडको सीमा छल्ने उद्देश्यले काममा टुक्रा पार्न नहुने,उपभोक्ता समितिको क्षमता विकास, समितिलाई भुक्तानी गर्दा समितिले ब्यहोर्ने अंश (प्रतिशत) कट्टा गरी भुक्तानी दिनुपर्ने,आयकर ऐन,२०५८ बमोजिम भुक्तानीमा कर कट्टा गर्ने विषय,उपभोक्ता समितिले आय-ब्ययको प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन सार्वजनिक निकायमा पेश गर्नुपर्ने,उपभोक्ता समितिले निर्माण ब्यवसायीलाई ठेक्कामा काम दिए नदिएको एवं प्रयोग भएका सामग्रीको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने विषय,उपभोक्ता समितिले निर्माण सामग्री लगायतका सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्ने,उपभोक्ता समितिसँग भएको सम्झौताको म्याद थप, भेरिएशन स्वीकृति र अधुरो काम प्रतिको उपभोक्ताको जिम्मेवारी र क्षतिपूर्ति, उपभोक्ता समितिले पेश गर्ने निर्माण कार्यको विलको ढाँचा,उपभोक्ता समितिबाट कार्य गराउँदा प्रयोग हुने बोलपत्र सम्बन्धी कागजातको ढाँचा,योजना हस्तान्तरण र मर्मत सम्भार कोष,लगायतका विषय	

		समावेश गरी निर्देशिका तर्जुमा गर्नुपर्दछ।	
१११.	६२	उपभोक्ता समिति परिचालन गरी गर्ने कार्यको पारदर्शिता र जवाफदेहीताको लागि आयोजना खाता, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण एवं निर्माण स्थलमा सूचना पाटी राख्ने लगायतका व्यवस्था गर्नुपर्दछ । लेखापरीक्षणको सिलसिलामा स्थलगत निरीक्षण गरिएका सिन्धुली, दोलखा, चितवनका २/२ र मकवानपुर र काभ्रेपलाञ्चोकको १/१ समेत ९ उपभोक्ता समितिहरूले आयोजना खाता नराखेको एवं सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण समेत नगराएको अवस्था देखिएको छ । ती आयोजना स्थलहरूमा सूचना पाटी राखेको समेत छैन । पारदर्शिता र जवाफदेहीताको लागि आयोजना खाता, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सूचना पाटीको अनिवार्य व्यवस्था गर्नुपर्दछ।	- आयोजना खाता, सार्वजनिक सुनुवाई, सूचना पाटी, सामाजिक परिक्षणको उपयोग अनिवार्य रुपमा गराउन निर्देशन दिने।
११२.	६३	महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ मा उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्य विषयमा कार्यमूलक लेखापरीक्षण गरी उपभोक्ता समितिको परिभाषामा स्पष्ट गरिनुपर्ने, पटके उपभोक्ता समितिले गरेका कार्यको मर्मत सम्भारको जिम्मेवारी लिने संस्था नहुने र कार्य वेवारिसे हुने हुँदा सो सम्बन्धमा कानूनी व्यवस्था गर्नुपर्ने, उपभोक्तालाई अभिमूखीकरण तालिमको व्यवस्था गर्नुपर्ने, लागत साझेदारी सम्बन्धी कार्यविधि तयार गर्नुपर्ने, जनसहभागिताको दर, प्रकृति, क्षेत्र र विधिमा स्पष्टता ल्याउनु पर्ने, जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने कार्य बन्द गर्नुपर्ने, रोजगारी प्राप्तिको अभिलेख राख्नुपर्ने, कार्यको दिगोपना र जवाफदेहीता सुनिश्चित गर्नुपर्ने, वातावरणीय पक्षामा ध्यान दिनुपर्ने, खर्चको सार्वजनिकीकरण प्रक्रिया प्रभावकारी बनाउने लगायतका सुझावहरू दिइएकोमा सोको कार्यान्वयन	- महालेखापरीक्षकले उल्लेख गरेबमोजिमका सुझावहरु कार्यान्वयन गर्न निर्देशन दिने।

		हुन सकेको छैन । अतः प्रदेश स्तरमा समेत उपभोक्ता समितिबाट कार्य गराउँदा उपरोक्त विषयहरू समावेश गरी कार्यविधि बनाई उपभोक्ता समिति परिचालनलाई थप व्यवस्थित बनाउनु पर्दछ।	
बेरुजु स्थितिः सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्ने।			

परिच्छेद ३

३ महालेखापरीक्षकको प्रतिवेदन, २०७९ उपर भएका निर्णयहरु

३.१ प्रदेश सभा सचिवालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	**कानुन तर्जुमा** -आर्थिक वर्ष २०७४।७५ मा प्रथम पटक गठित प्रदेश सभाको आर्थिक वर्ष २०७७।७८ सम्म ९ वटा अधिवेशन बसी सभामा कानुन निर्माणको लागि ६७ वटा विधेयकहरू दर्ता भएको मध्ये ६२ वटा विधेयक पारित भई ऐनको रुप धारण गरेको छ भने एक विधेयक सदनमा विचाराधिन अवस्थामा रहेको छ।	कानून निर्माणमा प्रदेश सभाबाट खेलिनुपर्ने भूमिका प्रभावकारी ढंगले निर्वाह गरी कानून तर्जूमाका लागि आवश्यक सहजिकरण गर्न निर्देशन दिने ।
२	२	**संसदीय समितिको निर्णय कार्यान्वयन**-नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार बागमती प्रदेश सभाले प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरेको छ । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७७।७८ सम्म ६९१ निर्णयहरू गरेका छन् । समितिका निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।	संसदीय समितिको निर्णय कार्यान्वयनबारे जानकारी भएमा मात्र प्रभावकारी कार्यान्वयन हुन्छ । तसर्थ समितिको निर्देशन कार्यान्वयनको अवस्थाबारे जानकारी प्राप्त गर्न सचिवालय र समितिले विशेष ध्यान दिई निर्देशन पालनको अवस्थाबारे जानकारी संकलन र थप निर्देशनको लागि निर्णय लिने संयन्त्र विकास गर्न निर्देशन दिने ।

३	३	**दरबन्दीरपदपूर्ति**-सचिवालय अन्तर्गत मर्यादापालक बाहेक ३६ दरबन्दी रहेकोमा एक सचिव, दुई उप सचिव सहित १५ दरबन्दी रिक्त रहेको देखिन्छ ।दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्य सञ्चालन, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएकोछ। स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ।	समय मै पदपूर्ति गर्नका लागि आवश्यक पहल गर्ने साथै कर्मचारी लामो समयसम्म सरुवा नहुनका लागि आवश्यक उत्प्रेरणा तत्वहरु व्यवस्था गर्ने तर्फ ध्यान दिन निर्देशन दिने ।
बेरुजु स्थिति-लगती बेरुजु सम्परीक्षण गराई अध्यावधिक गर्नुहुन ।			

३.२ भौतिक पूर्वाधार विकास मन्त्रालय

क्र.सं	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१.	१	**कार्य जिम्मेवारी** -मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरुप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण (हाउस पुलिङ्ग) सम्बन्धी नीति, खानेपानी तथा सरसफाई सम्बन्धी प्रादेशिक नीति, खानेपानी तथा सरसफाई क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एवं वातावरण मैत्री अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री यातायात प्रबर्द्धन लगायतको कार्य यस वर्ष पनि भएको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।	प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम निर्धारित जिम्मेवारीको क्षेत्रभित्रका नीति र कार्यक्रममा समावेश गरी कार्यान्वय गर्न निर्देशन दिने ।
२.	२	**खर्च दक्षता –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ। प्रदेश सरकारको विनियोजन विधेयक, २०७७ अनुसार २०७७।०७८ को लागि मन्त्रालयलाई शुरुमा रु.१२अर्व ५५ करोड ९७ लाख ८९ हजार बजेट विनियोजन भएकोमा रु.१ अर्व ९० करोड २२ लाख थप भई रु.१३ अर्व ७८ करोड ८७ लाख ८९ हजार कायम भएको देखिन्छ। उक्त बजेटमध्ये मन्त्रालय र मातहत कार्यालयसमेतमा रु.१० अर्व ६६ करोड ८७ लाख ५८ हजार खर्च भई रु.३ अर्व १२ करोड ३१ हजार बजेट बाँकी देखिएकोले मन्त्रालयले यस	योजना छनौटका त्रुटीहरु सच्याइ योजना निर्माण र तर्जुमा गर्न, प्रदेश नीति तथा योजना आयोग र परियोजना बैंकमार्फत कार्यहरु गर्न , कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्न र सोका लागि आवश्यक पूर्वाधारहरु व्यवस्थापन गर्न साथै योजनाको आकार तथा मापदण्ड कायम गरी कार्यान्वयनमा ल्याउन, योजनाका औजारहरुको उपयोग गर्न र समय मै नीति तर्जुमा गर्न निर्देशन दिने ।

		वर्ष कुल विनियोजनको ७७.३७ प्रतिशतमात्र खर्च गर्नसकेको देखिन्छ।कार्यान्वयनयोग्य कार्यक्रमको आधारमा वजेटको प्रस्ताव, तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ	
३.	३	**रकमान्तर** -प्रदेश सरकार विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम १० प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षकबाट अर्कोशीर्षकमा रकमान्तर गर्न सकिने उल्लेख छ । मन्त्रालय र मातहत कार्यालयको विभिन्न कार्यक्रममा शुरु विनियोजनको ०.७५ प्रतिशतदेखि ४१.०६ प्रतिशत तथा औषतमा १३.४१ प्रतिशतसम्म रकम रकमान्तर भई रु.१ अर्ब ८८ करोड ३९लाख थप भएको देखिन्छ । त्यसैगरी शुरु विनियोजनको ०.०३ देखि ९७.९९ प्रतिशत तथा औषतमा ६.९२ प्रतिशत रकमान्तर भई रु.६५ करोड ४९ लाख बजेट घटेको देखिन्छ। तसर्थ मन्त्रालयले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा ध्यान दिई आर्थिक वर्षको अन्तसम्म रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	ऐनले निर्दिष्ट गरेको सीमाभन्दा बढी रकम रकमान्तरले योजना तर्जुमा क्षमता तथा कार्यान्वयन दक्षतामा प्रभाव पार्ने भएकोले सीमाभन्दा बढी रकमान्तर नगर्न र यस्ता विषयमा संवेदनशील हुन निर्देशन दिने ।
४.	४	**कार्यक्रम संशोधन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा कार्यक्रम, योजना, क्रियाकलाप, चौमासिक लक्ष्य, भार सहित योजनाको छनौट गरी सोही अनुरुप क्रियाकलाप संचालन हुनुपर्नेमा २०७८।३।३१ मा कार्यक्रम संशोधन गरी मन्त्रालयतर्फ रु.१ अर्ब २२ करोड ९० लाख, पूर्वाधार विकास कार्यालयतर्फ रु.२४ करोड ७२ लाख ४६ हजार, खानेपानी तथा सरसफाई डिभिजनतर्फ रु.३१ करोड ९२ लाख ६ हजार, जलश्रोत तथा सिँचाइ डिभिजनतर्फ रु.४ करोड २९ लाख ३२ हजार र अन्यतर्फ रु.४ करोड ५५ लाख ५४ हजारसमेत रु.१ अर्ब८८ करोड ३९ लाख ३८ हजार शुरु कार्यक्रमभन्दा भिन्न क्रियाकलापमा खर्च गरेको देखिन्छ । कार्यक्रम संशोधन गरी वर्षान्तसम्म रकम निकासा गर्ने	कार्यक्रम संसोधनमार्फत बजेट कार्यान्वयन हुँदा सार्वजनिक कोषको पूर्ण सदुपयोग तथा योजना तर्जुमा क्षमता माथि नै प्रश्नचिन्ह खडा हुन्छ । योजना निर्माण कै चरणमा घनिभूत छलफल, विमर्श र परामर्श गरी कार्यक्रम छनौट गरिनुपर्ने र सोको अनिवार्य कार्यान्वयन हुनुपर्ने अवस्थाको सिर्जना हुनुपर्दछ । तसर्थ कार्यक्रम संसोधन गर्ने अत्यावश्यक र जटिल परिस्थितिमा मात्र उपयोग गर्ने गरी निरुत्साहित गर्न निर्देशन दिने ।

		प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।	
५.	५	**पुँजीगत खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको विगत ३ वर्षको पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा २०७५।७६ मा स्वीकृत बजेटको ५४.०२ प्रतिशत मात्र खर्च भएकोमा पछिल्ला २ बर्षहरूमा सुधार भई क्रमशः ६६.३२ प्रतिशत र८०.०२ प्रतिशत पुगेपनि लक्ष्य अनुरुप खर्च न्यून देखिन्छ । आयोजना एवं कार्यालय प्रमुखसँग गर्नुपर्ने काम र समयसीमा सहितको कार्यसम्पादन सम्झौता एवं स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी शतप्रतिशत पुँजीगत खर्च गर्ने क्षमता राख्न प्रयत्न गर्नुपर्दछ।	पुँजीगत खर्च वृद्धिका लागि योजना छनौट, तर्जुमा, व्यवस्थापनका चरणहरुमा ध्यान दिई जनशक्तिको व्यवस्थापन र परिचालन गर्न तथा आयोजना तथा कार्यालय प्रमुखसँगको कार्यसम्पादन सम्झौता अनिवार्य गर्न निर्देशन दिने ।
६.	६	**कन्टिन्जेन्सी खर्च**-प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाउने व्यवस्था रहेको छ । कन्टिन्जेन्सी खर्च अन्तर्गत दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी, छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यालय सञ्चालन खर्चमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले रु.९७ लाख २१ हजार, मकवानपुरले रु.९१ लाख २ हजार, सिन्धुपाल्चोकले रु.७१ लाख ७३ हजार, पूर्वाधार विकास कार्यालय, काभ्रेपलान्चोकले रु.२ करोड ३ लाख ७९ हजार, रामेछापले रु.१ करोड ८० लाख ४७ हजार, ललितपुरले रु.१ करोड ७ लाख ८३ हजार, सिन्धुपाल्चोकले रु.१ करोड ४५ लाख ९२ हजार, यातायात पूर्वाधार विकास निर्देशनालयले रु.७७ लाख ६५ हजार, जलस्रोत तथा सिँचाई	कन्टिजेन्सी खर्चको प्रभावकारी उपयोग गर्नका लागि स्पष्ट कार्यविधि आवश्यक रहने र "कन्टिजेन्सी खर्च व्यवस्थित गर्न बनेको कार्यविधि २०७८" तर्जुमा भई कार्यान्वयनमा आइसकेको अवस्थामा सो कार्यविधिको पूर्ण कार्यान्वयन गर्न निर्देशन दिने ।

		विकास डिभिजन कार्यालय, दोलखाले रु.७४ लाख ९१ हजार, काभ्रपलान्चोकले रु.५५ लाख ९३ हजार, ललितपुरले रु.११ लाख ८६ हजार, काठमाडौले रु.२८ लाख २ हजार, धादिङ्गले रु.३४ लाख १६ हजार खर्च गरेका छन् । नियममा विस्तृत व्यवस्था गरी कन्टिन्जेन्सी खर्चको कार्यविधि समेत तर्जुमा गरी यसप्रकारका खर्च व्यवस्थित गर्नुपर्दछ।	
७.	७	**विस्तृत परियोजना प्रतिवेदन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने ब्यवस्था छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा ८७ प्याकेज बनाई रु.११ करोड ८९ लाख ७७ हजारको १४९ योजनाको विस्तृत परियोजना प्रतिवेदन लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्दा अधिकांश परामर्शदाताहरूसँग एक प्रतिशत वा सो भन्दा घटीमा सम्झौता भएको छ। परामर्शसेवा खरिद सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरू निम्न अनुसार रहेका छन् :-	विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्श सेवा खरिदका लागि एकीकृत योजना बनाई प्रतिस्पर्धात्मक विधि अवलम्बन गरिनु पर्दछ । टुक्रा पारेर गरिने खरिदले सार्वजनिक खरिदमा हुने मितव्ययिता र सेवाको गुणस्तरमा समेत प्रभाव पार्दछ । तसर्थ निम्न निर्देशनहरु दिइएको छः
८.	७.१	मन्त्रालय मातहतकै पूर्वाधार विकास निर्देशनालयले विद्युतीय बोलपत्र मार्फत ७ वटा पुलको डिपिआर कार्य खरिद गर्दा ५५.४२ प्रतिशत घटिमा र ५ वटा पुलको अर्को प्याकेजको खरिद कार्य गर्दा ४४.१६ प्रतिशत घटिमा सम्झौता भएकोले औषतमा ५०.०९ प्रतिशत घटिमा कार्य भएको छ । मन्त्रालयले बोलपत्र नगरी रु.११ करोड ८९ लाख ७७ हजारको परामर्श सेवा खरिद गर्दा उल्लेखित बोलपत्रको तुलनमा रु.५ करोड ९५ लाख ९६ हजार थप व्ययभार परेको छ । प्रतिस्पर्धा कम हुने गरी खरिद गरेको कारण खरिद कार्य मितव्ययी नभई बढी व्ययभार पारेको सम्बन्धमा संलग्न पदाधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्दछ।	छलफलका क्रममा स्पष्ट जवाफ प्राप्त नभएको र प्रतिस्पर्धा बेगर गरिएको खरिदबाट राज्यकोषमा ठूलो रकम घाटा परेका कारणबाट पदाधिकारीहरुले त्यसको स्पष्ट जवाफ दिनु पर्ने। योजना निर्माण र छनौटका क्रममा डिपिआर निर्माण र आवश्यकता पहिचान गरिने भएकाले यस प्रयोजनका लागि हुने खरिद प्रतिस्पर्धात्मक बनाउन निर्देशन दिने ।

९.	७.२	यस मन्त्रालयले २०७५।७६ मा १५७, २०७६।७७ मा १०९ र यस वर्ष १४९ गरी ३ वर्षमा ४१५ योजनाको विस्तृत परियोजना प्रतिवेदन बनाई रु.४० करोड खर्च गरेको छ । स्वीकृत डिपिआर बमोजिमका सबै योजनाहरू कार्यान्वयनमा गएको अवस्थामा मात्र नयाँ डिपिआर तयार गर्नुपर्नेमा २१५ योजना मात्र कार्यान्वयन भएकोले डिपिआर तयारी कार्यमा भएको निरन्तरता उचित देखिएन । कार्यान्वयन गर्न बाँकी २०० योजनाको कार्यान्वयन पश्चात मात्र नयाँ योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन बनाउनुपर्दछ।	कार्यान्वयन योग्य योजना र क्षमताका आधारमा मात्र डिपिआर तयार गर्ने र डिपिआर तयार भएका योजनालाई कार्यान्वयनमा ल्याउन योजना तर्जुमा र बजेट व्यवस्थापन गर्ने, पूर्व सम्भाव्यता अध्ययन पश्चात मात्र डिपिआर तयार गर्ने, त्रीवर्षीय र पञ्चवर्षीय योजनामा लिंक हुनेगरी योजनाको डिपिआर गर्ने, स्थानीय तह र प्रदेश तह बीचको योजना कार्यान्वयनको आकार तथा आधार निर्माण गरेर मात्र योजना तर्जुमा र बजेट व्यवस्थापन गर्ने ।
१०	७.३	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४अनुसार आगामी आर्थिक वर्षमा गर्न सकिने खर्चको सीमा निर्धारण गनुपर्ने, नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययनपश्चात आगामी वर्ष खर्च हुनसक्ने रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालय र मातहतका निकायहरूबाट सडक, सिँचाइ, खानेपानी, भवन, मठमन्दिर, धर्मशाला, सामुदायिक भवन, खेलकुद मैदान जस्ता निर्माण सम्बन्धी विभिन्न परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न पुँजीगत अनुसन्धान तथा परार्मशमा रु.४८ करोड ५३ लाख बजेट व्यवस्था भएकोमा यस वर्ष रु.२४ करोड ३५ लाख २२ हजार खर्च लेखेको छ । सोमध्ये रु.११ करोड ८९ लाख ७७ हजार मन्त्रालयले र बाँकी रु.१२ करोड ४५ लाख ४४ हजार मातहत कार्यालयहरूले खर्च गरेको देखिन्छ। तसर्थ कार्यक्रममा देखिएको तहगत दोहोरोपना बन्द गर्नुपर्दछ । साथै तयार भएका प्रतिवेदनहरूको कार्यान्वयन हुने सुनिश्चितता नरहेको अवस्थामा त्यस्ता प्रकारको खर्चको उपलब्धी मापन गर्न सक्ने अवस्था छैन। तयार भएका आयोजना प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ।	नयाँ आयोजनाको पहिचान पश्चात संम्भाव्यता अध्ययन र डिपिआरको आवश्यकता सहित खर्चको रकम प्रस्ताव गरी कार्यान्वयन हुन सक्ने आयोजनाको एकीकृत गरेर मात्र अगाडि बढाउने। यसो गर्दा तहगत दोहोरोपना कम हुने भएकाले आयोजनाहरुको डिपिआर मातहतका कार्यालयबाट गराउने र स्पष्ट अभिलेखको व्यवस्था गर्ने र दोहोरोपना हटाउने निर्देशन दिने।

११.	७.४	बागमती प्रदेश अन्तर्गतका सबै जिल्लामा गत विगतमा यस मन्त्रालयबाट तथा प्रदेश सरकारका अन्य निकायहरूबाट तयार भएको डि.पि.आर.हरू कार्यान्वयनका क्रममा पुनः पुनरावलोकन गर्ने गरेको पाईयो । गत वर्ष पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्गको डिपीआर तयारी कार्यमा रु.१ करोड ३९ लाख खर्च भएको र मन्त्रालयबाट प्रतिवेदन स्वीकृत भएकोमा यस वर्ष उक्त आयोजनाले सोही प्रतिवेदन अद्यावधिक गर्ने अर्को एक परामर्शदातासँग सम्झौता गरी रु.५४ लाख भुक्तानी दिएको छ । त्यसैगरी हेटौडा अस्पतालको भवन निर्माणको लागि सामाजिक विकास मन्त्रालयबाट तयार तथा स्वीकृत भएको डिपिआर स्थान फरक परेको कारण पुनरावलोकनका लागि यस मन्त्रालयले रु.१६ लाख ६० हजार खर्च गरेको छ । एउटै कार्यमा दोहोरो खर्च भई थप व्ययभार परेको छ।	–डिपिआरको प्रभावकारिता अध्ययन पश्चात मात्र अन्तिम प्रतिवेदन स्वीकृत गर्ने, सम्बन्धित परामर्श दाताहरुलाई नै जिम्मेवार बनाई प्रतिवेदन अध्यावधिक गराउनुपर्ने, –हेटौडा अस्पतालको जग्गाको सुनिश्चितता नभई डिपिआर तयारी गर्न नहुनेमा सो गरीएकोमा त्यस्ता कार्यहरु नदोहोर्‍याउन निर्देशन दिने ।
१२.	७.५	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाखभन्दा बढीको खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नियमको व्यवस्था विपरीत मन्त्रालयले एउटै सडकको डिपिआर निर्माण कार्यको समेत बोलपत्र नगर्ने उद्देश्यले रु.२० लाखभित्रका अलग अलग टुक्रा प्याकेज बनाई आर्थिक प्रस्ताव माग गरी खरिद गरेको छ । काठमाडौं उपत्यकाचक्रपथको एउटै कार्यलाई४प्याकेज बनाई रु.६९ लाख ५९ हजार र पुष्पलाल प्रदेश चक्रपथको कार्यलाई ३ प्याकेजमा रु.५५ लाख ५० हजार भुक्तानी भएको छ । प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न मिल्ने देखिएन।	एकै किसिमका कार्यक्रमहरु एकीकृत गरी प्रतिस्पर्धात्मक विधि अपनाउँदा मितव्ययिता र आर्थिक अनुशासन कायम हुने भएकोले कामको प्रकृति र उद्देश्यका आधारमा एकीकरण गरेर डिपिआर निर्माण गर्न तथा सूचना प्रकाशनमा एकरुपता ल्याउन निर्देशन दिने ।
१३.	७.६	पूर्वाधार विकास निर्देशनालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार २० योजनाको डिपीआर तयारी कार्य परामर्शदाताबाट गराई रु.१करोड९४ लाख २२ हजार खर्च गरेको छ । डिपीआर अनुसार ती योजनाको कुल लागत रु.५ अर्व ४५ करोड ८५ लाख ८७ हजार रहेको छ ।	भौतिक पूर्वाधार मन्त्रालयले डिपिआरको तयारी गर्दा कार्यान्वयन गर्न योग्य र आफ्नो मन्त्रालयको बजेटको क्षमतालाई आँकलन गर्न सक्नु पर्छ। स्रोतको सुनिश्चितता हुन सक्ने र कार्यान्वयन योग्य योजनाको

		निर्देशनालयको गत दुई वर्षको वार्षिक वजेट तथा खर्चसँग तुलना गर्दा उक्त योजनाको कार्यान्वयन गरी वार्षिक रु.५० करोडका दरले खर्च गर्दा समेत ती योजना कार्यान्वयन गर्न ११ वर्ष लाग्ने देखिन्छ । साथै भौतिक पूर्वाधार विकास मन्त्रालयको एक वर्षको कुल बजेटको ५० प्रतिशत बजेट लाग्ने देखिन्छ । ती योजनाहरू मध्ये ७ वटा योजनामा यस वर्ष बजेट विनियोजन भएको समेत देखिएन । बजेट तथा कार्यक्रम सुनिश्चितता नगरी डिपिआर तयरीमा खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । मन्त्रालय तथा मातहतका निकायको वार्षिक कार्यक्रममा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बजेट व्यवस्था गर्ने तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनाहरू बजेटमा समावेश नगरी त्यस्तो प्रतिवेदन नभएका योजनाहरू समावेश गर्ने गरेको देखिन्छ । विस्तृत परियोजना प्रतिवेदन स्वीकृत योजनाहरू मात्र बजेटमा समावेश गर्नुपर्दछ	मात्र डिपिआर गर्न र योजना तर्जुमामा डिपिआर भएका योजनालाई प्राथमिकता दिन निर्देशन दिने ।
यातायात पूर्वाधार विकास निर्देशनालय			
१४	८	**पुरस्कार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ बमोजिम खरिद सम्झौतामा तोकिएको अवधि भन्दा अघि काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई सार्वजनिक निकायले पुरस्कार दिनसक्ने व्यवस्था छ । निर्देशनालयले नुवाकोटको तादि नदि पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई समयभन्दा पहिले नै कार्य सम्पन्न गरेको भनी बोनस वापत रु.९० लाख भुक्तानी भएको छ । उक्त पुल डिजाइन एण्ड विल्ड पद्धतिबाट निर्माण गर्न रु.९ करोड १३ लाख ४ हजारको २०७६।०६।१५ मा निर्माण व्यवसायीसँग सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम २०७८।१२।१९ मा सम्पन्न गर्नुपर्नेमा २०७८।२।३० अर्थात् १० महिना छिटो सम्पन्न भएको निर्देशनालयको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख	पुरस्कारको सन्दर्भमा आयोजनाको कार्यान्वयन तथा कार्यसम्पन्न समयावधि निर्धारणको वैज्ञानिक आधार सहितको मापदण्ड निर्माण गरी कार्यान्वयन गर्न साथै डिपिआर निर्माणकै चरणमा वस्तुनिष्ट र वास्तविक समयावधि निर्धारण गर्न निर्देशन दिने ।

		छ। खरिद सम्झौतामा बोनस दिने प्रावधान राख्दा ठेक्का अवधि महत्वपूर्ण हुन्छ । ठेक्का अवधि निर्धारण गर्ने आधार एवं मापदण्ड स्वीकृत नगरी बोनसको व्यवस्था गर्दा यथार्थमा ठेक्का म्याद सही ढंगले निर्धारण भएको आश्वस्त हुन कठिन छ । निर्माण कार्य सम्पन्न गर्नको लागि वैज्ञानिक ढङ्गले निर्माण अवधि किटान गरेर मात्र बोनस दिने व्यवस्था हुनुपर्दछ	
खानेपानी तथा सरसफाई डिभिजनहरू			
१५.	९	**जनश्रमदान** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नुपर्ने रकम कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि सम्झौतामा उल्लेख गर्नुपर्दछ । खानेपानी नीति, २०७१ को बुँदा ९.१३ बमोजिम आधारभूत सेवास्तरको खानेपानी तथा सरसफाई आयोजना निर्माण खर्चको १० देखि २० प्रतिशत सकेसम्म नगद रुपमा उपभोक्ता समूहबाट योगदान गरीने व्यवस्था छ । सो बमोजिम कार्यालयले सम्पूर्ण खानेपानी योजनाहरूमा २० प्रतिशतले जनसहभागिता रहने गरी लागत अनुमान स्वीकृत गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न अनुसार छन्ः-	
१६.	९.१	आयोजना कार्यान्वयन गर्दा खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरले यस वर्ष १३ खानेपानी योजनाको रु.५ करोड ३५ लाख ४९ हजार भुक्तानी गर्दा श्रमदान बापतको रकम घटाएको छैन।	भुक्तानीको क्रममा जन श्रमदानको हिस्सा आनुपातिक कट्टी गर्ने र योजनागत विवरण अध्यावधिक गर्ने साथै सम्परीक्षण भएका विवरणहरु उपलब्ध गराउन निर्देशन दिने ।
१७.	९.२	खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकले यस वर्ष ५४ खानेपानी योजनाको रु.३ करोड ६४ लाख ८ हजार भुक्तानी गर्दा श्रमदान बापतको रकम घटाएको छैन।	
१८	९.३	खानेपानी तथा सरसफाई डिभिजन, धादिङले यस वर्ष १० खानेपानी योजनाको रु.१ करोड ५१ लाख ६३ हजार भुक्तानी गर्दा श्रमदान बापतको	

		रकम घटाएको छैन ।प्रत्येक वर्षको सम्झौतामा श्रमदान कट्टा गर्नुपर्दछ।	
१९.	१०	**अधुरो योजना** -प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने एवं सुधारका लागि चाल्नुपर्ने कदमहरूबारे उल्लेख गर्नु पर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् :	
२०	१०.१	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरबाट प्राप्त विवरण अनुसार लागत अनुमान रु.४५ करोड भएका १० खानेपानी आयोजना सञ्चालन भएको १० वर्षसम्ममा रु.१५ करोड ३५ लाख (३४.११ प्रतिशत) खर्च भई न्यून प्रगति रहेको छ। ती मध्ये कल्याणपुर खानेपानी आयोजना, मकवानपुरको सबैभन्दा घटी ४५ प्रतिशत र चारगाँउ खानेपानी आयोजना चितवनको सबैभन्दा बढी ७२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ।	केहि आयोजनाहरुको स्थलगत अनुगमनसमेत गर्दा संघीय सशर्त तर्फका कार्यक्रमहरुमा अत्यन्त न्यून बजेट विनियोजन भएको र सोही अनुपातमा हुने बजेट विनियोजनले यस प्रकारका योजनाहरुको सम्पन्नता असम्भव भएकाले प्रदेश मन्त्रालयले संघीय सरकारको विषयगत मन्त्रालयसँग छलफल, सहकार्य र समन्वय मार्फत समयमा नै योजना सम्पन्न गर्ने गरी भूमिका निर्वाह गर्ने ।
२१.	१०.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुपाल्चोकबाट लागत अनुमान रु.३० करोड ७८ लाख भएका ८ खानेपानी आयोजना सञ्चालन भएको १३ वर्षसम्ममा रु.८ करोड ९३ लाख (२९ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति रहेको छ।	
२२.	१०.३	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङबाट लागत अनुमान रु.४९ करोड भएको खानेपानी आयोजना सञ्चालन भएको १२ वर्षसम्ममा रु.२६ करोड २६ लाख (५३.५९ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति रहेको छ। ती मध्ये आघेटारी मुहान खानेपानी आयोजनाको सबैभन्दा घटी २६ प्रतिशत र गंगा जमुना फुलखर्क खानेपानी आयोजनाको सबैभन्दा बढी८८ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । पुराना आयोजनाहरूमा प्राथामिकताको आधारमा बजेट विनियोजन गरी	

		यथाशिघ्र पानी वितरणको सुनिश्चितता गर्नुपर्दछ।	
२३.	११	**मौज्दात** -खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले पाइप तथा फिटिङ्स औजार खरिद गर्दा विगतको मौज्दात ख्याल गरी खरिद गर्नुपर्नेमा बढी परिमाणमा मौज्दात रहने गरी खरिद गरेका केही व्यहोरा निम्न छन् :	–मौज्दातको परिमाण थोरै रहनुपर्ने –मौज्दात सामानको प्रयोग भए पश्चात मात्र तथा सामाग्री खरिद गर्ने –भण्डारणका बखत हुने क्षति न्यूनीकरणतर्फ ध्यान दिनुपर्ने । –प्रयोग भएका सामानको विवरणसहित महालेखापरीक्षकको कार्यालय मार्फत सम्परीक्षण गराउन निर्देशन दिने –मौज्दातमा धेरै समान राख्ने र खरिद गर्ने प्रणाली नियन्त्रणगर्न निर्देशन दिने ।
२४	११.१	खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरमा आर्थिक वर्षको अन्त्यमा रु.७ करोड ०४ लाख ६६ हजार बराबरको ३ लाख १२ हजार मिटर पाइप मौज्दात छ । यस कार्यालयमा गत बर्ष पनि रु.७ करोडभन्दा बढी मूल्यको पाईप मौज्दात रहेको देखिन्छ ।	
२५	११.२	खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकमा आर्थिक वर्षको अन्त्यमा रु.९५ लाख २५ हजार बराबरको ५८ हजार मिटर पाइप मौज्दात छ ।यस कार्यालयलेगत बर्ष रु.७८ लाख ४४ हजार मूल्यको पाईप मौज्दात राखेको देखिन्छ।	
२६.	११.३	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापमा रु.२ करोड ८९ लाखका २ लाख २७ हजार मिटर पाईप तथा रु.१ करोड ६७ लाख ८० मूल्यका फिटिङ्स सामग्री मौज्दात छ । योजनाको लागि खरिद गरेको निर्माण सामग्री सम्बन्धित योजनमा खर्च गरी आवश्यकताभन्दा बढी मात्रामा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा सुधार गर्नुपर्दछ।	
२७	१२	**पाइप जडान**-खानेपानी आयोजनामा पाइप जडान भई नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्नेमा आयोजनाहरूलाई पाइप उपलब्ध गराएकै आधारमा जिन्सी खाताबाट पाइपको मौज्दात	

		घटाएको उपयुक्त देखिएन । यससम्बन्धी व्यहोरा निम्न छन्ः-	
२८	१२.१	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरले जिन्सी खाताबाट मौज्दात घटाएकोपाईपमध्ये रु.३ करोड २४ लाख ३० हजार मूल्यको विभिन्न साईजका १ लाख २३ हजार ४२२ मिटर पाईप योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ।	–प्रयोग गर्ने अवस्थामा मात्र योजनालाई पाइप वितरण गर्ने । –जिन्सी खाताबाट मौज्दात घटाइएको परिमाण र नापी किताबमा जडान र प्रयोग परिमाण भिडान गरी सम्परीक्षण गर्न निर्देशन दिने । –शीघ्र सम्परीक्षण गराई जानकारी गराउन निर्देशन दिने ।
२९	१२.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुपाल्चोकले जिन्सी खाताबाट मौज्दात घटाएकोपाईपमध्ये रु.१ करोड ४० लाख ७५ हजार मूल्यको विभिन्न साईजका १ लाख ४५ हजार १६३ मिटर पाईप योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ।	
३०	१२.३	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङले जिन्सी खाताबाट मौज्दात घटाएकोपाईपमध्ये रु.६० लाख १४ हजार मूल्यको विभिन्न साईजका ६३ हजार मिटर पाईप २४ योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ।	
३१.	१२.४	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,भक्तपुरले रु.१ करोड ५० लाख १९ हजार मूल्यको ४५ हजार मिटर पाइप १८ योजनामा प्रयोग भएको भनी जिन्सी किताबबाट खर्च देखाएको छ । ती पाईपहरू नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ।	
३२.	१२.५	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले ११ आयोजनाको लागि रु.३८ लाख २७ हजारको पाइप खरिद गरी जिन्सी खाताबाट खर्च लेखेकोमा हालसम्म पनि उक्त पाइप प्रयोग भई नापी किताबमा चढेको नदेखिएकोले पाइप प्रयोगको प्रमाण पेस हुनुपर्दछ।	

३३.	१३	**सीमाभन्दा बढीको कार्य** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मारु.१ करोडसम्मको कार्यमात्र उपभोक्ता समितिबाट गराउन मिल्ने व्यवस्था छ । यस्तै विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ (१घ) मा विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न नपाईने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन नं, १ मकवानपुरले राक्सिराङ विशेषखानेपानी आयोजनालाई ७ स्किममा टुक्रा पारी रु.३ करोड ८७ लाख २५ हजारको कार्य उपभोक्ता समिति मार्फत गराएको छ । यसरी एउटै योजनाको कामलाई टुक्रा टुक्रा गरी उपभोक्ता समितिबाट कार्य गराएको नियमसम्मत देखिएन । यस्तैगरी डिभिजन कार्यालय, रामेछापले रु.१ करोडभन्दा बढी लागत अनुमान भएका ७ योजना रु.१० करोड ७६ लाख ३५ हजारमा सम्झौता गरी यस बर्ष रु.८ करोड ३५ लाख ६९ हजार भुक्तानी दिएको छ । नियमावली एवं कार्यविधिको व्यवस्थाको पालना गर्नुपर्दछ।	- खानेपानी आयोजनाहरु विभिन्न स्किममा सञ्चालन भएको र कार्यावधि ढिला निर्माण भएको साथै आयोजनाको कूल लागत वा विनियोजित बजेटको सीमालाई आधार मान्ने भन्ने द्वीविधाका कारण उपभोक्ता समितिबाट काम गराइएको एवं खानेपानी आयोजना उपभोक्तासँग प्रत्यक्ष सरोकारको विषय समेत भएकाले यस शीर्षकको बेरुजु फछ्र्यौट गर्न महालेखा परीक्षकको कार्यालयलाई निर्देशन दिने । - आगामी दिनमा खानेपानी डिभिजन कार्यालयहरुले नियमावली एवम् कार्यविधिको व्यवस्थालाई पालना गरि भुक्तानी दिन निर्देशन दिने।
३४	१४	**त्रुटिपूर्ण डिजाइन** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क २) बमोजिम खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार गर्ने पदाधिकारी र परामर्शदातालाई प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ ।होक्से गुणस्तर खानेपानी योजना पाँचखाल अन्तर्गत लगभग १३०० मिटर तल रहेको खोलाको पानीलाई बहुलिफ्ट प्रणालीबाट वितरण गर्ने योजना अनुसार मुहान क्षेत्रमा फिल्टर प्लान्ट तयार गरी पानी संकलन प्रणाली मार्फत रिजर्भवयर ट्याङ्कीमासफा पानी पठाउनु पर्नेमा पानी वितरण हुने स्थानभन्दा माथी फिल्टर प्लान्ट तयार गर्न समितिसँग रु.६५ लाख ८१ हजारको सम्झौता गरी यो वर्ष रु.५८ लाख २६ हजार भुक्तानी भएको छ । यसरी मुहान र बस्तिभन्दा उच्च स्थानमा फिल्टर प्लान्ट बनाउँदा पानी प्रसारण, संकलन र वितरण प्रणालीमा फोहोर पानी गई	होक्से गुणस्तर खानेपानी योजना समितिबाट स्थलगत अनुगमन गर्दा मुहान रहेको स्यानमा फिल्टर प्लान्ट राख्न भौगोलिक अनुकुल वातावरण नरहेको, फिल्टर प्लान्टबाट फोहोर पानी निस्कने र मिसावट हुने सम्बन्धमा मेल नखाएकोले महालेखापरीक्षकको कार्यलयलाई बेरुजु फछ्र्यौट गर्न निर्देशन दिने।

		प्रणालीको गुणस्तरमा ह्रास आउने रएक लिफ्ट प्रणाली थप गर्नुपर्ने लगायतको संरचना र विद्युत लगायतको संचालन खर्चको कारण उच्च लागत पर्ने अवस्था छ । कम लागतमा उचित प्रतिफल प्राप्त गर्ने गरी आयोजना कार्यान्वयन हुनुपर्दछ।	
३५.	१५	**अन्तर तह समन्वय** -खानेपानी तथा सरसफाई डिभिजन नं. ५, सिन्धुपाल्चोकले बोरिङ तथा लिफ्ट प्रणालीमा आधारित कुन्ता पौवा खानेपानी योजनाको लागि एक निर्माण सेवासँग रु.३ करोड १३ लाख ८५ हजारमा सम्झौता भएकोमा हालसम्म रु.२ करोड ८२ लाख ६६ हजार भुक्तानी भएको छ । उक्त योजनामा २ हजार २०० मिटर तलबाट बोरीङ गरी ३ पटक लिफ्ट गरी बस्तीसमक्ष खानेपानी वितरण गर्ने लक्ष्य रहेको छ । सोही योजनामा मन्डनदेउपुर नगरपालिकाले गत बिगतमानै सोही स्थानबाट बोरिङ गरी नगरपालिकाकै लिफ्ट तथा वितरण प्रणालीबाट योजना सञ्चालन गरीरहेको देखिन्छ । एउटा खानेपानी प्रणालीमा २ तहका सरकारबाट लगानी गर्दा अन्तरतह समन्वय गरी स्रोतको दिर्घकालीन सुनिश्चितता र खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।	–अन्तर तह समन्वय गर्न र भुक्तानी गर्दा तथा कार्यान्वयन गर्दा दोहोरोपना नहुन विशेष ध्यान दिने, –योजना तर्जुमा प्रणालीमा आयोजना छनौटको चरणबाट नै तहगत समन्वय गर्न निर्देशन दिने । –कार्यक्रमको दोहोरोपना नियन्त्रण र अन्तर समन्वय गर्न निर्देशन दिने ।
३६.	१६	**उपभोक्ता समितिलाई भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, धादिङले निगालपानी कामीगाउँ खानेपानी डिपवोरिङ उपभोक्ता समिति समेत ४ समितिसँग सम्झौता गरेकोमा सम्झौता गरेकोभन्दा फरक समितिलाई भुक्तानी गरेको पाइयो। चारघरे मर्मत खानेपानी उपभोक्ता समितिसँग सम्झौता भएकोमा काफलबोटे असिनेमुहान	कागजात प्रमाण प्राप्त हुनुपर्ने ।

		खानेपानी उपभोक्ता समितिलाई भुक्तानी भएको छ भने छाप गुराँसेखोला मुहान खानेपानी तथा सरसफाई उपभोक्ता समितिको लगाएको छ । सम्झौता भएको उपभोक्ता समितिको नाममा भुक्तानी नदिई फरक संस्थालाई भुक्तानी दिएको रु.२८ लाख १७ हजारको सम्बन्धमा छानबिन गरी यथार्थता यकिन हुनुपर्दछ।	
३७.	१७	**फिटिङ्गस खर्च** - डिभिजन कार्यालय, धादिङको जिन्सी खातामा आम्दानी जनाएका रु.२ करोड ४९ लाख ८८ हजार ४८५ मूल्यका फिटिङ्गहरू मौज्दात रहेको मध्ये रु.१ करोड ८१ लाख ९२ हजार मूल्यका फिटिङ्गसहरू योजनामा प्रयोग भएको जनाइ रु.६७ लाख ९५ हजार ८३७ मूल्यका फिटिङ्गस सामग्रीहरू मात्र आर्थिक वर्षको अन्तमा मौज्दात देखाएको छ। योजनामा प्रयोग भएको उल्लेख भएका फिटिङ्गसहरू प्रयोगको योजनागत विवरण राखेको छैन । तसर्थ योजनागत अभिलेख बेगर जिन्सीबाट खर्च देखाएको फिटिङ्गसको सम्बन्धमा यकिन गरी वास्तविक खर्चको आधारमा आइटमवाइज नापी किताव प्रमाणित गरी सोही बमोजिमको योजनागत खाता तयार गर्नुपर्दछ।	–योजनागत जिन्सी खाता तयार गर्न निर्देशन दिने । –जिन्सी खाता र नापी किताब भिडान गराई खर्च यकिन पुष्टि गर्न प्रमाण पेश गर्न निर्देशन दिने ।
३८	१८	**खरिद मौज्दात** -डिभिजन कार्यालय, भक्तपुरलेएक आयोजनामा काम अन्तिम चरणमा पुगेकोले पाईप नआएमा पानी टेष्ट गर्न नसकिने र योजना सम्पन्न गर्न अप्ठ्यारो आउन सक्ने भनी रु.८८ लाख ५१ हजारको लागत अनुमान स्वीकृत गरेकोमा लागत अनुमानभन्दा बढी हुने गरी रु.८८ लाख ५८ हजारमा ठेक्का स्वीकृत गरी भुक्तानी दिएको छ । यद्यपि खरिद भएका जि. आई. पाईपहरू स्टोरमा मौज्दात रहेकोले सम्बन्धित योजनामा प्रयोग भएको प्रमाण पेस गर्नुपर्दछ । साथै लागत अनुमानभन्दा बढीमा ठेक्का सम्झौता गर्नु उपयुक्त देखिएन।	–स्टोरमा बाँकी रहेका पाइप सम्बन्धित योजनामा खर्च भएको प्रमाण पेश गर्न निर्देशन दिने । –विशेष परिस्थितिका कारण ०.०८ प्रतिशत बढी रकम ठेक्का सम्झौता गरिएकोमा बेरुजु फछ्र्यौट गर्न महालेखा परीक्षकको कार्यालयलाई निर्देशन दिने ।

खानेपानी तथा सरसफाई डिभिजन ५, सिन्धुपाल्चोक (२०७६।७७)			
३९	१९	**आर्थिक वर्षको अन्तमा बजेट निकासा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १६ मा बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च गर्ने श्रोत खोली विनियोजन ऐन जारी भएको ७ दिनभित्र कार्यालयमा अख्तियारी पठाउनु पर्ने व्यबस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको २०७७।३।३० को पत्र अनुसार सिन्धुपाल्चोकका ४४ र काभ्रेपलान्चोकका १० गरी ५४ योजनाको लागि रु.२ करोड २ लाख ७२ हजार बजेट विनियोजन भएकोमा रु.१ करोड ३४ लाख ४४ हजार खर्च भएको छ । मन्त्रालयबाट आर्थिक वर्षको अन्तमा बजेट अख्तियारी तथा निकासा दिने कार्यमा सुधार हुनुपर्दछ।	आर्थिक वर्षको अन्त्यमा हुने बजेट निकासा कार्यान्वयन गर्न नभ्याइने, खर्च गर्न समस्या रहने जसले गर्दा आर्थिक अनुशासनमा समस्या, समष्टिगत खर्च गर्ने क्षमता कमजोर देखिने भएकोले आर्थिक वर्षको अन्त्यमा हुने रकमान्तर र निकासा गराइसक्न साथै यस्तो प्रणाली अन्त्यका लागि नीतिगत सुधार गर्न निर्देशन दिने ।
४०	२०	**अधिक मौज्दात -**नेपाल सरकार (सचिव स्तर) को मिति ०६२।११।८ को निर्णयानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने संम्वन्धमा गत विगतको मौज्दातको ख्याल गरी सो को उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले आर्थिक वर्षको अन्त्यमा रु.७८ लाख ४५ हजार मूल्यका ५७ हजार ८१७ मिटर पाईपहरू समयमा प्रयोग हुन नसकी कार्यालय परिसर र योजनाको साईटमा रहेको देखियो । खरिद भएका निर्माण सामग्रीहरू लामो समयसम्म प्रयोग नहुँदा गुणस्तरमा ह्रास आउने,हराउने, चोरी हुन सक्ने अवस्था छ । मौज्दात पाईपहरूको योजनागत अभिलेख राखी पाईपहरू सम्बन्धित योजनामा खर्च भएको प्रमाण पेस गर्नुपर्दछ।	अधिक मौज्दात रहँदा भण्डारणमै सामानको क्षति हुनसक्ने भएकाले आवश्यकता भन्दा बढी मौज्दात नराख्न र मौज्दातमा रहेका समाग्री प्रयोगमा आएको नापी किताब अभिलेख सहित प्रमाण पेश गर्न निर्देशन दिने ।
४१	२१	**सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष रु.३१ लाख ४० हजारको परामर्श सेवा, रु.२६ लाख	अत्यावश्यक बाहेकको अवस्थामा खरिद योजनाको एकीकरण गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्न र यस पटकको बेरुजु फछ्र्यौट गर्न महालेखा परीक्षकको

		८६ हजारको फिटिङ्सरु.१९ लाख ७८ हजारको सिलिका सिमेन्टसमेत रु.७८ लाख ४ हजारको सोझै खरिद गरेको छ । प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ।	कार्यालयलाई निर्देशन दिने ।
४२	२२	**पाईप जडान** –कार्यालयको जिन्सीबाट खर्च घटाई उपभोक्ता समितिलाई हस्तान्तरण भएका पाईप तथा फिटिङ्ग पार्टसहरु जडान गरी सोको नापी अद्यावधिक गर्नुपर्दछ । काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लास्थित विभिन्न खानेपानी आयोजनाहरूको लागि गतबर्षको जिम्मेवारीसमेत यसबर्षको रु.२ करोड ३० लाख ७५ हजारका १ लाख ६७ हजार ३०८ मिटर विभिन्न साईजको एच. डि. पी. पाईप खरिद गरेको छ । कार्यालयले रु.१ करोड ५२ लाख ३१ हजारका १ लाख ९ हजार ४९१ मिटर पाईप आयोजनामा खर्च भएको जिन्सी खाताबाट देखाएकोमा आयोजनाको नापी किताबमा पाइप जडान गरेको देखिएन।	जिन्सी किताबबाट भएको खर्च र नापी किताबबाट भएको उपयोगको प्रमाण पेश गरी बेरुजु फछ्र्यौट गर्न निर्देशन दिने ।
४३	२३	**फिटिङ्स खर्च** -कार्यालयले यस वर्ष रु.४ करोड ७० लाख ५६ हजार मूल्यका फिटिङ्गस सामग्रीहरू योजनामा प्रयोग भएको भनी जिन्सी किताबबाट खर्च देखाएकोमा ती सामानहरू प्रयोग भएको योजनाहरूकोविवरण पेस भएन । योजनागत सामान राखीवास्तविक रुपमा खर्च भएको यकिन हुनुपर्दछ।	योजनागत विवरण राखी प्रयोग भएको नापी किताब प्रमाण पेश गरी बेरुजु फछ्र्यौट गर्न निर्देशन दिने
४४	२४	**घटीलागतसहभागिता** - खानेपानी नीति, २०७१ को दफा ९.१३ बमोजिम आधारभूत सेवा स्तरको खानेपानी तथा सरसफाई आयोजना निर्माण खर्चको १० देखि २० प्रतिशतसम्म सकेसम्म उपभोक्ता/समुदायबाट नगदै योगदान गरीने व्यवस्था छ । सो बमोजिम कार्यालयले सम्पूर्ण खानेपानी योजनाहरूमा २० प्रतिशतले जनसहभागिता रहने गरी लागत अनुमान स्वीकृत गरेको छ । कार्यालयबाट यो वर्ष उपभोक्ता समितिसँग रु.१२ करोड ६२ लाख ९३ हजारमा सम्झौता गरी संचालन भएका ५५ आयोजनामा रु.११ करोड १७ लाख ३५ हजार भुक्तानी गर्दा खानेपानी नीति र स्वीकृत लागत	योजनागत विवरण तयार गरी प्रत्येक भुक्तानीमा जनसहभागिता लागत कट्टा गर्ने प्रणाली विकास गर्न र भुक्तानी भैसकेका योजनाहरुको हकमा पछिल्लो चरणको भुक्तानीमा सहभागिता अंश कट्टा गरीएको प्रमाण पेश गर्न निर्देशन दिने ।

		अनुमानबमोजिम२०प्रतिशतलेरु.२ करोड २३ लाख ४७ हजार जनसहभागिता हुनुपर्नेमा यस वर्ष शुन्य लागतसहभागिताभएकोदेखिन्छ।	
		पूर्वाधार विकास कार्यालयहरू	
४५	२५	**बीमा वापतको क्षतिपूर्ति** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरीने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधिसमेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले चोप्कु खोलामा पुल निर्माण कार्य २०७७।०९।२४ भित्र सम्पन्न गर्ने गरी रु.३ करोड ३४ लाख ८१ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरी त्रुटी सच्याउने अवधि समेत समेट्ने गरी एक बीमा कम्पनीमा बीमा गरेको देखिन्छ । उक्त पुल निर्माण कार्यको लागिभेरिएसनसहित रु.४ करोड ५६ लाख ९२ हजारको सम्झौता भएकोमा रु.३ करोड ३४ लाख ८१ हजार भुक्तानी भएको छ। पुल निर्माण कार्य सम्पन्न नहुँदै २०७८।०३।०१ गते मेलम्ची खोलामा आएको बढीबाट उक्त पुल पूर्णरुपमा क्षति भएको छ । पुल पूर्णरुपमा क्षति भएकोमा निर्माण व्यवसायीले बीमा कम्पनीसँग भुक्तानी दाबी गरेकोमा बीमालेखको म्याद २०७८।०१।२९ मा समाप्त भएकोले मर्मत अवधिमा उक्त दाबी गर्न नमिल्ने भनी भुक्तानी दिएको देखिएन। बीमा कम्पनीले जारी गरेको बीमालेखमा निर्माण अवधि २०७८।०१।२९ सम्म र तत्पश्चात बाह्र महिना मर्मत अवधि उल्लेख छ। जसअनुसार उक्त बीमा कम्पनी भुक्तानी दायित्वबाट पन्छिन मिल्ने देखिँदैन । निर्माण व्यवसायीले बीमा समितिमा २०७८।०३।१३ मा उजुरी दर्ता गराएकोमा कारबाही टुंगो लागेको छैन।	बिमा बापतको रकम प्राप्ति शीघ्र रुपमा हुनपर्दछ । जसका लागि मन्त्रालय र मुख्यन्यायाधिवक्ताको कार्यालयले आवश्यक कार्य गर्न निर्देशन दिने ।

<table>
<tr><td></td><td></td><td>उक्त बीमा कम्पनीलाई कानुनको दायरामा ल्याईबीमा लेखमा उल्लेख भए अनुसार उक्त पुल पुनः निर्माण गर्न लाग्ने खर्च बीमाबाट प्राप्त गरी निर्माण कार्य पुरा गराउनुपर्दछ।</td><td></td></tr>
<tr><td>४६</td><td>२६</td><td>भेरिएसन -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले देहायका निर्माण कार्यहरूमा ४.२० देखि १४.९५ प्रतिशतसम्म भेरिएसन गरेको छ । कार्यालयले संचालन गरेको अधिकांश योजनामा भेरिएसन भएको देखिन्छ । कानुनले तोके बमोजिम पूर्वानूमान गर्न नसकिने आइटममा मात्र भेरिएशन गर्ने व्यवस्था मिलाउनुपर्दछ।
(रु. हजारमा)
<table>
<tr><th>ठेक्का नं.</th><th>कार्यको विवरण</th><th>शुरु सम्झौता रकम</th><th>भेरिएसनबाट थपघट रकम</th><th>भेरिएसन प्रतिशत</th><th>भेरिएसन पछि कायम सम्झौता रकम</th></tr>
<tr><td>०२।०७५।७६</td><td>बलेफि जलवीरे तेम्बाथान सडक</td><td>२८५७८४</td><td>२००७६</td><td>७.०३</td><td>३०५८६१</td></tr>
<tr><td>०१।०७५।७६</td><td>चौतारा सिपाघाट सडक</td><td>२५६६३८</td><td>३८३५६</td><td>१४.९५</td><td>२९४९९५</td></tr>
<tr><td>१५३।०७३।७४</td><td>जिरी ठोसे शिवालय सोलु</td><td>११७०२</td><td>१२२९०</td><td>११.००</td><td>१२३९९२</td></tr>
</table></td><td>- लागत अनुमानलाई सम्भव भएसम्म वस्तुपरक बनाइनु पर्दछ । एउटै आइटममा आयोजनाको तहगत ढङ्गबाट पटकपटकको भेरियसन उचित देखिदैन । तसर्थ भेरियसन गर्ने कार्यलाई सकेसम्म कम गर्न निर्देशन दिने ।
- पूर्वानुमान गर्न सक्ने कार्यक्रमको भेरियसनलाई एकै पटक तयारी गरी स्वीकृत गराउन निर्देशन दिने।</td></tr>
</table>

			सडक				

यसैगरी भेरिएसन गर्दा ५ प्रतिशतसम्म ९/१० तहको कार्यालय प्रमुखले, १० प्रतिशतसम्म विभागीय प्रमुखले र १५ प्रतिशतसम्म सचिवले गर्न सक्ने व्यवस्था छ । कार्यालयले चौतारा सिपाघाट सडक निर्माण कार्यमा दुईपटक गरी १४.९५ प्रतिशत भेरिएसन गरेको छ । दश प्रतिशतभन्दा बढीको भेरिएसन गर्दा सचिवस्तरीय निर्णय गर्नु पर्नेमा पहिलो पटक १० प्रतिशत सम्मको भेरिएसन तयार गरी यातायात पूर्वाधार विकास निर्देशनालयको प्रमुखबाट स्वीकृत भएको र दोश्रो भेरिएसन सचिवस्तरबाट भएको छ । सडक खन्ने, वाल लगाउने जस्ता पूर्वानुमान गर्न सकिने कार्यहरूको भेरिएसन एकैपटक तयार गरी स्वीकृत गराउनुपर्दछ ।

४७	२७	**पुल निर्माण -** पुल निर्माण कार्य शुरु गरी अधुरो रहेको सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार रहेका छन् :	
४८	२७.१	तत्कालीन जिल्ला विकास समितिको कार्यालय, मकवानपुर र एक निर्मण व्यवसायीबीच रु.१३ करोड १७ लाखमा सिक्रे खोला दोभान प्रि-स्ट्रेश पुल निर्माणका लागि २०७४।३।३० मा सम्झौता गरी तेश्रो रनिङ्ग बिलसम्मको रु.१ करोड ४८ लाख भुक्तानी भएको छ । उक्त कार्य २०७८ श्रावणमा निर्माण सम्पन्न गर्ने गरी संशोधित कार्यतालिकापेस गरेपनि निर्धारित कार्यतालिका अनुसार कार्य भएको छैन । पाइल फाउण्डेशन गर्ने सिलशिलामा कडा ठूला चट्टान भेटिएको प्रतिवेदनसहित क्षतिपूर्तिको माग गरेकोमा पूर्वाधार विकास कार्यालय, चितवनले सम्झौताको सामान्य शर्त नं.५१.४ अनुसार पूर्व जानकारी नगराएको अवस्थामा क्षतिपूर्ति उपलब्ध गराउन बाध्य नरहेको व्यहोरा निर्माण व्यवसायीलाईजानकारी गराएको छ । थप भएको अवधि समाप्त हुँदासम्म काममा प्रगति भएको देखिएन।	स्थलगत अनुगमन पश्चात निर्णय गर्ने ।

४९	२७.२	जिल्ला समन्वय समिति, हेटौडाबाट पूर्वाधार विकास कार्यालय चितवनलाई हस्तान्तरण भई आएको सिमलीटार पुल निर्माण कार्य २०७४।१२।१० सम्म सम्पन्न गर्ने गरी २०७३।९।१८ मा रु.५ करोड ३८ लाखमा सम्झौता भएकोमा तेश्रो पटक थप गरी सम्झौता अवधि २०७७।११।२९ सम्म कायम गरेको देखिन्छ । हालसम्म रु.१ करोड ६८ लाख भुक्तानी भएको छ ।सम्झौता मितिको १५ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी भएको सम्झौतामा ३५ महिनासम्म म्याद थप हुँदासम्म उल्लेख्य प्रगति भएको देखिएन । सम्झौता अनुसारको कार्य सम्पन्न गराई समयमा निर्माण सम्पन्न गर्नुपर्दछ।	स्थलगत अनुगमन पश्चात निर्णय गर्ने ।
५०	२८	**समन्वय** -पूर्वाधार विकास कार्यालय, ललितपुरले खहरे झ्याङ्लाफाट सुन्दर बस्ती सडक कालोपत्रे गर्ने कार्यमा रु. ८३ लाख २८ हजार खर्च भएको छ । उक्त कार्य २०७७।६।५ मा सम्पन्न भएकोमा निर्माण सम्पन्न भएको केही समयमै नेपाल विद्युत प्राधिकरणले विद्युत तारभूमिगत गर्न थालनी गरी कालोपत्रे सडक भत्काएको कारण खर्च रकम उपलब्धिविहिन देखियो । सरकारी निकायबीच समन्वयात्मक तवरले विकास निर्माणका कार्य गर्नुपर्दछ।	प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट एकीकृत समन्वय ईकाइ गठन गरी पूर्वाधार निर्माण कार्य सम्पादनमा र अन्तर सम्बन्धित आयोजनाहरुमा समन्वय गर्न निर्देशन दिने ।
५१	२९	**पूर्व निर्धारित क्षतिपूर्ति** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीबाटढिला अवधिको सम्झौता रकमको प्रतिदिन०.०५ प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, ललितपुरले मनोहरा खोलामा स्टिल ग्रिडर पुल निर्माण कार्यको लागि एकनिर्माण व्यवसायीसँग सम्झौता गरेकोमा समयमा कार्यसम्पन्न गर्न ढिलाई गरेको कारण रु.१ करोड ५८ लाख ६० हजारको रनिङ बिल भुक्तानी गर्दा रु.५८ लाख ८२ हजार पूर्व निर्धारित क्षतिपूर्ति कट्टी गरी धरौटी खातामा	स्थलगत अनुगमन, कागजात अध्ययन पश्चात मात्र निर्णय हुने ।

		राखेको छ । उक्त पूर्व निर्धारित क्षतिपूर्ति रकम बेरुजु खातामा जम्मा गर्नुपर्नेमा कानुनीआधार बेगर धरौटी खातामा राखेको देखियो । उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्दछ।	
५२	३०	**भेरिएसन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५८ मा लागत अनुमान तयार गर्दा तथा सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको कार्यका लागि भेरीयसन गर्न सकिने व्यवस्था छ।	
५३	३०.१	पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले दौचेत बेउरेनी जतन बासँखर्क बरुवा सडक निर्माण कार्यको शुरु लागत अनुमान रु.२ करोड ५१ लाख ४२ हजार रहेकोमा भेरिएसन स्वीकृत गरी लागत अनुमान रु.२ करोड ३४ लाख ८२ हजार कायम गरेको छ । उक्त निर्माण कार्यको शुरु सम्झौता रकम रु.१ करोड ९८ लाख ३२ हजार रहेकोमा भेरिएसन पश्चात सम्झौता रकम रु.१ करोड ९८ लाख ३२ हजार नै कायम गरेको छ । जसअनुसार लागत अनुमानमा ६.६ प्रतिशतले घटेकोमा सम्झौता रकम सोही अनुपातमा घटेको देखिएन । यसबाट लागत अनुमानको तुलनामा बढी दरमा कबोल भएका आइटमहरूमा भेरिएसनबाट काम थप गरेको देखिन्छ । जसले गर्दा सोही अनुपातमा रु.१३ लाख ९ हजार थप व्ययभार परेको छ। बढी कबोल दर भएका आइटममा काम थप गर्ने र घटी कबोल दर भएका आइटमको काम नगर्ने गरी भेरिएसन गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।	Field verification survey गराउन तथा यस्ता क्रियाकलापहरु नदोहोऱ्याउन निर्देशन दिने ।
५४	३०.२	पूर्वाधार विकास कार्यालय, ललितपुरले फिकुरी गागल जगडोल सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।११।०२ मा रु.१६ करोड ४३ लाख ९४ हजारको सम्झौता गरेको र सम्झौता अवधि २०७५।११।०२ रहेको देखिन्छ । लागत अनुमानमा सडकको लम्बाई ५०० मिटर तथा चौडाई ५ मिटरमा आरसिसि पेभमेन्टको कार्य गर्ने उल्लेख छ । यातायात	स्थलगत अनुगमन पश्चात मात्र निर्णय हुने

		पूर्वाधार निर्देशनालयको २०७७।२।२१ को भेरिएसन सम्बन्धी निर्णयमा उक्त सडक खण्डको चौडाई नबढाई कालोपत्रे गर्न सम्भव नदेखिएको उल्लेख गरीमुख्यतया माटो काट्ने कार्य, पक्की ढलको कार्य र कालोपत्रे गर्ने कार्य घटाएको छ । उक्त कार्यहरुको परिमाण घटाई बचत हुने रकमबाट ढुङ्गाको गाह्रो लगाउने कार्यमा मात्र५४.३७ प्रतिशत बढाई निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। शुरु सम्झौतामा ३ हजार २९४.३९ घन मिटर गाह्रो लगाउने कार्यको लागि रु.२ करोड ४७ लाख ७ उल्लेख भएकोमा दुई पटक भेरिएसन गरी ५ हजार ८५.३९ घनमिटरको रु.३ करोड ८१ लाख ४० हजार भुक्तानी गर्ने गरी सम्झौता परिमार्जन गरेको देखिन्छ । निर्माण साइटको विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ।	
		प्रादेशिक सडक डिभिजनहरू	
५५	३१	**विनियोजन भन्दा बढी खर्च** -प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा परिस्थितिवश कार्यक्रम संशोधन गर्न परेमा स्पष्ट कारण खुलाई तालुक मन्त्रालयको स्वीकृति लिई कार्यक्रम संशोधन गर्न सकिने उल्लेख छ । प्रादेशिक सडक कार्यालय, खुर्कोटबाट प्राप्त विवरण अनुसार कार्यक्रम संशोधन नगरी ८ योजनामा व्यवस्था भएको वार्षिक बजेटभन्दा रु.१ करोड २० लाख बढी खर्च भएको देखिन्छ । बजेट सीमामा रही खर्च गर्नुपर्दछ।	मन्त्रालयबाट सम्परीक्षण भइसकेको जानकारी गराइएकाले कागजात प्रमाण प्राप्त गरी अध्यावधिक गर्ने ।
५६	३२	**सम्झौता भन्दा बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिमको काम शुरु गरेपछि पूर्वानुमान नगरीएको परिस्थितिमा ऐनको दफा ५४ मा तोकिएको अधिकारीले भेरिएसन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था छ । प्रादेशिक सडक डिभिजन कार्यालय खुर्कोटले ३ योजनामा भेरिएसन आदेश स्वीकृत नगरी सम्झौता भन्दा बढीको	प्रादेशिक सडक डिभिजन कार्यालयहरुलाई अब यस्ता क्रियाकलाप नदोहोऱ्याउन सचेत गराउने तथा भुक्तानी गर्दा बढी भएको रकम कट्टा गरी बेरुजु फछ्र्यौट गर्न निर्देशन दिने ।

		काम गराई रु.११ लाख ९३ हजार भुक्तानी दिएको पाइयो । भेरिएसन आदेश स्वीकृत गरी भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ	
		शहरी विकास तथा भवन कार्यालयहरू	
५७	३३	**थप व्ययभार** -सामाजिक विकास मन्त्रालयले हेटौंडा अस्पताल भवन निर्माणको लागि रु.२७ करोड २७ लाख ४६ हजार (कन्टिन्जेन्सी र मू. अ. कर बाहेक)को लागत अनुमान सहित डिपिआर तयारगरेको देखिन्छ । एक परामर्शदाता फर्मले उक्त डिपिआर तयार गरी हेटौंडा उप-महानगरपालिकाबाटसेनिटरी डिजाईन र नेपाल विद्युत प्राधिकरणबाटईलेक्ट्रीक डिजाईन चेक जाँच गरी ठीक ठहर गरेको देखिन्छ । तत्पश्चात अस्पताल भवनको स्ट्रक्चरल डिजाईन तथा नक्सा सारभूत रुपमा नेपालको राष्ट्रिय भवन संहिता, २०६० र आइएस कोड अनुरुप भएको भनी शहरी विकास तथा भवन निर्माण विभागले सिफारिश गरेको छ । मन्त्रालयका सचिवको निर्देशनमा शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरका प्रमुखले अस्पताल भवनको लागत अनुमान स्ट्रक्चरल डिजाईन, ईलेक्ट्रीकल डिजाईन, सेनिटरी डिजाईन पुनः चेकजाँच गर्न एक प्राविधिक समिति गठन गरेको पाइयो ।त्यस समितिले माटो परीक्षणको लागि लिएको नमुना अपर्याप्त रहेको र भवन निर्माण स्थल सिमसार क्षेत्रमा परेकोले थप अनुसन्धान गर्नुपर्ने भनी सुझाव दिएको छ । उक्त समितिमा राखिएका सदस्यहरूले आफूहरूमा स्ट्रक्चरल डिजाईन, ईलेक्ट्रीकल र सेनिटरी डिजाईनमा विषयगत विज्ञता नभएको स्वघोषणा गरी डिपिआर तयारकर्ताले नै जिम्मेवारी लिनुपर्ने राय दिएको देखियो । विषय विज्ञतानै नभएको कर्मचारीहरू सहभागी समिति गठन गरी डिपिआर परिमार्जन गरी लागत अनुमान रु.३१ करोड २९ लाख २० हजार (कन्टिन्जेन्सी र मू. अ. कर बाहेक)कायम गरेकोले लागत	–मन्त्रालयका अनुसार माटो परीक्षण पश्चात स्थलगत अनुपयुक्तताका कारण निर्माण स्थल परिवर्तन गर्नुपर्ने भएको र सोही अनुरुप डिपिआर तयार गर्दा थप लागत बढ्न गएकाले उक्त कार्य बेरुजु नहुने र उपयुक्त डिपिआर तयार भएको विवरण पेश गरेकाले बेरुजु फछ्र्यौट गर्न महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने । –आगामी दिनमा योजना तर्जुमा गर्नु अघि नै स्थलगत सम्भाव्यता अध्ययन गरेर मात्र डिपिआर तयार गर्न निर्देशन दिने ।

		अनुमान रु.४ करोड १ लाखले बढ्न गएको छ । त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।	
५८	३४	शहरी विकास तथा भवन कार्यालय, मकवानपुरले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई बचत संकलन तथा ऋण प्रवाह गर्ने एक बचत तथा ऋण सहकारी संघ लि. मकवानपुरको भवन निर्माण गर्न रु.३३ लाख ४३ हजार एकनिर्माण व्यवसायीलाई भुक्तानी दिएको छ । प्रदेश सरकारको बजेटबाट सहकारी संस्थाको भवन निर्माण गर्न मिल्ने कानुनी आधार नदेखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई सो सहकारी संघबाट उक्त रकम असुल गर्नुपर्दछ	सहकारी भवन निर्माणको बजेट विनियोजन बारै कागजातको अध्ययन गर्नुपर्ने।
५९	३५	**मुख्यमन्त्री सभाहल** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता बमोजिमको समयभित्र कार्य नगर्ने निर्माण व्यवसायीलाई बढीमा सम्झौता रकमको १० प्रतिशतको सीमाभित्र रहने गरी प्रतिदिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.५ करोड २६ लाख ८३ हजारमा २०७९।१।१९ मा सम्पन्न गर्ने गरी २०७७।७।१९ मा सम्झौता गरेको छ । सम्झौता अवधिमा निर्माण व्यवसायीले जग निर्माणसम्मको कार्य गरी रु.१ करोड ४ लाख २२ हजार भुक्तानी भएको छ। २०७९ बैशाख १९ गते निर्माणस्थलको स्थलगत अवलोकन गर्दा निर्माण स्थलमा निर्माण व्यवसायी तथा निजका कामदारहरूको उपस्थिति नदेखिएको र डिपिसि गरी छोडेको भवन निर्माणस्थलमा झारपात उम्रेको अवस्थामा देखियो । जसबाट निर्माण कार्य गर्ने अवधिभित्र कार्य नगरेको कारण म्याद थप माग गरी समयमै कार्य सम्पन्न हुन सक्ने देखिदैन ।कार्यालय प्रमुख तथा प्राविधिकले सम्झौताको	उक्त निर्माण व्यवसायीलाई यथाशीघ्र कारबाही गरी सोको विवरण उपलब्ध गराउने ।

		दुई वर्ष अवधिमा डिपिसि मात्र बनाउने निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका अनुसार कार्य नगरेको यकिन गरी तोकिएबमोजिम कारबाही गर्नुपर्दछ।	
६०	३६	**दरबन्दी बेगर तलब -** स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी कर्मचारी राख्न पाउने व्यवस्था नभएकोमाशहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा कर्मचारी पदपूर्ति गरी तलब भत्ता खर्च लेखेको देखियो । भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेश राजधानी आयोजनाको लागि करारमा नियुक्त गरेको कर्मचारीहरूलाई उक्त आयोजना सुचारु नभएकोले यस कार्यालयबाट तलब भत्ता खर्च लेख्ने गरी एक कर्मचारीलाई शहरी विकास तथा भवन डिभिजन नुवाकोट तथा अर्को एक कर्मचारीलाई शहरी विकास तथा भवन डिभिजन कार्यालय, काठमाडौंमा कामकाज तोकेको देखिन्छ । यस कार्यालयले निजहरूलाई तलब भत्ता वापत रु.१० लाख ५ हजार खर्च लेखेको छ । आवश्यक नै नभएका कर्मचारी नियुक्त गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	–एक आयोजनाको नाममा कर्मचारी नियुक्त गरी अन्यत्र कामकाजमा पठाउने परिपाटी अन्त्य गर्न निर्देशन दिने । –जुन कार्यका लागि कर्मचारी आवश्यक हो सोही प्रयोजनका लागि कर्मचारी नियुक्त गरी भुक्तानी गर्न निर्देशन दिने ।
६१.	३७	**सब कन्ट्र्याक-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई जटिल प्राविधिक क्षमता भएको कार्यदिन नहुने, उपभोक्ता समितिले पाएको कार्य सब कन्ट्र्याकबाट गराउन नपाईने तथा उपभोक्ता समिति आफैंले गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले भवन निर्माण वापत गौरीटार आईसोलेसन भवन निर्माण उपभोक्ता समितिलाई रु.७९ लाख ६१ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले आईसोलेसन भवन एक निर्माण व्यवसायीबाट गराई रु.८८ लाख २६ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट सोझै गराएकोले खरिद कार्यमा प्रतिस्पर्धा भएको देखिएन। निर्माण व्यवसायीनै आवश्यक पर्ने कार्य उपभोक्ता	कोभिडको समयमा आइसोलेशन वार्ड निर्माण छिटो गर्न उपभोक्ता समितिबाट काम गराइएको र निर्माण समाग्री मात्र निर्माण व्यवसायीले उपलब्ध गराएको भन्ने विवरण मन्त्रालयबाट जानकारी गराइएकोले उक्त कार्यको कागजात माग गरी निर्णय लिने ।

		समितिलाई दिन मिल्दैन । उक्त नियमावली बमोजिम आवश्यक कारबाही हुनुपर्दछ।	
६२.	३८	**पार्क निर्माण** -शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले चितवन जिल्लामा ५ वटा पार्क निर्माणमा रु.३ करोड २५ लाख ९४ हजार खर्च गरेको छ । पार्कहरूको सञ्चालन, व्यवस्थापन र सेवा शुल्क निर्धारण सम्बन्धी कुनै योजना देखिएन । योजनाहरूको लाभ लागत विश्लेषण गरी प्राथमिकताको आधारमा योजना कार्यान्वयन गर्नुपर्दछ।	लागत विश्लेषणका आधारमा लगानी गर्न सञ्चालन व्यवस्थापन कार्ययोजना र हालको अवस्थाबारे निगरानी गर्न, स्थायित्वका साथै स्थानीय तहमा हस्तान्तरण र स्वामित्व ग्रहण गरी सञ्चालन गर्न निर्देशन दिने ।
६३.	३९	**अधुरो निर्माण** -भरतपुर महानगरपालिका वडा नम्बर २३ मा जेष्ठ नागरीक भवन निर्माण कार्यको लागि शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले उपभोक्तासमितिसँग रु.२८ लाख ८० हजारमा सम्झौता गरेको छ । वडा अध्यक्षले २०७८।३।२३ को पत्रबाट निर्माण कार्यसम्पन्न भएको जानकारी गराएको आधारमा ईन्जिनियरको मूल्याङ्कन बमोजिम रु.१३ लाख ८ हजार भुक्तानी भएको छ । ईन्जिनियरको मूल्याङ्कन बमोजिम ४५.४२ प्रतिशत मात्र कार्य भएको छ। उक्त भवनको डिपिआर नबनेको र नक्सा पास पनि भएको छैन । आगामी वर्षउक्त भवनको बाँकी कार्य गर्न बजेट समेत विनियोजन नभएकोले भवन निर्माण कार्य अधुरो रहेको देखियो। सम्झौता बमोजिमको कार्य नभई अधुरो रहेको अवस्थामानै निर्माण सम्पन्न भनी सिफारिश गर्ने वडा अध्यक्षलाई भुक्तानी रकमको सम्बन्धमा जिम्मेवार बनाउनुपर्दछ।	–निर्माण कार्यमा संलग्न उपभोक्ता समिति र कार्य सम्पन्न भए नभएको सिफारिस गर्ने व्यक्तिलाई जिम्मेवार बनाउन निर्देशन दिने । –प्राविधिकबाट ४५.४२ प्रतिशत मात्र कार्य भएको विवरण पेश भएकोले सो कार्य सम्पन्न गर्न सम्बन्धित स्थानीय तहलाई समेत जिम्मेवार हुन निर्देशन दिने । –सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्ने ।
६४	४०	**भिमान बसपार्क** -शहरी विकास तथा भवन डिभिजन कार्यालय, सिन्धुली अन्तर्गत भिमानबसपार्क निर्माणका निर्माण व्यवसायीलाई पेस्की समेत रु.९४ लाख ९३ हजार भुक्तानी भएको छ। उक्त कार्यको लागि २०७७।११।१७ मा सम्झौता भई २०७८।११।१० मा कार्य सम्पन्न हुनुपर्नेमा हाल करिब ७० प्रतिशत भौतिक प्रगति भएको छ । उक्त	भिमान बसपार्कको सम्बन्धमा जमिनको स्वामित्व स्पष्ट भएपश्चात मात्र आयोजना सञ्चालन गर्ने व्यवस्था गर्न तथा वन कार्यालयबाट जग्गाप्राप्तिको सहमती प्राप्त गर्न निर्देशन दिने ।

		बसपार्कको क्षेत्रफल ३६ कट्ठा रहेकोमा एक प्रशासनिक भवन, एक प्रतिक्षालय, एक मन्दिर र एक सार्वजनिक शौचालय बन्दै गरेकोमा करिब साना ठूला गरी १०० सवारी साधनको पार्किङ्ग क्षमता रहेको देखिन्छ । बसपार्कसँगै रहेको क्षेत्रमा कम्पाउण्ड वाल निर्माण गरेकोमा सामुदायिक वन र कमलामाई नगरपालिकाको स्वीकृति रहे तापनि डिभिजन वन कार्यालयको स्वीकृति रहेको देखिएन । सरोकारवाला निकायको सहमति नलिई निर्माण कार्य गराउन मिल्ने देखिएन।	
६५.	४१	**गाँखु पार्क निर्माण-** शहरी विकास तथा भवन डिभिजन कार्यालय, काठमाडौंले मध्यपुर थिमी गाँखु पार्क निर्माण कार्यको लागिलागत अनुमान रु.९६ लाख ५९ हजारमा निर्माण व्यवसायीसँग रु.८२ लाख ४५ हजारमा ०७७।२।१८ मा सम्झौता भएको र सम्झौता अवधि२०७७।३।३० रहेकोमा १० महिना थप गरी २०७८।१।३० सम्म कायम रहेको छ । निर्माण व्यवसायीलाई २०७७।१०।१२ मा पहिलो रनिङ्ग विलको वापत रु.४० लाख १२ हजारभुक्तानी भएपछि कुनै कार्य गरेको छैन । कार्यालयले पेस्की जमानत समेत जफत गरीसकेको छ । सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।	स्थलगत अनुगमन र कार्यालयबाट प्राप्त विवरणका आधारमा निर्णय हुने ।
		जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरू	
६६.	४२	**शुन्य प्रगति-**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा स्वीकृत वार्षिक कार्यक्रमको लक्ष्य अनुसार कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । यो वर्ष जलश्रोत तथा सिचाई विकास डिभिजन,सिन्धुलीका रु.१ करोड ३९ लाख ६५ हजारका १३ योजना र दोलखाका रु.१ करोडका ४ वटा योजनाको प्रगतिशुन्यरहेको छ । स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यक्रम	कार्यान्वयन योग्य योजनामा बजेट विनियोजन नगरी योजना तर्जुमामा भएका कमजोरीका कारण सरकारको खर्च गर्ने क्षमतामा प्रश्नचिन्ह खडा हुने भएकाले योजना तर्जुमा, बजेट विनियोजन, जनशक्ति व्यवस्थापन र योजना सञ्चालनमा ध्यान दिन निर्देशन दिने ।

		कार्यान्वयन गर्नुपर्दछ।	
६७	४३	**कार्यक्रम संशोधन-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेटको सीमामा रही कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । जलश्रोत तथा सिँचाई विकास डिभिजन, काभ्रेपालन्चोकले ३ खर्च शीर्षकमा स्वीकृत कार्यक्रमभन्दा बढी हुनेगरी ९ वटा योजनामा रु.३ करोड २८ लाख ८४ हजार तथा जलश्रोत तथा सिँचाई विकास डिभिजन, काठमाडौंले १ योजनामा स्वीकृत कार्यक्रम भन्दा बढी हुने गरी रु.२५ लाख ४० हजार खर्च गरेको छ । कार्यक्रम संशोधन बेगर स्वीकृत बजेटभन्दा बढी खर्च गरेको नियमित देखिएन	स्वीकृत कार्यक्रम बेगर कार्यान्वयन र स्वीकृत सीमाभन्दा बढी रकम खर्च गर्न नहुने भएकाले यस्ता क्रियाकलाप नदोहोर्‍याउन र प्रतिस्पर्धात्मक विधि अपनाइसकेपछि सोही शीर्षकको बाँकी रकम खर्च नगर्न निर्देशन दिने ।
६८	४४	**बोनस रकम-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा तोकिएको समयभन्दा पहिले निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायिले पुरस्कार प्राप्त गर्न सक्ने व्यवस्था छ । जलश्रोत तथा सिँचाई विकास डिभिजन, नुवाकोटले गडखार खोला सिँचाई आयोजना निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.२ करोड ५७ लाख ५१ हजारमा कार्यसम्पन्न गर्ने गरी २०७६।०३।३० मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले भेरिएसन स्वीकृतका लागि निवेदन पेस गरेकोमा निर्माण कार्यसम्पन्न हुने चरणमा रहेको भनी कार्यालयबाट २०७८।०३।२७ मा कार्यालय प्रमुखबाट भेरिएसन स्वीकृत भएकोमा २०७८।०२।२८ मा नै कार्यसम्पन्न भएको उल्लेख गरी २०७८।०४।२६ सम्म ६१ दिनको रु.७ लाख ८५ हजार बोनस भुक्तानी छ। भेरिएसन स्वीकृत गर्ने क्रममा २०७८।०३।२७ मा निर्माण कार्यसम्पन्न हुने चरणमा रहेको उल्लेख गरेकोमा सो भन्दा अगाडि नै कार्य सम्पन्न भएको जनाई बोनस भुक्तानी दिन मिल्ने नदेखिएकोले सो रकम असुल हुनुपर्दछ।	धरौटी रकमबाट बेरुजु कट्टा गराई सम्परीक्षण गरी प्रमाण पेश गर्ने ।

६९	४५	**अन्तिम चरणको कार्य** - जलश्रोत तथा सिँचाई विकास डिभिजन, रामेछापले ४५ हेक्टर कमाण्ड एरिया रहेको विर्ता सिँचाई योजना निर्माण गर्न रु.२ करोड १७ लाख २८ हजारको लागत अनुमान तयार गरेकोमा एकनिर्माण व्यवसायीसँग रु.१ करोड ६१ लाख ४३ हजारमा २०७९।६।२० सम्म सम्पन्न गर्ने गरी २०७७।१२।२५ मा सम्झौता भएकोछ। सो योजनाको लागि आवश्यक एच. डी. पी. ई. पाईपहरू खरिद गर्दा खरिद गरेको चलान बिलको आधारमा प्रथम रनिङ विल तयार गरी निर्माण व्यवसायीलाई रु.३८ लाख ३० हजार भुक्तानी भएको छ । पाईप खरिद पश्चात लेखापरीक्षणको समय २०७८।६।२० सम्म पनि निर्माण कार्य शुरु गरेको देखिएन । निर्माण कार्यको अन्तिम चरणमा आवश्यक पर्ने पाईपहरूको लागि बढी दर कबोल गरेकोले निर्माण व्यवसायीले पाईपहरू खरिद गरी भुक्तानी माग गरेको आधारमा उक्त रकम भुक्तानी दिएको छ ।निर्माण कार्यको अन्तिम चरणमा आवश्यक पर्ने सामानको भुक्तानी भएको सम्बन्धमा विश्लेषण गरी निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ	चरणवद्ध कार्यको भुक्तानी गर्नुपर्नेमा अन्तिम चरणमा आवश्यक पर्ने समान खरिद गरी सोको शुरु मै भुक्तानी दिइनु र अन्य चरणका कार्यहरु शुरु नै नभएकाले खरिद भै भुक्तानी भएको समानको योजनामा उपयोग भएको प्रमाण पेश गर्न निर्देशन दिने ।
७०	४६	**खरिद सम्झौताको अन्त्य**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा काम शुरु गरी बीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्ने तथा उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने एवं सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरीने व्यवस्था रहेको छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, रामेछापले रु.१ करोड २९ लाख २ हजारको सुनकोशी सित्खा	अदालतमा विचाराधीन रहेको प्रमाण पेश गर्न निर्देशन दिने।

		लिफ्ट सिंचाई योजना र रु.१ करोड ३५ लाख ४७ हजारको तामाकोशी सिंचाई योजनामा निर्माण व्यवसायीले सम्झौता अनुसार पुरा नगरेका कारण २०७७।६।२५ मा ठेक्का अन्त्य गरी कार्य सम्पादन जमानत रु.४२ लाख ९० हजार जफत गरी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई २०७७।७।२६ मा पत्राचार गरेको देखिन्छ । तर बाँकी काम पुरा गर्नका लागि कार्यालयले प्रकृया अगाडि बढाएको देखिएन । निर्माण व्यवसायीले कार्यालयको निर्णय प्रति असहमति जनाई सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएको र उक्त मुद्दा विचाराधीन रहेकोले थप प्रकृया अगाडि बढाउन नसकिएको कार्यालयको भनाई रहेको छ।	
७१.	४७	**अधुरो निर्माण**-जलश्रोत तथा सिँचाई विकास डिभिजन, सिन्धुलीले मरिण खोला नदीनियन्त्रण कार्यको लागि रु.१ करोड २० लाख ७४ हजारको लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग २०७७।०९।२४ मा सम्पन्न गर्ने गरी रु.७७ लाख ४७ हजारमा सम्झौता गरेको छ। सम्झौता अवधिसम्म रु.६४ लाख ८६ हजारभुक्तानी दिएको छ । २०७८ जेष्ठमा मात्र बजेट प्राप्त भएकोले उक्त कार्य अधुरो नै रहेको कार्यालयको भनाइ रहेको छ । २०७७ पौषमा कार्यसम्पन्न हुने योजनाको बजेट २०७८ जेष्ठमा प्राप्त भएकोले ढिलाई भएको उल्लेख छ । स्वीकृत कार्यक्रम अनुसार बजेट अख्तियारी प्रदान गरी कार्यक्रम कार्यान्वयन गराउनेतर्फ तालुक निकायले ध्यान दिनुपर्दछ।	उक्त कार्य सम्पन्न भइसकेको जानकारी आएकोले कार्यान्वयनमा आएका योजना सम्पन्नताका लागि स्रोतको सुनिश्चितता गरी कार्य सम्पादनमा सहजता ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिने ।
७२	४८	**भेरिएसन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएको स्पष्ट खुलाई भेरिएसन गर्न सकिने व्यवस्था छ । नारायणी लिफ्ट खगेरी सिँचाई व्यवस्थापन डिभिजन कार्यालय, चितवनले	काम भएको यथार्थ विवरण सहित पुष्ट्याइँ गरी माथिल्लो निकायबाट भेरिएसन समर्थन गराई सम्परीक्षण गराउन निर्देशन दिने ।

		खगेरी सिचाई प्रणालीको नहर निर्माण कार्यको लागि रु.२ करोड २२ लाख ६१ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण सेवासँग रु.१ करोड ५३ लाख ४५ हजारमा २०७८।०३।१५ मा सम्पन्न गर्ने गरी २०७७।१०।२२ मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले कार्यसम्पन्न गरी रु.१ करोड ५१ लाख १३ हजार भुक्तानी भएको छ । लागत अनुमानमा ४३ हजार २२० के.जी. फलामे डण्डीको परिमाण समावेश भएकोमा ३४ हजार ५३८ के.जी. मात्र खपत भएको छ । फलामे डण्डीमा बचत भएको रकमबाट कन्क्रिटीङ्ग भर्टिकल वालको कार्य गराई भेरिएसन आदेश बेगर रु.५ लाख ८९ हजार भुक्तानी दिएको छ । स्वीकृत भेरिएसन आदेश वेगर भुक्तानी गरेको कानुनसम्मत देखिएन।	
७३.	४९	**जनश्रमदान**-सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा उपभोक्ता समितिको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, काभ्रेपलान्चोकले दुई उपभोक्ता समितिबाट रु.८३ लाख ६० हजारको कार्य गराएकोमा सम्झौता अनुसार जनसहभागिता वापतको रु.२० लाख ४० हजार तथा जलश्रोत तथा सिँचाई विकास डिभिजन, काठमाडौंले जनसहभागिता वापतको रु.६ लाख २८ हजार समेत रु.६४ लाख २ हजार मूल्याङ्कन तथा नापी किताबमा समावेश नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । उपभोक्ता समितिको अंश समेत देखिने गरी नापी तथा कार्यसम्पन्न तयार हुनुपर्दछ।	उपभोक्ता समितिको अंश कट्टा गरी भुक्तानी दिएको जानकारी आएकोले त्यसको सम्परीक्षण गराई प्रमाण पेश गर्ने ।
७४	५०	**सीमाभन्दा बढीको कार्य** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा खरिद कार्यमा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रयाउने वा प्याकेजिङ गर्न नहुने तथा नियम ९७ मा मूल्य अभिवृद्धि कर,ओभर हेड, कन्टिन्जेन्सि र जनसहभागिताको रकम रु.१ करोडसम्म लागत अनुमान भएको काम	- उपभोक्ता समितिबाट हुने कार्यमा लागत अनुमान सीमा वा बजेट विनियोजन रकमको सीमालाई आधार मान्ने भन्ने अस्पष्टता भएकोले नीतिगत स्पष्टता कायम गराउन निर्देशन दिने ।

		उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । जलश्रोत तथा सिँचाई विकास डिभजन, रसुवाले दुई प्याकेजमा रु.१ करोड १० लाख ४ हजारको कार्य एउटै उपभोक्ता समितिबाट गराई यस वर्ष रु.९६ लाख १० हजार भुक्तानी दिएको छ । खरिद नियमावलीको व्यवस्था विपरीत हुने गरी लागत अनुमान टुक्रा पारी उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढीको कार्य गराएको नियमसम्मत देखिएन।	- खरिद नियमावलीको व्यवस्था विपरीत हुने गरी लागत अनुमान टुक्रा पारी उपभोक्ता समितिबाट रु १ करोड भन्दा वढी कार्य नगराउन निर्देशन दिने।
७५	५१	**जग्गा प्राप्ति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख भए अनुसार उपभोक्ता समितिबाट काम गराउनुपर्ने व्यवस्था छ । भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, चितवनले लक्ष्मिनिया कल्याणपुर बरुवा डिप ट्युवेल सिँचाई योजनाको लागि सौर्य उर्जा जडित समर्सियल पम्प खरिद तथा जडान कार्यको लागि दुई प्याकेजमा उपभोक्ता समितिसँग रु.४९ लाख ३ हजारको सम्झौता गरेको छ । सम्झौतामाकुल लागतको १० प्रतिशतले हुने रकम उपभोक्ता समितिले व्यहोर्ने व्यवस्था भएपनि उपभोक्ता समितिले निर्माणको लागि जग्गा उपलब्ध गराएको उल्लेख गरी सम्झौता बमोजिम पुरै रकम रु.४८ लाख ९४ हजार कार्यालयले व्यहोरेको देखिन्छ । जग्गादाता किसानले लिखित कागज गरी जग्गा दिएको भनिएतापनि उक्त जग्गा उपभोक्ता समितिको नाममा प्राप्त भएको छैन । सरकारको लगानीमा निर्मित संरचना दिगो कायम राख्न दाताबाट प्राप्त जग्गा उपभोक्ता समितिको नाममा कायम गर्नुपर्दछ । उक्त कार्य श्रममुलक नभई बजारबाट खरिद गरीने कार्य भएकोले प्रतिस्पर्धाको माध्यमबाट खरिद नगरी उपभोक्ता समितिबाट गरेकोले खरिद नियमावलीको पालना भएको देखिएन।	–उक्त आयोजनाको जग्गा उपभोक्ता समितिको स्वामित्वमा ल्याई प्रमाण पेश गर्न निर्देशन दिने । –पम्प सामान खरिद कार्य प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्नेमा समितिबाट गराइएकोमा उपभोक्ता समितिले गर्ने कार्यहरु र कार्यालयले गर्ने कार्यहरु स्पष्ट हुनेगरी नीतिगत व्यवस्था गर्न निर्देशन दिने ।
७६.	५२	**सोझै खरिद-**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा २ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्यलाई टुक्राउन नहुने उल्लेख छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, दोलखा र सिन्धुपाल्चोकले क्रमशः	–एकीकृत खरिद योजना बनाई खरिद गर्न सम्भव भएसम्म उक्त विधि अपनाउन निर्देशन दिने । – फरक फरक शीर्षक र योजनाका खरिद

		रु.४१ लाख ३३ हजार र रु.५९ लाख ८८ हजारको तारजाली, जलश्रोत तथा सिँचाई विकास डिभिजन, सिन्धुलीले रु.९ लाख ९९ हजारको मेसिनरी औजार, भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, काभ्रेपलान्चोकले रु.५१ लाख १ हजारको १२ वटा, भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, चितवनले रु.४५ लाख ८९ हजारका ८ वटा डिप ट्युवेल निर्माण तथा मर्मत र २ वटा ट्रान्सफर्मर खरिद गरी १२ कार्य, नारायणी लिफ्ट खगेरी सिचाई व्यवस्थापन डिभिजन कार्यालयले रु.४६ लाख ६९ हजारका १५ निर्माण कार्य सोझै खरिद गरेको छ। खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ।	भएकाले टुक्र्याइएको भन्ने मन्त्रालयको जवाफ सम्बन्धमा प्रमाण पेश भए पश्चात बेरुजु फछ्र्यौट गर्न महालेखापरीक्षकलाई निर्देशन दिने ।
		यातायात व्यवस्था कार्यालय	
७७	५३	**सेवा नदिई शुल्क-** सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २७ मा सरकारी सेवा उपलब्ध गराए वापत नेपाल सरकार वा अन्य सरकारी निकायलाई सेवाग्राहीले बुझाउनुपर्ने सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय, साना ठुला सवारीले पेस गरेको राजस्वको आर्थिक विवरण अनुसार रु.३ अर्ब ७९ करोड ९ लाख ७८ हजार आम्दानी देखिएकोमा कार्यालयले प्रयोग गर्ने भेहिकल्स रजिष्ट्रेशन सिस्टम (भिआरएस) अनुसार रु.३ अर्ब ७६ करोड ९८ लाख ९८ हजार मात्र राजस्व आम्दानी तथा दाखिला देखिएकोले भीआरएस प्रणालीले रु.२ करोड १० लाख ८० हजार घटीदेखाएको छ । उक्त रकममध्ये म्यानुअल रसिदबाट संकलन भएको रु.१ करोड २८ लाख ८ हजार, अन्य राजस्व रु.१ लाख ६७ हजार, बेरुजु दाखिला रु.१० हजार र सेवा लिन नआएको राजस्व रु.८० लाख ९४ हजार रहेको कार्यालयले जनाएको छ । तसर्थ राजस्व तिरेर	नागरीकले राजश्व तिरे पश्चात सो बापतको सेवा प्राप्तिको सुश्चितता गराउन निर्देशन दिने ।

		पनि नागरीकले के कति कारणले सेवा प्राप्त गर्न नसकेको सम्बन्धमा यकिन गर्नुपर्दछ।	

- **बेरुजु स्थिति-** लगती बेरुजु सम्परीण गरी अद्यावधिक विवरण पेश गर्ने ।

अनुसूचि-१ स्थलगत अनुगमनका तस्विरहरु

होक्से खानेपानी आयोजनाको स्थलगत अनुगमनका क्रममा लिइएका तस्विरहरु

ISUZU

दाप्चा काशिखण्ड बृहत खानेपानी आयोजनको sump well

कानपुर कालापानी गुणस्तर खानेपानी आयोजना

फिक्कल तालिम केन्द्र भवन

वडा कार्यालय घेरबेरा निर्माण योजना